
सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ चैत २०८१, सोमबार (31 Mar 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जफत गर्नुपर्ने खुमबहादुरको घरजग्गा जोगाउन अध्यादेशबाट ऐन नै संशोधन





कांग्रेस पूर्वउपसभापति खुमबहादुर खड्काले भ्रष्टाचारबाट जोडेको ललितपुरको सानेपास्थित डेढ रोपनी जग्गा र घर

नवराज मैनाली/नयाँ पत्रिका

सुशासन प्रवर्द्धनका नाममा सरकारले दुई महिनाअघि ल्याएको अध्यादेशमा नीतिगत भ्रष्टाचार देखिएको छ। भ्रष्टाचारमा दोषी ठहर भएका कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काको जफत गर्नुपर्ने घरजग्गा जोगाउन सरकारले अध्यादेशमार्फत ऐन नै संशोधन गराएको हो।

ललितपुरको सानेपास्थित खड्काको परिवारको नाममा रहेको घरजग्गा न्यूनतम पैसा लिएर दिने गरी ऐन संशोधन भएको छ। सर्वोच्च अदालतले डेढ रोपनी जग्गा र सँगैको अर्को जग्गाबाट २० लाख ९२ हजार रुपैयाँबराबरको भाग हिस्सा जफत गर्ने फैसला १२ वर्षअघि नै गरेको थियो। मूल्यांकनको समयको २० लाख ९२ हजार तिर्न लगाएर सो पैसाले खरिद गरेको जग्गा खड्का परिवारलाई नै दिन ऐन संशोधन भएको हो। अध्यादेशमार्फत कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १७ संशोधन गरिएको छ।

संशोधित दफामा भनिएको छ, 'उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत गरिएको जग्गाको क्षेत्रफल कम भएको कारण प्रचलित कानुनबमोजिम कित्ताकाट हुन सक्ने अवस्था नभएमा वा त्यस्तो जग्गा सार्वजनिक वा सरकारी

» पृष्ठ २ मा क्रमशः

खड्काको फैसला कार्यान्वयनमा विभागलाई निर्देशनालयको ताकेता

भ्रष्टाचारबाटै जोडेको अन्य ६ उच्चपदस्थको सम्पत्ति जफत गरी खुमबहादुर खड्काको रोकेपछि फैसला कार्यान्वयन निर्देशनालयले १५ दिनभित्र फैसला कार्यान्वयन गर्न कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई पत्राचार गरेको छ। गत ६ चैतमा निर्देशनालयले विभागलाई पत्राचार गर्दै फैसला कार्यान्वयनका लागि ताकेता गरेको हो।

ताकेतापत्रमा भनिएको छ, '...श्रीमती शिला खड्काको नाममा ललितपुर जिल्ला साबिक ललितपुर उपमहानगरपालिका वडा नम्बर २ (क), कित्ता नम्बर २४९ को क्षेत्रफल १-६-१-१ को लिखत मूल्य २० लाख ९२ हजार जग्गा जफत सम्बन्धमा श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयबाट पटक-पटक ध्यानाकर्षण गराउँदा पनि हालसम्म जफत गर्ने कार्य ढिलासुस्ती भएकोमा के-कुन कारणबाट उक्त कार्य ढिला हुन गएको हो ? सोको स्पष्ट कारण खुलाई यो पत्र प्राप्त भएको मितिले १५ दिनभित्र कार्यान्वयन गरी जानकारी यस निर्देशनालयलाई दिनुहुन अनुरोध छ।'

गृहमन्त्री रमेश लेखकले दुई साताअघि अन्य ६ उच्चपदस्थका घरजग्गा जफत गर्ने निर्णय गरेका थिए। तर, खुमबहादुरको फैसला कार्यान्वयन भने रोकेपछि उनीमाथि प्रश्न उठिरहेको छ। नयाँ पत्रिकामा यससम्बन्धी समाचार आएपछि विभागलाई ताकेता गरिएको निर्देशनालयका एक अधिकारीले बताए। गृह मन्त्रालयले १ चैतमा पाँच पूर्वकर्मचारीसहित ६ जनाको सम्पत्ति जफत गर्ने निर्णय गरेको थियो।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की कांग्रेसकै गृहमन्त्री भएकाले कांग्रेसका पूर्वमन्त्रीको सम्पत्ति जफत प्रभावित भएको हुन सक्ने बताउँछन्। 'त्यतिबेला २० लाखबराबरको सम्पत्ति जफत गर्ने फैसला भएकोमा त्यसको भ्यालु अहिले धेरै भइसकेको छ,' उनले भने, 'अझै पनि फैसला कार्यान्वयन हुन नसक्नु ठिक भएन।'

प्रतिस्थापन विधेयक आज पारित नभए पाँच अध्यादेश स्वतः निष्क्रिय

अधिवेशन सुरु भएको ६० दिनभित्र सदनबाट अध्यादेश प्रतिस्थापन विधेयक पारित गरिसक्नुपर्ने संवैधानिक व्यवस्था, १८ माघमा सदनमा पेस भई विचाराधीन रहेका पाँच अध्यादेश आज पारित नभए निष्क्रिय हुने

■ प्रधानमन्त्रीले दिएको जवाफ चित्त बुझे मात्रै सदन चल्न दिने विपक्षीको तयारी



सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई विनाकारण अपमानपूर्वक हटाएको भन्दै विपक्षी दलहरूले १३ चैतदेखि दुवै सदन अवरुद्ध गर्दै आएका छन्। यस विषयमा प्रधानमन्त्री केपी ओलीले सदनमा जवाफ दिनुपर्ने उनीहरूको माग छ। प्रधानमन्त्रीको जवाफ पनि चित्तबुझ्दो आए मात्र सदनको कामकारबाही अगाडि बढ्न दिने उनीहरूले बताएका छन्। सत्तापक्षले भने सरकारको नियमित काममा प्रश्न उठाएर विपक्षीले सदन नै अवरोध गरेको आरोप लगाउने गरेको छ।

■ प्रधानमन्त्री ओलीले आज प्रतिनिधिसभामा जवाफ दिने



प्रधानमन्त्री केपी ओलीले सोमबार प्रतिनिधिसभामा जवाफ दिने भएका छन्। एमाले प्रमुख सचेतक महेश बर्तौलाका अनुसार ओलीले राजावादीको हिंसात्मक आन्दोलन, विपक्षीले उठाएको कुलमान घिसिङ बर्खास्ती प्रकरण र अन्य समसामयिक विषयमा ११ बजे बस्ने बैठकमा सम्बोधन गर्नेछन्। विपक्षीले सदन अवरोध गरेको छैटौं दिनमा ओलीले जवाफ दिन लागेका हुन्।

■ प्रतिनिधिसभाले पारित गरेका पाँच अध्यादेश राष्ट्रिय सभामा विचाराधीन

१८ माघमा संघीय संसद्को दुवै सभामा पेस भएकामध्ये भूमि अध्यादेश निष्क्रिय भयो। पाँचवटा अध्यादेशको प्रतिस्थापन विधेयक प्रतिनिधिसभाबाट पारित भई सन्देशसहित राष्ट्रिय सभामा विचाराधीन छन्। राष्ट्रिय सभाले दफावार छलफल गरेर पारित गरी सन्देशसहित प्रतिनिधिसभामा पठाउन बाँकी छ। विधेयक पारित गर्न त्यहाँबाट आएको सन्देश सोमबारै प्रतिनिधिसभाले पुनः स्वीकृत गर्दै प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्ने हुन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

पाँचवटा अध्यादेश प्रतिस्थापन विधेयक सोमबारसम्म पारित गराउनैपर्ने संवैधानिक बाध्यतामा रहेको सरकार निरन्तर संसद् अवरुद्ध हुँदा दबाबमा परेको छ। ६० दिनभित्र अध्यादेश प्रतिस्थापन विधेयक पारित भई प्रमाणीकरण भइसक्नुपर्ने संवैधानिक व्यवस्था छ। सदनबाट पारित नभए सरकारमाथि राजनीतिक र नैतिक प्रश्न उठ्न सक्छ। सदन नचल्नुमा सत्तापक्ष र विपक्षले एक-अर्कालाई जिम्मेवार ठहऱ्याएका छन्।

प्रधानमन्त्रीको जवाफ मागेर विपक्षी दलहरूले गरेको अवरोधका कारण चौथो दिन पनि संसद्को कामकारबाही प्रभावित भएको छ। तनावपछि दुवै सभाको बैठक सोमबार ११ बजेसम्मका लागि स्थगित गरिएको छ। तर, आइतबार रातिसम्म सत्तापक्ष र प्रतिपक्ष दलहरूबिच सदन चलाउने विषयमा सहमति भएको छैन।

सरकारले सुशासन प्रवर्द्धनसम्बन्धी एक, अर्थसम्बन्धी तीन, भूमि र सहकारीसम्बन्धी एक-एक गरी ६ वटा अध्यादेश १८ माघमा संघीय संसद्को दुवै सभामा पेस गरेको थियो। सत्तापक्षकै असहमतिका कारण भूमि अध्यादेश निष्क्रिय गराएर नयाँ विधेयक ल्याउने निष्कर्षमा पुगेको सरकारले ल्याएका पाँचवटा अध्यादेशको प्रतिस्थापन विधेयक प्रतिनिधिसभामा पारित भई सन्देशसहित राष्ट्रिय सभामा विचाराधीन छन्।

सैद्धान्तिक छलफल सकेर सांसदहरूको संशोधन दर्ता प्रक्रिया सकाएको राष्ट्रिय सभाले दफावार छलफल गरेर पारित गरी सन्देशसहित प्रतिनिधिसभामा पठाउनुपर्नेछ। संविधानले ६० दिनभित्र अध्यादेश

» पृष्ठ २ मा क्रमशः

■ गणतन्त्र पक्षधर दलहरू एक ठाउँ
हत्या र विध्वंसको मुख्य योजनाकार पूर्वराजा ज्ञानेन्द्र नै रहेको ठहर



सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बसेको गणतन्त्र पक्षधर दलहरूको बैठक। बैठकमा प्रधानमन्त्री केपी ओलीले पछिल्लो अवस्थाको ब्रिफिङ गर्दै भने, 'पूर्वराजावादीका नाममा ज्ञानेन्द्र शाहकै योजनामा जे क्रियाकलाप भइरहेको छ, त्यसले सीमा नाघिरहेको छ, अहिले जे-जस्ता हर्कत उनले गरिरहेका छन्, संविधान र कानुनविपरीत छन्। त्यसैले यी सबै विषयमा तपाईंहरूको ठोस सुझाव आओस्।'

शुरोजंग पाण्डे/नयाँ पत्रिका

१५ चैतको राजावादी आन्दोलनमा हत्या, आगजनीजस्ता विध्वंसात्मक गतिविधि भएपछि गणतन्त्र पक्षधर दलहरू पहिलोपटक एकजुट भएका छन्। उक्त गतिविधि गराउने मुख्य योजनाकार पूर्वराजा ज्ञानेन्द्र शाह भएको निष्कर्ष निकाल्दै हत्या र आगजनीमा संलग्न दोषीलाई कानुनी कारबाही गर्नसमेत सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रधानमन्त्री केपी ओलीको अह्वानमा प्रधानमन्त्री कार्यालय, सिंहदरबारमा आइतबार साँझ गणतन्त्रवादीहरूको सर्वदलीय बैठक बसेको हो। बैठकमा प्रमुख प्रतिपक्षी दल माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल गएनन्। तर, उनीहरू उपस्थित नभए पनि पार्टीका प्रतिनिधि भने बैठकमा थिए। संसद्को चौथो ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई निम्तो नै थिएन।

» पृष्ठ २ मा क्रमशः

● **डा. बाबुराम भट्टराई**, पूर्वप्रधानमन्त्री



१५ गते उनकै (ज्ञानेन्द्र) योजना, उक्साहट र निर्देशनमा जुन ढंगको विद्रोहात्मक र आपराधिक घटना भयो, त्यसले सीमा नाघ्यो। त्यसमा अब क्षमा दिन सकिँदैन। यसमा सबै दलमा सहमति बनाएर उनीमाथि आवश्यक संवैधानिक र कानुनी कारबाही अगाडि बढाउनुपर्छ भन्ने धारणा राखेको छु। अरू धेरैको पनि उस्तै धारणा छ।

● **रमेश लेखक**, गृहमन्त्री



संविधान, लोकतान्त्रिक गणतन्त्र, समावेशिता उल्ट्याउने, समाप्त गर्ने षड्यन्त्रमूलक गतिविधिको मुख्य जिम्मेवार ज्ञानेन्द्र शाह हुन् भन्नेमा सबै दलको एकमत रह्यो। १५ चैतमा जुन अमानवीय बर्बरतापूर्ण घटना भयो, त्यसप्रति सबै दलले भर्त्सना गर्दै संलग्नलाई कडाभन्दा कडा कारबाही गर्नुपर्नेमा सबै एक ठाउँ रह्यौं।

मिर्चैयाका १३ निजी अस्पताल बन्द

मुख्यमन्त्रीको टोली अनुगमनमा आएपछि बिरामी छाडेर सञ्चालक, चिकित्सक र कर्मचारी फरार

■ माघको अन्तिम सातायता मधेशका १५७ निजी स्वास्थ्य संस्थाको अनुगमन, मापदण्ड पूरा नगरेका १०८ अस्पताल तथा पोलिक्लिनिक बन्द

लहानमा **मणिलाल विश्वकर्मा**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सिराहाको मिर्चैया क्षेत्रमा सञ्चालित १३ वटा स्वास्थ्य संस्था बन्द गर्न निर्देशन दिएका छन्। शनिबार साँझ निजी स्वास्थ्य संस्थाको अनुगमनपछि उनले यस्तो निर्देशन दिएका हुन्। मुख्यमन्त्री सिंहसहित प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको टोलीले अनुगमन थालेको सुइँको पाएपछि आठवटा स्वास्थ्य संस्था बन्द गरी सञ्चालक, चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी सम्पर्कविहीन बनेका छन्।

शनिबार साँझ करिब ५ बजेदेखि तीन घण्टासम्म १४ वटा स्वास्थ्य संस्था अनुगमनपछि सेवा सञ्चालन अनुमति नलिएका

» पृष्ठ २ मा क्रमशः



मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अनुगमनपछि मिर्चैया क्षेत्रका समिट माउन्ट हस्पिटल, एस जेके पोलिक्लिनिक, मंगलम् हेल्थ केयर सेन्टर (पोलिक्लिनिक), सिद्धकामना हस्पिटल, शान्ति हेल्थ केयर, बाल संसार हेल्थ केयर, राम ओरल एन्ड डेन्टल क्लिनिक, रेखा नर्सिङ होम, मिथिला चस्माघर आँखा उपचार केन्द्र, बालकल्याण हेल्थ केयर, विष्णु पोलिक्लिनिक, लक्ष्मी हेल्थ केयर र लाइफलाइन क्लिनिक बन्द गर्न निर्देशन दिएका छन्।

वरिष्ठ पत्रकार तथा राजनीतिज्ञ कमल कोइरालाको निधन


■ कोइराला परिवारमा एक मात्र कम्युनिस्ट नेताका रूपमा परिचित थिए पूर्वप्रधानमन्त्री मातृकाप्रसादका छोरा कमल

नयाँ पत्रिका

वरिष्ठ पत्रकार, अगुवा राजनीतिक व्यक्तित्व र कूटनीतिज्ञ कमल कोइरालाको ८७ वर्षको उमेरमा निधन भएको छ। गत मंगलबार लडेर पक्षघात भएपछि सिनामंगलस्थित केएमसी अस्पतालमा भर्ना गरिएका कोइरालाको आइतबार निधन भएको हो। उपचारकै क्रममा आइतबार राति ९ बजे निधन भएको उनकी छोरी ऋचा कोइरालाले जनाएकी छिन्।

उनी पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइरालाका छोरा हुन्। कोइराला

» पृष्ठ २ मा क्रमशः



मिश्र र राणाविरुद्ध राज्यविरुद्धको कसुर र आपराधिक उपद्रवमा अनुसन्धान हुँदै



१५ चैतमा तीनकुनेमा भएको तोडफोड, व्यक्ति हत्या, लुटपाट र आगजनी गरेको अभियोगमा पत्राउ परेका रवीन्द्र मिश्र र धवलशमशेर राणालाई पाँच दिन हिरासतमै राख्न अदालतको अनुमति, कसुर प्रमाणित भए कम्तीमा साढे सात वर्ष कैद र ७५ हजारसम्म जरिवाना हुन सक्ने

(विस्तृत पृष्ठ ३)

उज्यालो नेपाल अभियानको गति



अग्रलेख

● किरण कोइराला

कुलमानले समाज र राज्यको अहितमा काम गर्दैनन् भन्ने जनविश्वास छ, उनी सफल प्रशासक र कुशल व्यवस्थापक हुन्

(पृष्ठ ४)

०८०/८१ मा २३ अर्ब २६ करोडका ७,३३८ शंकास्पद वित्तीय कारोबार

१६ सय ३५ सूचनामा विश्लेषण, ८८९ वटामा कारबाही अघि बढाइयो

शंकास्पद कारोबार केका लागि धेरै ? कहाँबाट कति आए कारोबारका सूचना ?

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

'प्रधानमन्त्रीको दबाब र हेपाइले राजीनामा दिन बाध्य भएँ'

कुलपतिसमेत रहनुभएका प्रधानमन्त्रीले असहयोग गरेपछि उपकुलपति कतिपटक सिंहदरबार धाउने भन्ने विषयले तनाव गरायो। हेपिएको महसुस भयो। माथिल्लो तहबाटै नराम्रो भएपछि, वास्ता नगरेपछि काम गर्ने मनस्थिति पनि बिग्रियो। यस्तै राजनीतिक खेल रहेसम्म त्रिवि बनाउन सकिन्न भन्ने निष्कर्षमा पुगेपछि पदमा बस्न मन लागेन।



अन्तर्वार्ता

प्रा.डा. केशरजंग बराल, उपकुलपति, त्रिवि

प्रधानमन्त्री केपी ओलीले सर्वोच्च अदालतको फैसलाविपरीत करार र अस्थायी प्राध्यापक तथा कर्मचारीलाई स्थायी गर्न दबाब दिएपछि त्रिवि उपकुलपति प्रा.डा. केशरजंग बराल कार्यकालको १३ महिनामै राजीनामा दिन बाध्य भए। चार वर्षका लागि मेरिटअनुसार नै १० फागुन ०८० मा उपकुलपति नियुक्त बरालले शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा राजीनामा बुझाएका हुन्। राजीनामापत्रमा स्वास्थ्य ठिक नभएको कारण देखाएका उनले नयाँ पत्रिकासँग खुलेर भनेका छन्- प्रधानमन्त्री (केपी ओली)को दबाब र हेपाइका कारण राजीनामा दिन बाध्य भएँ। सरकारी पिएसओ र गाडीलगायत सुविधा पनि फिर्ता गरिसकेका उनलाई नयाँ पत्रिकाकर्मी **शिवहरि घिमिरे**ले केही प्रश्न गरेका छन्-

चारवर्षे कार्यकालको १३ महिनामै उपकुलपतिबाट अचानक किन राजीनामा दिनुभयो ?

त्रिविका पछिल्ला घटनाक्रमबारे तपाईंलाई पनि थाहै छ। पछिल्लोपटक (२७ मंसिर) भएको त्रिवि सभामा बबाल नै मच्चिएको थियो। कर्मचारीले मलाई एक घण्टा थुने। प्रहरीले मेरो रेस्क्यु (उद्धार) गरेको थियो। त्यही सभामा प्रधानमन्त्री (केपी ओली)ले सात दिनमा डिन नियुक्त गर्न अल्टिमेटम दिनुभएको थियो। त्यसको सात दिनपछि सिंहदरबारमा सभाको अर्को बैठक बस्यो। उक्त बैठकमा मैले अघिल्लो बैठकको माइन्युट प्रमाणित गर्न प्रधानमन्त्रीकहाँ लगेको थिएँ। तर, उहाँले प्रमाणित गर्नुभएन। खै के कारणले हो मैले धेरैपटक मेसेज पठाउँदा पनि रेस्पोन्स गर्नुभएन। कर्मचारीले थुनेको घटनाले असह्य बनाएको मलाई कुलपतिसमेत रहनुभएका प्रधानमन्त्रीले पनि साथ नदिँदा दिक्क बनायो। त्यसअघि त्रिविको नीति तथा कार्यक्रम वेलैमा पास नगरिदिएसमेत प्रधानमन्त्रीले हैरान पार्नुभयो। असारमै हुनुपर्नेमा मंसिरमा मात्रै पास भएको थियो। प्रधानमन्त्रीले असहयोग गरेपछि उपकुलपति कतिपटक सिंहदरबार धाउने भन्ने विषयले तनाव गरायो। हेपिएको महसुस भयो। माथिल्लो तहबाटै नराम्रो भएपछि, वास्ता नगरेपछि काम गर्ने मनस्थिति पनि बिग्रियो। यस्तै राजनीतिक खेल रहेसम्म त्रिवि बनाउन सकिन्न भन्ने निष्कर्षमा पुगेपछि पदमा बस्न मन लागेन।

त्रिविमा उपकुलपतिले अहिले सामना गर्नुपर्ने सबैभन्दा ठुलो समस्या र चुनौती के रहेछ ?

त्रिविमा सबै दलका भ्रातृ संगठनका मान्छेहरू रहेछन्। करारका प्राध्यापक र कर्मचारीलाई कुनै पनि हालतमा स्थायी नियुक्त गर्नुपर्ने दबाब ममाथि आइलाग्यो। सर्वोच्च अदालतले नै नियुक्ति नगर्नू भनेर फैसला गरिसकेको छ। अदालतको विरुद्धमा गएर २२ सय आंशिक शिक्षक र सयौं कर्मचारी कसरी व्यवस्थापन गर्ने ? अर्कोतर्फ त्रिविलाई आर्थिक भार पनि पर्ने भएकाले यो निर्णय लिन सम्भव थिएन। कुलपतिबाटै दबाब आयो, तर कानुनी शासन पालना गर्ने मेरो नैतिकताले अदालतको विरुद्धमा जान दिएन। बरु, कुर्सी त्याग्न तयार भएँ।

नियुक्त हुँदै गर्दा के सोच्नुभएको थियो, काम गर्दै जाँदा अवस्थाबारे के निष्कर्षमा पुग्नुभयो ?

त्रिविमा म जागिर खान आएको थिइनँ। त्रिवि सुधार गर्न सकिने उत्साह बोकेर भित्रिएको थिएँ। तर, राजनीतिक हस्तक्षेप यस्तै रहने हो भने त्रिवि सुधार्न सम्भव रहेनछ। यो अवस्थामा सुधार गर्न सकिन्न भन्ने निचोडमा पुगेपछि

» पृष्ठ २ मा क्रमशः

पाँच महिनापछि पार्टीको कार्यकारी जिम्मेवारीमा फर्किंदै रवि

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पाँच महिनापछि जिम्मेवारीमा फर्किन लागेका छन्। सहकारीको रकम अपचलन अभियोगमा २ कात्तिकमा लामिछाने गिरफ्तार भएपछि उपसभापति डिपी अर्यालले कार्यबाहक जिम्मेवारी सम्हाल्दै आएका छन्।

सहकारी प्रकरणमा न्यायिक लडाइँ लडिरहेका सभापति लामिछाने पाँच महिनापछि औपचारिक रूपमा पार्टीको कार्यकारी जिम्मेवारीमा फर्किन लागेका हुन्। रास्वपा कार्यबाहक प्रवक्ता मनीष झाका अनुसार मंगलबार अपराह्न तीन बजे बस्ने केन्द्रीय समितिको दोस्रो बैठकको सभापतित्व लामिछानेले गर्नेछन्।

पहिलो बैठकले कार्यवाहक सभापतिको जिम्मेवारीमा रहेका अर्याललाई धन्यवाद दिने र त्यसपछि दोस्रो बैठक लामिछानेको सभापतित्वमा बस्ने कार्यसूची छ। 'सभापति जिम्मेवारीमा फर्किने प्रस्तावना तयार भएको छ। कार्यवाहक सभापतिजीले केन्द्रीय समिति बैठकमा उहाँलाई जिम्मेवारीमा आउनका लागि अनुरोध गरौँ भनेर राख्नुहुन्छ। त्यसमा छलफल हुन्छ। बैठकले स्विकारेमा समयको माग र पछिल्लो परिस्थितिअनुसार जिम्मेवारीमा फर्किनुपर्ने निर्णय हुन्छ। उहाँको सभापतित्वमा दोस्रो चरणको बैठक हुन्छ,' कार्यबाहक प्रवक्ता झाले भने।

अहिलेको जटिल राजनीतिक परिस्थितिलाई ध्यान दिँदै र अदालती प्रक्रियाको सम्मान गर्दै लामिछानेले राजनीतिक अभ्यास गर्ने भएका छन्।

'राजनीतिक तरलता बढ्दै गएको छ, प्रतिकूल परिस्थिति बनेको छ। सबै मिलेर रास्वपालाई विभिन्न बहानामा कमजोर बनाउनतिर लागेका छन्। यी सबै कारणले उहाँ सक्रिय जिम्मेवारीमा फर्किनुपर्ने परिस्थिति बनेको छ,' उनले भने, 'अदालतको प्रक्रियाको सम्मान गर्दै अगाडि बढ्छौँ। कानुनी प्रक्रिया नकार्दैनौँ। कानुनको परिधि र अदालतको प्रक्रिया सबै



आज केन्द्रीय समितिले अनुमोदन गरेपछि सभापतिकै जिम्मेवारी लिने, कानुनको परिधि र अदालती प्रक्रिया सम्मान गर्दै राजनीतिक अभ्यास गर्ने

सम्मान गर्दै राजनीतिक अभ्यास गर्छौं।'

लामिछानेको सिफारिसमा ८ पुसमा केन्द्रीय सचिवालयले अर्याललाई विधानको धारा २५(४)(क)(९) बमोजिम औपचारिक रूपमा कार्यबाहक सभापति तोकेको थियो। आफ्नो अनुपस्थितिमा सम्पूर्ण पार्टीपंक्तिलाई देश निर्माण गर्ने महाअभियानमा सशक्त राख्न लामिछानेले अर्याललाई निर्देशन दिएका थिए। त्यसयता अर्यालले केन्द्रीय सचिवालय, विभागहरू, केन्द्रीय समितिलगायत बैठकहरूको नेतृत्व गर्दै आएका थिए।

यसबिचमा २५ पुसमा जिल्ला अदालत कास्कीबाट धरौटीमा रिहा भएका लामिछाने चारवटा जिल्लामा परेको मुद्दामा केन्द्रित थिए। सबै जिल्ला अदालतबाट धरौटीमा रिहा भएका लामिछानेले उच्च अदालतमा धरौटी बदरको माग गर्दै निवेदन दिएका छन्।

लामिछाने पार्टी सभापतिको सक्रिय जिम्मेवारीमा फर्किए पनि सांसद पद भने निलम्बनमै छ। सहकारी ठगी, संगठित अपराधका साथै सम्पत्ति शुद्धीकरणको मुद्दा लगाएर लामिछानेलाई सांसद पदबाट निलम्बन गरिएको छ। सरकारले सम्पत्ति शुद्धीकरणको मुद्दा दर्ता गरेर दफा २७ अनुसार निलम्बन गर्न संसद् सचिवालयलाई सिफारिस गरेको थियो। सचिवालयले ८ पुसमा दफा २७ (मुद्दा किनारा नभएसम्म कर्मचारी, पदाधिकारी, राष्ट्रसेवक स्वतः निलम्बन हुने) अनुसार निलम्बन गरेको थियो।

कानुनको गलत व्याख्या गरेर निलम्बन गरिएको भन्दै लामिछानेले फुकुवा गर्न १८ माघमा सभामुख देवराज घिमिरेलाई निवेदन दिए पनि निर्णय भएको छैन। सांसद पद निलम्बन भएपछि उपनेता विराजभक्त श्रेष्ठले संसदीय दलको कार्यबाहक नेताको जिम्मेवारी सम्हाल्दै आएका छन्।

कार्यवाहक प्रवक्ता झाले निलम्बन फुकुवा नभए कानुनी उपचार खोजिने बताए। 'सभामुखज्यूलाई निलम्बन फुकुवाको निवेदन बुझाएका छौँ। न्याय गर्नुहुन्छ, कुरा बुझ्नुहुन्छ भन्ने छ। केही सांसद हत्याकै अभियोग लाग्दा सामान्य रूपमा सदनमा गइरहेको स्थितिमा काखा पाखा हुँदैन, सबैलाई समान व्यवहार हुन्छ भनेर कुरिराखेका छौँ। त्यस्तो निर्णय नभए कानुनी सल्लाहको आधारमा अर्को कदम चाल्छौँ,' झाले भने।

राजावादीको ताण्डवविरुद्ध एकीकृत समाजवादीले देशभर भण्डाफोर गर्ने

काठमाडौं/ राजावादीहरूको आगजनी, तोडफोड र लुटपाटविरुद्ध एकीकृत समाजवादीले २५ चैतभित्रै देशव्यापी भण्डाफोर र प्रदर्शन गर्ने भएको छ। राजावादीले गत शुक्रबार पार्टी केन्द्रीय कार्यालय र काठमाडौं जिल्ला कमिटी कार्यालयमा गरेको तोडफोड र आगजनीको विरोधमा देशव्यापी भण्डाफोर गर्न लागेको हो।

पार्टी कार्यालय आलोकनगरमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले राजावादी हर्कतविरुद्ध भण्डाफोर अभियान चलाउने निर्णय स्थायी कमिटीले गरेको बताए। 'राजावादी अराजक जत्थाद्वारा गरिएको हत्या, हिंसा, निजी तथा सार्वजनिक सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाटलगायत उद्दण्ड, विध्वंशकारी र जनविरोधी क्रियाकलापको घोर निन्दा एवं भर्त्सना गर्दै यस्ता क्रियाकलापको देशव्यापी रूपमा भण्डाफोर गर्छौं,' ज्वालाले भने। सबै प्रदेश, जिल्ला, स्थानीय कमिटी र जनसंगठनहरूले सम्बन्धित तहमा देशव्यापी विरोध प्रदर्शन गर्ने उनले बताए।

राजावादीले काठमाडौं आलोकनगरस्थित केन्द्रीय कार्यालय र काठमाडौं जिल्ला कार्यालय तथा पार्टी अध्यक्ष माधवकुमार नेपालको निवासलगायतका स्थानमा ढुंगामुडा, तोडफोड र आगजनी गरेका थिए।

राजावादी प्रदर्शनको नाममा भएको हत्या, हिंसा, आगजनी, तोडफोड र लुटपाटमा संलग्न व्यक्तिलाई तत्काल कडाभन्दा कडा कारबाही गर्न माग गरेको छ। हत्या, हिंसा, आगजनी, तोडफोड र लुटपाट नियन्त्रण गर्न र शान्ति सुरक्षा कायम गर्न नसक्नु सरकारको कमजोरी भएको एकीकृत समाजवादीले ठहर गरेको छ। सरकारको यस्तो कमजोरी र गैरजिम्मेवार व्यवहारको विरोध गर्ने निर्णय पनि बैठकले गरेको छ। हत्या गरिएका एभिन्युज टेलिभिजनका फोटो पत्रकार सुरेश रजकलगायत मृतकप्रति श्रद्धाञ्जली, परिवारजनमा समवेदना तथा मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरेको छ।

समाजवादी मोर्चाको गत शुक्रबारको जनप्रदर्शन शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएको ठहर गरेको छ।

दोषीमाथि कारबाही गर्न एमालेले गरायो सरकारको ध्यानाकर्षण

काठमाडौं/ सरकारको नेतृत्व गरेको दल एमालेले राजावादीले गरेको अराजकता, लुटपाट र आगजनीको छानबिन गरी दोषीमाथि तत्काल कारबाही प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराएको छ। आइतबार बसेको केन्द्रीय सचिवालय बैठकले सबै राजनीतिक दल, नागरिक समाज र आमनेपाली जनतालाई लोकतन्त्रका पक्षमा र पश्चगमनका दुष्प्रयासविरुद्ध गोलबन्द हुन आह्वान पनि गरेको छ।

'शान्तिपूर्ण प्रदर्शनका नाममा सवारीसाधनको प्रयोग गरी सुरक्षा घेरा तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने, हतियार खोस्ने, सर्वसाधारण नागरिकका घर, व्यावसायिक भवन, सञ्चारगृह, राजनीतिक दलका कार्यालय र सरकारी भवनमाथि आगजनी गर्ने, लुटपाट गर्ने, जानी-जानी हिंसा र आतंक सिर्जना गर्ने तथा मुलुकको लोकतान्त्रिक प्रणालीलाई बिथोलेर अराजकतातिर धकेल्नेजस्ता अराजक र आपराधिक क्रियाकलापको छानबिन गरी दोषीउपर तत्काल कारबाहीको प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गर्दछ,' महासचिव शंकर पोखरेलले विज्ञप्तिमा भनेका छन्।

बैठकले लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधानको रक्षाका लागि दृढतापूर्वक उभिने संकल्प पनि गरेको छ। एमालेले प्रतिगमनको प्रयासविरुद्ध देशैभर अलग्गै जनसचेतना कार्यक्रम गरिरहेको छ। सोही क्रममा सोमबार राष्ट्रिय युवा संघले काठमाडौंमा बृहत् मोटरसाइकल र्‍याली गर्ने भएको छ।

त्यस्तै, एमालेले आगामी ९ वैशाखमा पार्टी स्थापना दिवसलाई युथ समिटका रूपमा मनाउने निर्णय गरेको छ। समिटमा ४० वर्षमुनिका ६ हजार युवाको सहभागिता रहने जनाइएको छ।

जफत...

पृष्ठ १ बाट क्रमशः

प्रयोजनका लागि उपयोगमा ल्याउन सकिने अवस्था नभएमा वा समग्र कित्ता जग्गा जफत नभई जग्गाको केही भाग जफत हुने ठहरेकोमा त्यस्तो भाग छुट्याउँदा जग्गाधनीको अन्य भौतिक संरचनामा क्षति वा नोक्सान हुने भएमा वा निकासमा अवरोध हुने भएमा र त्यस्तो जग्गाको धनीले दफा (१८) बमोजिम कायम गरिएको मूल्य दिई त्यस्तो जग्गा लिन चाहेमा त्यस्तो मूल्य लिई जग्गा निजलाई छाडिदिन सक्नेछ।' खड्का परिवारकै स्वार्थमा गृहमन्त्री रमेश लेखकले ऐन संशोधन गराएको मन्त्रालय स्रोत बताउँछ। 'फैसला कार्यान्वयनमा यस्तो समस्या अरूको छैन,' मन्त्रालयका एक अधिकारी भन्छन्, 'खुमबहादुर खड्काकै फैसला कार्यान्वयनका लागि यो ऐन संशोधन भएको बुझेका छौँ।'

यो प्रावधान नीतिगत चलखेल भएको फैसला कार्यान्वयन निर्देशनालयका अधिकारी बताउँछन्। अदालतले खड्काको सम्पत्तिमध्ये मूल्यांकनको समयमा ९४ लाख ७४ हजार रुपैयाँबराबरको सम्पत्तिको स्रोत नखुलेको ठहर गरेको थियो। जसमध्ये २० लाख ९२ हजारबराबरको जग्गा जफत गर्नुपर्नेमा चलखेल हुँदै आएको छ। दबाब र चलखेलकै कारण १२ वर्षसम्म पनि फैसला कार्यान्वयन हुन सकेको छैन।

खड्काको परिवारले एक वर्षअघि नै पैसा दिएर जग्गा फिर्ता लिन फैसला कार्यान्वयन निर्देशनालयमा निवेदन दिएका थिए। तर, निर्देशनालय त्यसमा सहमत भएन। पछि विवाद अदालत पुग्यो। यहीबिचमा गत २९ पुसमा ल्याएको अध्यादेशमा पैसा लिएर जग्गा दिने प्रावधान राखियो। सोही अध्यादेशमा टेकेर सर्वोच्च अदालतले गत १५ माघमा खड्काको परिवारकै मागअनुसार पैसा लिएर जग्गा राख्न मिल्ने फैसला गरेको छ। न्यायाधीश सपना प्रधान मल्लको इजलासले अध्यादेशका आधारमा यस्तो फैसला गरेको हो।

गृह मन्त्रालयअन्तर्गतको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुरेश पन्थी हालै आएको अध्यादेश र सर्वोच्च अदालतको फैसलाका आधारमा खुमबहादुर खड्काको मुद्दाको फैसला कार्यान्वयन गर्ने तयारी भइरहेको बताउँछन्। 'अध्यादेश र सर्वोच्चको फैसलाले पैसा लिएर जग्गा दिन मिल्ने भनेको छ,' उनले भने, 'फैसला कार्यान्वयनका लागि समिति बनाएर काम गरिरहेका छौँ।' विभागका उपसचिव विश्वामित्र कुइँकेलको नेतृत्वमा सो फैसला कार्यान्वयनका लागि समिति बनेको छ।

३० साउन ०६९ मा सर्वोच्च अदालतले खड्कालाई दोषी ठहर गरेको थियो। तत्कालीन न्यायाधीशद्वय कल्याण श्रेष्ठ र बैजनाथ उपाध्यायको इजलासले गरेको फैसलामा कित्ता नम्बर १८६ बाट २० लाख ५६ हजार ९८७ रुपैयाँबराबरको जग्गाको भाग हिस्सा जफत गर्ने फैसला भएको थियो। फैसलामा सो सम्पत्तिबाट बढे-बढाएको सम्पत्तिसमेत जफत गर्नुपर्ने उल्लेख छ। फैसलाअनुसार सो जग्गाको बढेको मूल्यबराबर जफत गर्नुपर्ने फैसला कार्यान्वयन अधिकारीको बुझाइ छ।

मूल्यांकनको समयमा सो क्षेत्रमा २० लाख रुपैयाँमा धेरै जग्गा आउनेमा सानेपाजस्तो महँगो स्थामा अहिले आनाकै करिब एक करोड पर्ने अवस्था छ। तर, २० लाख लिएर जग्गा दिँदा फैसलाको मर्मविपरीत हुन सक्ने फैसला कार्यान्वयनका कर्मचारी बताउँछन्। तर, अध्यादेशमार्फत कानुन नै संशोधन गरेर पैसा लिएर जग्गा दिन दबाब परिरहेको छ।

गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारी अध्यादेशमार्फत कसुरजन्य सम्पत्तिसम्बन्धी ऐन संशोधन भएको, तर त्यसका प्रावधानबारे विस्तृतमा आफूलाई जानकारी नभएको बताउँछन्।

मिर्चैयाका...

पृष्ठ १ बाट क्रमशः

१३ अस्पताल तथा पोलिक्लिनिक बन्द गर्न निर्देशन दिइएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अनिलकुमार कर्णले बताए। अनुगमन टोली मिर्चैया बजार प्रवेश गरेपछि अवैध रूपमा सञ्चालित आठ अस्पताल तथा पोलिक्लिनिक बन्द गरी सञ्चालकसहित, चिकित्सक, स्वास्थ्यकर्मी फरार भएको उनको भनाइ छ।

अनुगमनपछि मिर्चैया क्षेत्रका समिट माउन्ट हस्पिटल, एस जेके पोलिक्लिनिक, मंगलम हेल्थ केयर सेन्टर (पोलिक्लिनक), सिद्धकामना हस्पिटल, शान्ति हेल्थ केयर, बाल संसार हेल्थ केयर, राम ओरल एन्ड डेन्टल क्लिनिक, रेखा नर्सिङ होम, मिथिला चस्माघर आँखा उपचार केन्द्र, बालकल्याण हेल्थ केयर, विष्णु पोलिक्लिनिक, लक्ष्मी हेल्थ केयर र लाइफलाइन क्लिनिक बन्द गर्न निर्देशन दिइएको छ। मिर्चैया नगरपालिकाबाट १५ शय्याको सेवा सञ्चालन अनुमति लिएको मनकामना मिड इस्टर्न अस्पतालमा मापदण्ड पूरा नगरी २५ शय्याभन्दा बढीको सेवा सञ्चालन भइरहेकाले १५ दिनभित्र अनुगमन गराई मापदण्डअनुसार सेवा सञ्चालन गर्न निर्देशन दिइएको छ।

प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अस्पताल अनुगमन समितिका सदस्यसचिवसमेत रहेका जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरले १५ शय्याको अस्पतालले आवश्यक आधारभूत स्वास्थ्य सेवा नदिई एनेस्थेसियाका चिकित्सक नराखी मेजर शल्यक्रिया गर्ने गरेको र भेन्टिलेटरसमेत नभएको पाइएको बताए। अस्पताललाई प्रदेशको मन्त्रालयको टोलीबाट १५ दिनभित्र अनुगमन गराई अनुमतिअनुसारको सेवा सञ्चालन गर्न निर्देशन दिइएको जनस्वास्थ्य अधिकृत ठाकुरले बताए। अनुगमन टोली पुगेका वेला सिद्धकामना हस्पिटलका सञ्चालक, चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरू अस्पतालमा उपचार गराइरहेका आठ बिरामी र कुरुवालाई भित्र राखेर बाहिरबाट सटर डाउन गरी फरार भएका थिए। त्यहाँ भेटिएका र स्वास्थ्यकर्मी भनेर दाबी गरेका दुईजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जनस्वास्थ्य अधिकृत ठाकुरका अनुसार मुख्यमन्त्री सिंहले गत माघको अन्तिम सातादेखि थालेको अनुगमनअन्तर्गत अहिलेसम्म १५७ निजी स्वास्थ्य संस्थाको अनुगमन गरेकामध्ये मापदण्ड पूरा नगरेका १०८ अस्पताल बन्द गराइएका छन्।

वरिष्ठ पत्रकार...

पृष्ठ १ बाट क्रमशः

परिवारका एक मात्र कम्युनिस्ट नेताका रूपमा परिचित कमल पार्टी कामसँगै पत्रकारितामा पनि समानान्तर रूपमै सक्रिय थिए। उनले ०४७ पछि एमालेनिकटको दृष्टि साप्ताहिकको प्रधानसम्पादकको जिम्मेवारी सम्हालेका थिए।

त्यस्तै, ०६१ पछि रोडम्याप साप्ताहिकको प्रधानसम्पादक भएका उनी पछिल्लो समय साँधु साप्ताहिक र जनआस्थासहितका अखबारमा स्तम्भकारका रूपमा सक्रिय लेखनमा थिए। बुधबार साप्ताहिकमा पनि उनी लामो समय स्तम्भकार रहे। उनी ०५१ सालको मध्यावधि निर्वाचनमा मोरङ ६ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए। कोइराला करिब तीन वर्ष दक्षिण कोरियाका लागि नेपाली राजदूत पनि भएका थिए। उनी एमालेका पूर्वकेन्द्रीय सदस्य तथा पूर्वसल्लाहकारसमेत हुन्। पार्टी विभाजनपछि भने उनी नेकपा एसमा आबद्ध थिए।

'प्रधानमन्त्रीको...

पृष्ठ १ बाट क्रमशः

नै मैले पद त्याग्ने निर्णय गरेको हुँ। अर्का कोही आएर काम गर्न सक्छ भने ठाउँ खाली गरिदिनुपर्छ। तर, यही अवस्थामा कोही आउँदा पनि त्रिवि सुधार्न सम्भव छैन। मैले सुधार गर्ने ठाउँ देखिनँ। विद्यार्थी, कर्मचारी र प्राध्यापकको दबदबा बढी रहेछ। स्ववियु चुनावसमेत विद्यार्थीको होइन, पार्टीको हुने रहेछ। त्रिविमा राजनीतिक आततायी रहेछ।

विद्यार्थी र त्रिवि पदाधिकारीहरूको असहयोग पनि राजीनामाको कारण हो ?

विद्यार्थीबाट केही न केही अवरोध त भए, तर काम गर्ने समस्या पर्ने गरी भएन। विद्यार्थीको असहयोग र अवरोधका कारण राजीनामा दिएको होइन। त्यस्तै, रेक्टर र रजिस्ट्रारले पनि सहयोग गरेकै हो। तर, उहाँहरू राजनीतिक रूपमा गाइडेट भएजस्तो लाग्यो। कार्यकारीले पास गरेका विषय पनि उहाँहरूले कार्यान्वयन गर्नुभएन। खासमा त्रिवि दलीय भागबन्डाबाट मुक्त हुन सकेन।

तपाईंले १३ महिनामा त्रिविमा सुधार गरेका केही उदाहरण दिन सक्नुहुन्छ ?

मैले त्रिविलाई दलीय भागबन्डामुक्त गराउन खोजेको हो। मेरै कारण त्रिविका नियुक्तिमा अहिले मेरिटोक्रेसी लागू भएको छ। यसअघि पदाधिकारी दल र कसैको गोजीबाट नियुक्त हुन्थे। मैले सुधार्ने कोसिस गरेँ। तैपनि डिन नियुक्तिमा पूर्ण रूपमा लागू हुन सकेन, अरूमा लागू भयो। म उपकुलपति बनेपछि शैक्षिक क्यालेन्डर पनि बन्यो। परीक्षा तालिका र नतिजा ट्र्याकमा आयो। अन्तिम वर्षमा एक-दुई विषयमा फेल भए पनि मौका परीक्षाको व्यवस्था गरेर विद्यार्थीमाथि न्यायको सुरुवात थाल्यौं। यही एक वर्षमा त्रिविको जग्गासम्बन्धी प्रतिवेदन सार्वजनिक भयो, स्ववियु निर्वाचन अघि बढ्यो, क्षेत्रीय परीक्षा नियन्त्रक कार्यालयको अवस्था सुधार भयो। छोटो समयमा यस्ता केही उल्लेखनीय काम गर्‍यौं।

प्रतिस्थापन...

पृष्ठ १ बाट क्रमशः

प्रतिस्थापन विधेयक पारित भई प्रमाणीकरण भइसक्नुपर्ने समयसीमा तोकेको छ। यो सीमाअनुसार १८ चैत अर्थात् सोमबार पाँचवटै अध्यादेश प्रतिस्थापन विधेयकमा राष्ट्रिय सभाले दफावार छलफल गरेर पारित गरी प्रतिनिधिसभामा पठाउनुपर्छ। प्रतिनिधिसभाले सन्देश टेबल गरेर सोमबारै प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्छ। तर, आइतबारसम्म अवरोध जारी नै रहँदा सरकार दबाबमा परेको हो। विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङको कार्यकाल सकिनुअगावै बर्खास्ती गर्नुको जवाफ प्रधानमन्त्रीसँग माग्दै विपक्षी दलहरूले १३ चैतदेखि संसद् अवरुद्ध गर्दै आएका छन्।

विपक्षीको विरोधबिच बैठक चलाएर प्रक्रिया अगाडि बढाउन सत्तापक्षले राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाललाई दबाब पनि दिएको थियो। तर, दाहालले सहमति नभई बैठक चलाउन नसकिने भनेर नमान्दा विधेयकमा चाप परेको राष्ट्रिय सभामा कांग्रेसका प्रमुख सचेतक कृष्ण रोकायले बताए।

'सरकारले ल्याएको विधेयकलाई अगाडि बढाउने अध्यक्षको काम हो। तर, उहाँले सहमति नभएर अगाडि बढाउन सक्नुभएको छैन। यो संविधानविपरीतको अभ्यास भयो। उहाँले प्रक्रिया अगाडि बढाउने हो। पास/फेल गर्ने होइन। यसले राष्ट्रिय सभाको अहिलेसम्मको अभ्यासलाई असर गर्छ,' उनले भने।

रोकायले प्रधानमन्त्रीले राष्ट्रिय सभामा सम्बोधन गर्ने निश्चित नभएको बताए। 'प्रधानमन्त्रीले संसद्मा सम्बोधन गर्ने भनिएको छ। प्रतिनिधिसभा हो कि राष्ट्रिय सभा यकिन छैन। सम्बोधन कहाँ हुन्छ र प्रतिस्थापन विधेयकहरू अगाडि बढ्छन् कि बढ्दैनन् भन्ने भोलि थाहा हुन्छ,' उनले भने।

राष्ट्रिय सभामा एमाले मुख्य सचेतक भगवती न्यौपानेले प्रधानमन्त्री सम्बोधन गर्न तयार भए पनि विपक्षीले एकपछि अर्को अत्तो थापेको आरोप लगाइन्। 'हाम्रो कार्यव्यवस्थामा प्रधानमन्त्रीले सम्बोधन गर्ने दिन तोक्ने, आजै आउनु नपर्ने, यसका लागि अध्यक्षले रुलिङ गरेपछि सदन चलाउने सहमति भएको थियो। त्योअनुसार प्रधानमन्त्रीलाई जानकारी गरायौँ। उहाँले हुन्छ म तोकिएको दिन आउँछु भन्नुभयो। तर, पछि उहाँहरूले फेरि आजै आउनुपर्छ भन्नुभयो। यसरी अत्तो थाप्ने देखियो। एकपछि अर्को माग राख्दा प्रधानमन्त्री आउनुको औचित्य नै हुँदैन,' उनले भनिन्।

राष्ट्रिय सभा अध्यक्षकै अगाडि यो सहमति भएको, तर अध्यक्षले बैठक नचलाएकोमा आपत्ति जनाइन्। 'अध्यक्षज्यूको नियत राम्रो छैन। नियममा टेकेर अगाडि बढाउनुहुन्छ कि पार्टीको लहलहैमा लागेर प्रतिस्थापन विधेयक निष्क्रिय बनाउन खोजेको हो ?' उनले सोधिन्, 'बैठक कसरी अगाडि बढ्छ भन्ने अध्यक्ष र विपक्षीको नियतमा भर पर्छ।'

तर, सत्तापक्षको दाबीलाई राष्ट्रिय सभामा एकीकृत समाजवादी संसदीय दलका नेता बेदुराम भुसालले खण्डन गरे। प्रधानमन्त्रीलाई बोलाउन दिन तोक्ने सहमति कार्यव्यवस्थामा नभएको उनको भनाइ छ। 'अध्यादेश प्रतिस्थापन विधेयकमा सुरुवातदेखि नै उहाँहरूले जालझेल गर्नुभयो। जाली तरिकाले ल्याइयो। नियमावलीविपरीत तीनमहले नराखी ल्याइयो। हामीलाई छल्न खोजियो। अर्को नियमावली नियम ९३ विपरीत प्रतिस्थापन विधेयक नलेखी ल्याइयो,' उनले भने, 'अर्थमन्त्रीले सहमति गरेर जाऊ भन्नुभयो। तर, प्रतिस्थापन विधेयकबाट आपत्तिजनक व्यवस्थाहरू हटाउन असम्भव छ भन्नुहुन्छ। विपक्षीलाई झुक्याउने काम मात्र भइरहेको छ।'

आफूहरूले प्रधानमन्त्री नआएसम्म सदन चल्न नसक्ने निरन्तर उठाउँदै आएको पनि बताए। 'कार्यव्यवस्थामा कुनै खालको सहमति भएको छैन। प्रधानमन्त्री आएर जवाफ दिएपछि मात्रै अगाडि बढ्छ भनेका छौँ,' उनले भने, 'प्रतिपक्षीले उठाएको एउटा कुरा सुन्न चाहनुहुन्न, सुधार गर्न चाहनुहुन्न। हामीले पनि आफ्नो अडान छाड्दैनौँ,' उनले भने।

भुसालले कार्यव्यवस्थामा भौतिकमन्त्री देवेन्द्र दाहालले 'यहाँ प्रतिपक्षसँग छलफल गर्न आवश्यक छैन, उहाँहरूका कुरा सुन्न जरुरी नै छैन' भनेर माहोल भाँड्न खोजेको बताए। 'मन्त्रीले नै हाम्रो कुरा सुन्न, छलफल गर्न जरुरी छैन भनेपछि हुन्छ के ?' उनले सोधे, 'सत्तापक्षले विपक्षलाई विश्वासमा लिनुपर्नेमा जे ल्याएको मान्देऊ भनेर कसरी मान्ने ?' भुसालले प्रधानमन्त्रीले जवाफ नदिएसम्म सोमबार पनि सदन चल्न नसक्ने स्पष्ट पारे।

प्रतिनिधिसभामा सत्तापक्षको जबर्जस्ती

राष्ट्रिय सभा आइतबार बस्दै नबसी सूचना टाँसेर स्थगित भएका वेला प्रतिनिधिसभामा सत्तापक्षले जबर्जस्ती बैठक चलाउन प्रयास गरेको छ। एमाले प्रमुख सचेतक महेश बर्तौलाका अनुसार प्रधानमन्त्रीले सोमबार सम्बोधन गर्न आउँछु भन्दा पनि विपक्षी नमानेपछि १५ चैतको घटनाका विषयमा बोल्नका लागि बैठक चलाउने प्रयास गरिएको बताए।

'आज अरू कार्यसूचीमा केही नगरौँ। राजावादीको हिंसात्मक प्रदर्शनको गम्भीर विषयमा गणतन्त्रवादी दलहरू बोलौँ। बरु पहिला प्रतिपक्षले नै राखौँ। तपाईंहरूको विषय भोलि प्रधानमन्त्रीले सम्बोधन गर्नुहुन्छ भन्यौँ। तर, उहाँहरू सुन्न तयार हुनुभएन,' बर्तौलाले भने।

तर, माओवादी प्रमुख सचेतक हितराज पाण्डेले विपक्षीले उठाएको विषयप्रति सरकार जिम्मेवार नभएको बताए। 'हामीले त १३ गतेदेखि नै प्रधानमन्त्रीको जवाफ मागिरहेका छौँ। योबिचमा राजावादीका नाममा ठुलो घटना भयो। पत्रकारको मृत्यु भएको छ। सम्पत्ति तोडफोड भएको छ। विपक्षी सांसद सन्तोष परियारको गाडी जलाइएको छ,' उनले भने, 'एकीकृत समाजवादीको पार्टी कार्यालयमा आगजनी भएको छ। जनताको घर फुटाइयो, आगो लगाइयो। यी जम्मै विषयमा सरकार गैरजिम्मेवार छ।'

सरकार जवाफ दिन छोडेर गैरजिम्मेवार बनिरहेको उनको भनाइ थियो। 'हामीले त अस्ति नै जवाफ मागेका थियौँ। प्रधानमन्त्रीले जवाफ नदिँदासम्म सदन अगाडि बढ्न दिँदैनौँ भनेका थियौँ। तैपनि सुनिएन। जे-जे हुन्छ, त्यहीँ हुन्छ भनेर जबर्जस्ती घन्टी बज्यो,' उनले भने, 'यति गम्भीर विषय हुँदा प्रधानमन्त्रीज्यू किन संसद् आउनुभएन ?' पाण्डेले प्रधानमन्त्रीको जवाफमा संसद् अगाडि बढ्ने वा नबढ्ने भन्ने निर्धारण हुने बताए।

राजावादी र गणतन्त्रवादी भनाभन

करिब २० मिनेट बसेको प्रतिनिधिसभा बैठकमा गणतन्त्रवादी र राजावादी सांसदबिच भनाभन परेको थियो। बैठकको सुरुवातमा एमालेका महेश बर्तौला बोल्न खोजेका थिए। विपक्षीले अवरोधका बिच सदन चलाएको भन्दै होहल्ला गरेपछि बोल्ने वातावरण भएन। त्यसपछि सांसदहरू होहल्लामा उत्रिए। राजावादी पार्टीले हत्या-आतंक मच्चाएको भन्दै एमालेका दामोदर पौडेल वैरागी, ठाकुर गैरे चर्को स्वरमा बोले। संविधान र नियमावलीले नचिन्ने राजावादी शब्द संसद्मा प्रयोग गर्न नपाउने र प्रयोग गरिए कारबाही गर्नुपर्ने भनेपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले प्रतिवाद गर्दै जेल हाल्न चुनौती दिएका थिए। 'संसद्मा कसैले राजावादी हुँ भन्नेहरूलाई थुन्नुपर्छ भनेपछि छाती ठोकेर भनियो राजावादी यहाँ छ, सके जेल हाल,' उनले भने।

सभामुखलाई प्रधानमन्त्रीको फोन

संसद् बैठक चलाउन प्रधानमन्त्री केपी ओलीले सभामुख देवराज घिमिरेलाई टेलिफोन गरेका थिए। ओलीले 'बैठक चलाउँदै गर्नुस्, म भोलि आएर जवाफ दिइहाल्छु' भनेको बैठकमा सहभागी एक पदाधिकारीले भने। उनका अनुसार सभामुख घिमिरेले विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डसँग पनि टेलिफोन संवाद गरेर बैठक चलाउने वातावरण बनाउन अनुरोध गरेका थिए। त्यसपछि सभामुख घिमिरेले राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालसँग संवाद गरेका थिए।

हत्या र विध्वंसको...

पृष्ठ १ बाट क्रमशः

बैठकपछि गृहमन्त्री रमेश लेखकले षड्यन्त्रमूलक गतिविधिमा संलग्न दोषी सबैलाई कडा कारबाही गर्नुपर्नेमा सबै दल एकजुट भएको बताए। 'संविधान, लोकतान्त्रिक गणतन्त्र, समावेशिता उल्ट्याउने, समाप्त गर्ने षड्यन्त्रमूलक गतिविधिको मुख्य जिम्मेवार ज्ञानेन्द्र शाह हुन् भन्नेमा सबै दलको एकमत रह्यो। संघीय लोकतान्त्रिक गणतन्त्र उल्ट्याउन १५ चैतमा जुन अमानवीय बर्बरतापूर्ण घटना भयो, त्यसप्रति सबै दलले भर्त्सना गर्दै कडाभन्दा कडा कारबाही गर्नुपर्ने सुझाव राख्नुभएको छ,' उनले भने। गृहमन्त्री लेखकले संविधान र लोकतान्त्रिक गणतन्त्रविरोधी कुनै पनि गतिविधि र षड्यन्त्र सैह्य नहुने भन्दै त्यस्ता क्रियाकलाप गर्नेमाथि कडा कारबाही गर्ने चेतावनी दिए।

बैठकमा प्रधानमन्त्री ओलीले पूर्वराजावादीका नाममा भएको हिंसात्मक क्रियाकलाप र सरकारले चाल्न खोजेको कदमबारे ब्रिफिङ गर्दै सुझाव मागेका थिए। उनले पूर्वराजा ज्ञानेन्द्रकै योजनामा नियोजित रूपमै हिंसात्मक घटना गराइएको भन्दै कसरी अगाडि बढ्दा उपयुक्त हुन्छ भनेर सुझाव मागेका थिए। 'पूर्वराजावादीका नाममा ज्ञानेन्द्र शाहकै योजनामा जे क्रियाकलाप भइरहेको छ, त्यसले सीमा नाघिरहेको छ, अहिले जे-जस्ता हर्कत उनले गरिरहेका छन्, संविधान र कानुनविपरीत छ। त्यसैले यी सबै विषयमा तपाईंहरूको ठोस सुझाव आओस्,' प्रधानमन्त्रीले आग्रह गरेका थिए।

बैठकमा धेरैजसो नेताहरूले घटनामा संलग्न देखिए पूर्वराजा ज्ञानेन्द्रलाई पनि कानुनी कठघरामा ल्याउनुपर्ने सुझाव राखेका थिए। शनिबार कांग्रेस पदाधिकारी बैठकले पनि पूर्वराजाकै संलग्नतामा हिंसात्मक गतिविधि भएको ठहर गरेको थियो। त्यसलगत्तै सरकारले शाहको पासपोर्ट नियन्त्रणमा लिनेलगायत तयारी अगाडि बढाएको थियो।

बैठकपछि पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले ज्ञानेन्द्र शाहले राजाकै हैसियतमा गतिविधि गरिरहेको भन्दै कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने धारणा राखेका थिए। 'म पनि पूर्वप्रधानमन्त्री हुँ भन्दै ठप्दै हिँडें भने कानुनले कारबाही गर्छ। त्यस्तै, अहिले जुन ठगी धन्दा चलाइरहेका छन्, उनलाई (ज्ञानेन्द्र)लाई बयान लिएर आवश्यक कानुनी कारबाही गर्नुपर्छ भन्ने सुझाव दिएको छु।'

बैठकले संविधान र गणतन्त्रविरोधी गतिविधिलाई सबै दल मिलेर प्रतिवाद गर्ने र सरकारले पनि छुट दिन नहुने निष्कर्ष निकालेको छ। 'हामीले बडो उदार भएर केही गरेनौँ। १५ गते उनकै (ज्ञानेन्द्र) योजना, उक्साहट र निर्देशनमा जुन ढंगको विद्रोहात्मक र आपराधिक घटना भयो, त्यसले सीमा नाघ्यो। त्यसमा अब क्षमा दिन सकिँदैन। यसमा सबै दलमा सहमति बनाएर उनीमाथि आवश्यक संवैधानिक र कानुनी कारबाही अगाडि बढाउनुपर्छ भन्ने धारणा राखेको छु, अरू धेरैको पनि उस्तै धारणा छ,' भट्टराईले भने।

माओवादी उपमहासचिव शक्ति बस्नेतले विमतिका बाबजुद सबै दल संघीय लोकतान्त्रिक गणतन्त्र रक्षा गर्न एकजुट भएको बताए। 'हाम्रा मतान्तर कायम राखौँ। व्यवस्था उल्ट्याउने प्रयास असफल पारौँ भन्ने मोटामोटी समझदारी भएको छ,' उनले भने।

त्यस्तै, अमानवीय घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न र गणतन्त्र पक्षधर शक्ति एकतासहित अगाडि बढ्नुपर्ने कुरा पार्टीका तर्फबाट बैठकमा राखेको पनि उनले जानकारी दिए। 'हामीले अराजक र गलत हर्कतलाई सूक्ष्म ढंगले अध्ययन गरेर अमानवीय घटनामा संलग्नलाई कानुनी कारबाही होस् भन्ने सुझाव दिएका छौँ,' बस्नेतले भने, 'राजनीतिक दृष्टिले गणतन्त्रविरोधी घटनाको भन्डाफोर गर्ने तथा संविधान र गणतन्त्र पक्षधरसँग सहकार्य र एकतासहित अगाडि बढ्न चाहन्छौँ।' बस्नेतले सरकारकै व्यवहारले जनतामा असन्तुष्टि रहे पनि राजावादीको गतिविधिमा जनताको असन्तुष्टि प्रकट नभएको बताए। यद्यपि, सरकारले जनताको असन्तुष्टि सम्बोधन गरेर अगाडि बढ्नुको विकल्प नरहेको उनको भनाइ छ।

बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवा, नेता कृष्ण सिटौला, एमालेबाट अध्यक्ष प्रधानमन्त्री केपी ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, माओवादीबाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष पम्फा भुसाल र उपमहासचिव शक्तिबहादुर बस्नेत उपस्थित थिए। त्यस्तै, एकीकृत समाजवादीका उपमहासचिव रामकुमार भट्टराई, जनमत पार्टीका अध्यक्ष सिके राउत, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, लोकतान्त्रिक समाजवादीका अध्यक्ष महन्थ ठाकुर, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईलगायत सहभागी थिए।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रेपलाञ्चोक

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१२/१८

पनौती नगरपालिका कृषि विकास शाखाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत "**बेमौसमी तरकारी खेती प्रवर्धनका लागि ५० प्रतिशत अनुदानमा टनेल प्लाष्टिक वितरण कार्यक्रम**" अन्तर्गत तपशिल बमोजिमको सामग्रीको शिलबन्दी दरभाउपत्र मिति २०८२/०१/०२ गते कार्यालय समयभित्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं.	स्पेशिफिकेसन	एकाई	परिमाण	सामाग्रीको नाम	कैफियत
1.	100 micron, 12m*6m, crafted from top–quality virgin material, durable, waterproof, UV stabilized	पिस	१७५	UV टनेल पलाष्टिक	

साथै थप जानकारीको लागि वेवसाइटः www.panautimun.gov.np, तथा पनौती नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन अनुरोध छ।

राप्रपा नेता मिश्र र राणाविरुद्ध राज्यविरुद्धको कसुर र आपराधिक उपद्रवमा अनुसन्धान हुँदै

१५ चैतमा तीनकुनेमा भएको तोडफोड, व्यक्ति हत्या, लुटपाट र आगजनी गरेको अभियोगमा पक्राउ परेका मिश्र र राणालाई पाँच दिन हिरासतमै राख्न अदालतको अनुमति, कसुर प्रमाणित भए कम्तीमा साढे सात वर्ष कैद र ७५ हजारसम्म जरिवाना हुन सक्ने



● **दीपककुमार श्रेष्ठ**, सूचना अधिकारी, काठमाडौं जिल्ला अदालत

रवीन्द्र मिश्र र धवलशमशेर राणासहित ११ जनाविरुद्ध राज्यविरुद्ध र संगठित अपराध गरी दुई कसुरमा म्याद थप भएको छ। उनीहरूलाई पाँच दिन हिरासतमा राख्ने अनुमति दिइएको छ।

टेकराज थामी/नयाँ पत्रिका

राजावादीहरूको आन्दोलनका क्रममा भएको आगजनी, लुटपाट र अराजकतापछि शुक्रबार राति पक्राउ परेका राप्रपाका नेताद्वय रवीन्द्र मिश्र र धवलशमशेर राणासहित ११ जनाविरुद्ध प्रहरीले राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराधमा अनुसन्धान प्रक्रिया अघि बढाएको छ। कसुर प्रमाणित भए मिश्र र राणालाई कम्तीमा साढे सात वर्ष कैद र ७५ हजारसम्म जरिवाना हुन सक्नेछ।

अनुसन्धान अघि बढाएको काठमाडौं प्रहरीले जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरेको छ। मंगलबारसम्म उनीहरू हिरासतमै रहनेछन्। गत १५ चैतमा तीनकुनेमा भएको तोडफोड, व्यक्ति हत्या, लुटपाट र आगजनी गरेको अभियोगमा मिश्र र राणा पक्राउ परेका थिए। काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार ११ जनाविरुद्ध राज्यविरुद्धको अपराध, आपराधिक उपद्रव र संगठित अपराध कसुरमा म्याद थप भएको हो। 'मिश्र र राणासहित ११ जनाविरुद्ध राज्यविरुद्धको अपराध र संगठित गरी दुई कसुरमा म्याद थप भएको छ। उनीलाई पाँच दिन हिरासतमा राख्ने अनुमति दिइएको छ,' उनले भने।

मुलुकी अपराध संहिता ऐन, ०७४ भाग २ को फौजदारी कसुर परिच्छेद १ मा राज्यविरुद्धको कसुरलाई व्याख्या गरिएको छ। उक्त ऐनको दफा ४९ मको उपदफा ४ मा सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा प्रादेशिक अखण्डता, राष्ट्रिय वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल पारिए राज्यविरुद्धको अपराध ठहरिन्छ। उक्त ऐनमा भनिएको छ, 'कसैले नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने षड्यन्त्र गर्न वा विभिन्न जात वा सम्प्रदायबिचको सुसम्बन्ध खलल गर्नु वा गराउनु हुँदैन।' यदि कसैले ऐन उल्लंघन गरे कसुरदारलाई पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुने भनिएको छ।

मिश्र र राणासहित ११ जनाले ऐनमा व्यवस्था भएकामध्ये घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने खालका गतिविधि गरेको प्रहरीको दाबी छ। यदि उक्त कसुरमा प्रमाणित भए मिश्र र राणासहित ११ जनाविरुद्ध पाँच वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना हुनेछ। उनीहरूविरुद्ध संगठित अपराध पनि लगाइएको हुँदा उक्त दफामा व्यवस्था गरिएकोबाहेक आधा सजाय थप हुनेछ।

त्यसो हुँदा कसुर प्रमाणित भए उनीहरूविरुद्ध कम्तीमा साढे सात वर्ष कैद र ७५ हजार रुपैयाँ जरिवाना हुनेछ।

मिश्र र राणासहित ११ लाई आपराधिक उपद्रव अपराधको कसुरमा अनुसन्धान अघि बढेको छ। पक्राउ परेकाहरूविरुद्धको कसुर प्रमाणित भए कसुरदारविरुद्ध ५ वर्षदेखि जन्मकैदसम्म हुन सक्नेछ। मुलुकी फौजदारी संहिता ऐन, ०७४ दफा २८५ मा उपदफा ३ (क) मा सिक्का टकमारी गर्ने टक्सार, कारखाना, बैंक नोट छाप्ने वा थुपार्ने नेपाल राष्ट्र बैंकको गोदाममा आगो लगाए आपराधिक उपद्रव गरेको ठहर हुनेछ। त्यस्ता गर्नेविरुद्ध जन्मकैद र बिगोबमोजिमको जरिवाना हुनेछ। सोही उपदफाको (घ)मा कसैको घर, कार्यालय वा कुनै सम्पत्तिमा आगो लगाए पनि आपराधिक उपद्रव मानिनेछ। त्यस्तो कसुरदारविरुद्ध २ देखि ५ वर्ष कैद र २० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

प्रहरीका अनुसार पक्राउमध्ये ४१ जनाले सरकारी भवन तथा कारखानामा आगजनी गरेका छन्। निजी घरमा तोडफोडसहित आगो लगाएका छन्। उनीहरूविरुद्ध संगठित कसुरमा पनि मुद्दा लगाइएको हुँदा कसुर प्रमाणित भए दफामा व्यवस्था भएको सजायबाहेक आधा सजाय थप हुनेछ। त्यसो हुँदा उनीहरूविरुद्ध कम्तीमा ५ वर्षदेखि जन्मकैदसम्मको सजाय हुनेछ।

पक्राउ परेकामध्ये ३० विरुद्ध भने आपराधिक उपद्रव र संगठित अपराधको कसुरअन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढेको छ। उनीहरूविरुद्ध क्रमशः ४ र ५ दिनको म्याद थप भएको छ। कसुर प्रमाणित भए उनीहरूविरुद्ध पनि कम्तीमा ५ वर्षदेखि जन्मकैदसम्मको सजाय हुनेछ। राप्रपाले आफ्ना नेता पक्राउको विरुद्ध आइतबार साँझ देशव्यापी रूपमा मसाल जुलुस निकालेको छ।





राजावादीको शुक्रबारको हिंसात्मक आन्दोलनमा उत्तेजना फैलाएको आरोपमा पक्राउ परेका राप्रपा उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणालाई जिल्ला अदालत काठमाडौंमा पेस गरिँदै। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

■ राजसंस्था पुनर्स्थापना आन्दोलनको नेतृत्व गुरुङले गर्ने



राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिको नेतृत्व हेरफेर भएको छ। संयोजक नवराज सुवेदीले नेतृत्व हेरफेर भएको जनाउँदै आइतबारबाट कार्यवाहक संयोजकका रूपमा संस्कृतिविद् जगमान गुरुङले नेतृत्व गर्ने जानकारी गराएका छन्। आफू निवासमै नजरबन्दमा परेकाले राजसंस्था पुनर्स्थापनाका लागि सञ्चालित आन्दोलनको संयोजक फेर्नुपरेको उनले विज्ञप्तिमार्फत जनाएका छन्। उनले आन्दोलन जारी राख्न सबैलाई आह्वानसमेत गरेका छन्।

■ कोविरुद्ध कुन कसुर ?

● **राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराध**

रवीन्द्र मिश्र, धवलशमशेर राणा, पुष्कर खतिवडा, गोपाल मल्ल, मनिन्द्र राजभण्डारी, गोपीकृष्ण खड्का, सन्तोष चौधरी, रामकुमार धिमाल, पशुपति खड्का, हरिहर चौलागाईं, विष्णु पराजुली

● **आपराधिक उपद्रव र संगठित अपराधको कसुर**

देवबहादुर थापामगर, राज ठाकुर, प्रसिद्ध मल्ल, विकास ओली, सुदर्शन थापा, कुमार राई, भगवती रोक्का, नवीन ढकाल, आलोक पराजुली, इरफान खान, गणेशबहादुर गुरुङ, विवेक खनाल, उपेन्द्र साह, कृष्णकुमार बस्नेत, जीवन पुरी, गणेश प्याकुरेल, सरुना थापा, श्रवण लामा, स्टन लामा, सशिला कुमाल, निर्मला कार्की, एलिसा राई, भवीन्द्र बिसी, आशिष तामाङ, लीला राणा, चित्रमाया बस्नेत, सस्मिता बराल, निराजन गिरी, प्रेम बहादुर, मनीषकुमार शाही

■ सामाजिक सञ्जालमा सक्रिय दुर्गा प्रसाईं किन परेनन् पक्राउ ?



शुक्रबार तीनकुने क्षेत्रमा भएको राजावादीहरूको आन्दोलनका कमान्डर दुर्गा प्रसाईंलाई तीन दिनसम्म पनि प्रहरीले पक्राउ गर्न सकेको छैन। फरार रहेका प्रसाईं भने सामाजिक सञ्जालमा सक्रिय छन्। शुक्रबार आन्दोलनबाट निस्किएर ललितपुरको इमाडोल पुगेका प्रसाईं त्यहाँबाट भूमिगत भएका थिए। शुक्रबार साँझदेखि प्रहरीका विशेष टोलीहरू परिचालित भए पनि उनलाई पक्राउ गर्न सकेको छैन। सामाजिक सञ्जालमा सो घटनाको दोष सरकारलाई नै दिइरहेका छन्। आइतबार सामाजिक सञ्जाल फेबसुकमा भिडियो पोस्ट गर्दै उनले आफू काठमाडौंकै एक मन्दिरमा बसेको बताए। आफूलाई भेटेलगत्तै गोली हान्न प्रधानमन्त्री केपी ओलीले निर्देशन दिएकाले सुरक्षाका लागि लुक्नुपरेको उनको दाबी छ।

सामाजिक सञ्जालका आधारमा प्रहरीले उनलाई 'ट्र्याक' गर्न सकेको छैन। 'फेसबुक ट्र्याक गर्न मेटा कम्पनीले नै सघाउनुपर्ने हुन्छ,' एक प्रहरी अधिकारी भन्छन्, 'तर, हाम्रो देशमा उनीहरूको कार्यालय नभएकाले उनीहरूले हत्तपत्त विवरण दिँदैनन्, त्यही कारण उनलाई पक्राउ गर्न गाह्रो भइरहेको छ।' आन्दोलनका दिनमा पनि उनले आफैं गाडी चलाएर प्रहरीलाई समेत धकल्दै निषेधित क्षेत्र तोड्नुका साथै आन्दोलनकारीलाई उत्तेजित बनाएका थिए। उनले योजनाबद्ध रूपमा आन्दोलनलाई हिंसात्मक बनाएको प्रहरीको दाबी छ।

संक्षेप

इस्लाम धर्मावलम्बीले आज इद मनाउँदै

जनकपुरधाम/ इस्लाम धर्मावलम्बीले सोमबार इदुलफित्र (इद) मनाउँदै छन्। आइतबार साँझ चन्द्रमा देखिएकाले मुस्लिम सामुदायले इद मनाउन लागेका हुन्। साउदी अरब, कतारसहितका देशमा आइतबार नै इद मनाइए पनि नेपालसहित भारत, पाकिस्तान, बंगलादेशलगायत मुलुकमा सोमबार मनाइँदै छ। इदका अवसरमा सरकारले सोमबार सार्वजनिक बिदा दिएको छ। इदमा सबैई (खानेकुरा) खिर तथा अन्य मिठो परिकार खाने गरिन्छ। इदका लागि परिवारका सदस्यका लागि नयाँ लत्ताकपडा किन्ने गरिन्छ। इदको दिन बिहानै नुहाई पाकसाफ (सफा) भई नयाँ कपडामा नजिकका इदगहवा मस्जिदमा गएर नमाज पढ्ने गरिन्छ। इदको नमाज पढनुअघि रोजामा भएको कमीकमजोरी वा रोजालाई शुद्धीकरणका लागि प्रतिव्यक्ति दुई किलो ४५ ग्राम गहुँको दरले परिवारका सबै सदस्यका नाममा फित्राको पैसा अनिवार्य रूपमा मस्जिद मदरसामा दान गर्नुपर्ने हुन्छ।

निर्मलनिवासलाई महानगरले हुलाकबाट पठायो चिठी



काठमाडौं/ काठमाडौं महानगरपालिकाले निर्मलनिवासलाई हुलाकबाट जरिवानाको पत्र पठाएको छ। आइतबार बिहान जरिवानाको पत्र र बिल पुऱ्याउन गएको नगर प्रहरी र राजस्व विभागको टोलीलाई निर्मलनिवासको गेटबाट फर्काइएपछि महानगरले हुलाकमार्फत पत्र पठाएको हो। महानगरका मेयर बालेन्द्र शाह बालेनका स्वकीय सचिव भूपदेव शाहले हुलाकबाट पत्र पठाइएको बताए। उनका अनुसार जरिवाना शुल्कको पत्र असम्बन्धित भएको र स्वीकार नहुने भन्दै फर्काइएको थियो। 'प्रत्यक्ष रूपमा पत्र अस्वीकार भएपछि हुलाकबाट पठाएका छौं, कानुन मान्दिनँ भनेर हुँदैन,' उनले भने।

सुदूरपश्चिम विश्वविद्यालयमा तालाबन्दी, स्ववियु चुनाव अन्योलमा

कञ्चनपुर/ आगामी २७ चैतमा सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पससहितका १५ आंगिक क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको मिति तय गरिएको छ। तर, सुदूरपश्चिम विश्वविद्यालय स्ववियु निर्वाचन समितिको कार्यालयमा तालाबन्दी भएको छ। १८ चैतमा उम्मेदवारी दर्ताको पूर्वसन्ध्यामा दुई विद्यार्थी संगठनले तालाबन्दी गरेका छन्। एकीकृत समाजवादीनिकट अनेरास्ववियू र नेकपानिकट अखिल समाजवादीले संयुक्त रूपमा निर्वाचन संयोजकको कार्यालयमा तालाबन्दी गरेका हुन्। अनेरास्ववियू र अखिल समाजवादीले वास्तविक विद्यार्थीलाई मतदानबाट वञ्चित गराउन खोजिएको भन्दै तालाबन्दी गरेको जनाएका छन्।

अनेरास्वयूका संयोजक प्रज्वल कुँवर र अखिल समाजवादीका अध्यक्ष अनिल सीले संयुक्त विज्ञप्ति जारी गर्दै निर्वाचन भाँड्नैका लागि क्याम्पस प्रशासनले बदनियत रूपमा विद्यार्थीको नाम छुटाएको आरोप लगाएका छन्। छात्रवृत्ति पाएका विद्यार्थीको नामसमेत मतदाता नामावलीमा समावेश नहुँदा निर्वाचन स्वच्छ र निष्पक्ष हुन नसक्ने भन्दै वास्तविक विद्यार्थीलाई मतदान प्रक्रियामा समावेशको सुनिश्चितता नहुँदासम्म तालाबन्दी यथावत् रहने बताएका छन्। अनेरास्ववियू संयोजक कुँवरले वास्तविक विद्यार्थीलाई मतदान प्रक्रियाबाटै छुटाउने कार्यको विरोधस्वरूप तालाबन्दी गरिएको बताए। सुदूरपश्चिम विश्वविद्यालय निर्वाचन संयोजक कर्णदेव भट्टले विश्वविद्यालयका सबै संकायबाट प्राप्त नामावलीका आधारमा समितिले अन्तिम मतदाता नामावली प्रकाशन गरेको बताए। उनका अनुसार ३४ सय ६१ मतदाता नामावली टुंगो लागेको छ। सोमबार मनोनयन दर्ताका लागि आइतबार संगठन दर्ता गरेका विद्यार्थीलाई मनोनयन पत्र दर्ताकै प्रक्रियाकै दिन तालाबन्दी गरेपछि निर्वाचन प्रक्रिया रोकिएको छ। सुपवि स्थापनाको १४ वर्षमा हुन लागेको स्ववियु निर्वाचन तालाबन्दीले अन्योलतर्फ धकेलेको छ। स्ववियुका लागि तीन स्वतन्त्रसहित १० विद्यार्थी संघसंगठन चुनावी मैदानमा होमिएका थिए। अहिलेसम्म अखिल क्रान्तिकारीबाट हेमराज अवस्थी र अनेरास्वविबाट दीपकराज अवस्थी सभापतिमा लड्ने टुंगो लागेको छ।

■ भ्रष्टाचारविरुद्ध संयुक्त आन्दोलन



'बाँचौं, बचाऔं र अघि बढौं, आफ्नो न्यायका लागि आफैं जुटौं, सम्पूर्ण वित्तीय पीडितहरू एक हौं' भन्ने नारासहित सहकारी तथा वित्तीय समस्या समाधान संयुक्त राष्ट्रिय अभियान (महासंघ) नेपालले आइतबार सहकारी, लघुवित्त, बैंक, मिटरब्याजी, अराजकता र भ्रष्टाचारविरुद्ध गरेको प्रदर्शन। उनीहरूले माइतीघरदेखि बानेश्वरसम्म च्याली निकालेका थिए। **तस्बिर : नयाँ पत्रिका**

■ पोखरा स्वास्थ्य प्रतिष्ठानमा बिमाको रकम दुरुपयोग

बिरामीबाट लिइने १० प्रतिशत रकम 'रिफन्ड' गर्दै ६ कर्मचारीको गोजीमा ६० लाख

कास्की/ पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा बिमाको रकममा काउन्टरमा बसेका कर्मचारीले 'रिफन्ड' भन्दै ६० लाख रुपैयाँ अनियमितता गरेको भेटिएको छ। बिमाअन्तर्गत लिइने १० प्रतिशत रकम बिरामीबाट लिएर काउन्टरमा बस्ने कर्मचारीले रातिको समयमा सफ्टवेयरमा 'रिफन्ड' लेख्दै आफ्नै गोजीमा राखेको छानबिनपछि फेला परेको हो। जसमा ६ जना कर्मचारी संलग्न रहेको अनुसन्धानमा खुलेको छ।

बिरामीसँग लिएको रकम 'रिफन्ड' लेख्दै कर्मचारीले आफ्नो गोजीमा राखेको भन्ने गुनासो आएपछि अस्पताल प्रशासनले गत १० फागुनमा सिस्टममा हेर्दा बिमातर्फको काउन्टरबाट भएको 'रिफन्ड' डाटाको कारोबार अस्वाभाविक देखिएपछि छानबिनका लागि प्रतिष्ठानका शाखा अधिकृत सुशीलकुमार अर्यालको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। छानबिनपछि ६ जना कर्मचारी दोषी देखिएका हुन्। उनीहरूमध्ये एकजनाले मात्रै ५१ लाख अनियमितता गरेको भेटिएको छ। अनियमिततामा संलग्न कर्मचारीको नाम भने सार्वजनिक गरिएको छैन।

अस्पतालका निर्देशक प्राडा भरतबहादुर खत्रीले दोषी कर्मचारीलाई जिम्मेवारीबाट हटाएर कानुनी कारबाही अघि बढाउने निर्णय भएको जानकारी दिए। उनीहरू सामाजिक सेवा इकाइको साझेदार संस्था आइएनएफबाट खटिएका सहजकर्ता हुन्। बिमामार्फत सेवा लिनेले आफूले लिएको सेवाको १० प्रतिशत नगद बुझाउनुपर्ने नियम छ। काउन्टरमा बस्नेले दिउँसोको समयमा बिरामीसँग लिएको रकम बिमाको सफ्टवेयरमा रातिराति 'रिफन्ड' गरेको भेटिएपछि अनुसन्धान गरिएको हो। बिरामीले तिरेको पैसा सेवा प्राप्त गर्न नसकेमा वा नगरेमा फिर्ता दिने चलन छ। फिर्ता गरिएको रकम बिमातर्फका कर्मचारीले सिस्टममा फिर्ता देखाएर आफ्नै गोजीमा राखेर अनियमितता गरेको भेटिएको हो।

४४ वर्षपहिले नेपालबाट चोरी भएर अमेरिका पुगेका २१ कलात्मक वस्तु फिर्ता



■ **सौभाग्य प्रधानांग**
महानिर्देशक, पुरातत्त्व विभाग

मूर्तिकला हाम्रा संस्कार हुन्, विभिन्न समस्या र चुनौतीका बाबजुद फिर्ता ल्याउन सकेका छौं। विभिन्न कालखण्डमा नेपालबाट ऐतिहासिक मूर्तिहरू चोरी भएर अमेरिकालगायत देशमा पुगेका थिए।

शिवहरि धिमिरे/नयाँ पत्रिका

नेपालबाट विभिन्न समयमा चोरी भएर अमेरिका पुगेका २१ वटा पुरातात्त्विक महत्त्वका कलात्मक वस्तु फिर्ता भएका छन्। आइतबार पुरातत्त्व विभागमा आयोजित कार्यक्रममा कलात्मक वस्तुहरू सार्वजनिक गर्दै स्थानीयवासी र गुठीहरूलाई जानकारी गराइएको छ।

अमेरिकाबाट फर्काइएका कलात्मक वस्तुमध्ये तीनवटा पौवा चित्र छन्। जुन चित्र १५-१८औं शताब्दीका हुन्। यी वस्तु ललितपुरको इटुम्बहालबाट ०३७ मा हराएका थिए। अमेरिकाबाट फर्काइएको एउटा प्रस्तरबाट निर्मित स्थानक बुद्धको मूर्ति पनि छ। सो मूर्ति नवौं शताब्दीको हो। यो मूर्ति ललितपुरको बुङमतीको मच्छिन्द्रबहालपरिसरको चैत्यबाट हराएको थियो। पाटनको गुइत टोलको गुइत चैत्यको प्रस्तरको मुलिन्द बुद्धको मूर्ति पनि फिर्ता भएको छ। सो मूर्ति १२-१३औं शताब्दी तथा अन्य १६ थान कलात्मक वस्तुहरू (९-१९औं शताब्दी) पनि नेपालका विभिन्न ठाउँबाट हराएर अमेरिका पुगेका थिए।



■ यी हुन् फिर्ता भएका कलात्मक वस्तु

माटोको भैरवको मुकुन्डो, अपरिमिताको मूर्ति, कालीको मूर्ति, ताराको मूर्ति, पुरुष देवताको शिर, मुकुट लगाएको बुद्धको मूर्ति, अर्धनारीश्वरको मूर्ति, थप एक ताराको मूर्ति, बालगोपालको मूर्ति, कुवेरको मूर्ति, विष्णुको मूर्ति, पदमपाणि लोकेश्वरको मूर्ति, बुद्धको मूर्ति, लोकेश्वर ताराको चित्र भएको पौभा चित्र, देवीको पौभा चित्र, प्रस्थर स्थानक बुद्धको मूर्ति, प्रस्थर तारा लक्ष्मीको शिर, पदमपाणि लोकेश्वरको मूर्ति र मुछलिन्द बुद्धको मूर्ति।

अमेरिकाको विभिन्न संग्रहालय, अक्सन हाउस तथा व्यक्तिगत संग्रहमा रहेका उक्त वस्तुहरू न्युयोर्कस्थित विभिन्न संघसंस्थाको सहयोगमा नेपाली वाणिज्य दूतावासले सहजीकरण गर्दै नेपाल ल्याइएको हो। अमेरिकाले नेपाली वाणिज्य दूतावासलाई गत ११ फागुनमा उक्त कलात्मक वस्तु हस्तान्तरण गरेको थियो। पुरातत्त्व विभागले ती कलात्मक वस्तुको उत्पत्तिस्थल नेपाल भएको प्रमाणितसमेत गरेको थियो।

त्यसपछि नेपाल ल्याइएको विभागकी महानिर्देशक सौभाग्य प्रधानांगले जानकारी दिइन्। उनका अनुसार उपत्यकाका ऐतिहासिक कलावस्तु लामो अन्तरालपछि फर्किनु निकै खुसीको कुरा रहेको र यहाँको सभ्यता थप बलियो बनेको बताइन्। 'यी मूर्तिकला हाम्रा संस्कार हुन्, विभिन्न समस्या र चुनौतीका बाबजुद फिर्ता ल्याउन सकेका छौं,' उनले भनिन्, 'विभिन्न कालखण्डमा नेपालबाट ऐतिहासिक मूर्तिहरू चोरी भएर अमेरिकालगायत देशमा पुगेका थिए।'

नेपालबाट १९९० देखि कलात्मक मूर्तिहरू हराउन थालेको पाइन्छ। ९० को दशकपछि समुदायमा जागरण भएकाले मूर्ति चोरी रोकिएको विभागका प्रवक्ता रामबहादुर कुँवरले बताए। 'पछिल्लो समय सांस्कृतिक सम्पदाहरू फिर्ता आउने क्रम बढेको छ। सांस्कृतिक वस्तुको महत्त्व त्यहाँ हुन्छ, जहाँ त्यसको उत्पत्ति भएको छ,' उनले भने, 'यसअघि भारत, बेलायत, चीन, अस्ट्रेलिया, अस्ट्रियालगायत देशबाट पनि थुप्रै मूर्ति फिर्ता भएका छन्।' कुँवरका अनुसार हालसम्म चोरी भएर विभिन्न देश पुगेका १९८ वटा कलात्मक वस्तु फिर्ता भइसकेका छन्।

गत असारमा एक अमेरिकी महिलाले नेपालबाट हराएका २४ वटा मूर्ति फिर्ता गरेकी थिइन्। हवाई राज्यमा बसोबास गर्ने सुसन ब्राडफोर्डले वासिङटनस्थित नेपाली दूतावाससँग समन्वय गरेर ती कलाकृति फिर्ता गरेकी थिइन्। विभागले नेपालबाट हराएकामध्ये सबैभन्दा बढी मूर्ति तथा कलात्मक वस्तु अमेरिका नै पुगेको जनाएको छ।

उज्यालो नेपाल अभियानको गति

कुलमानले समाज र राज्यको अहितमा काम गर्दैनन् भन्ने जनविश्वास छ, उनी सफल प्रशासक र कुशल व्यवस्थापक हुन्



● किरण कोइराला

अग्रलेख

विद्युत् नियमन आयोगको आव ०८०/८१ को वार्षिक प्रतिवेदनअनुसार नेपालको ग्रिडमा ३,१५२.६४६ मेगावाट जडित क्षमताका आयोजना आबद्ध भई विद्युत् उत्पादन भइरहेका छन् । आन्तरिक बजारको माग भने १,६०० देखि १,७०० मेगावाटको हाराहारीमा छ । प्राधिकरणको आयोजनाबाट ६५८ मेगावाट विद्युत् उत्पादन हुन्छ भने प्राधिकरणका सहायक कम्पनी तामाकोशी र चिलिमेबाट थप ४७८ मेगावाट उत्पादन हुन्छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको उत्पादन क्षमता १,००० मेगावाटभन्दा माथि पुगेको छ । दैनिक १८ घण्टासम्म पुगेको लोडसेडिङ प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङ नियुक्त भएपछि घटेको थियो । ०५९ देखि सुरु भएको लोडसेडिङ ०७३ को तिहारदेखि काठमाडौंलगायत मुख्य सहरमा अन्त्य गरिएको थियो । आव ०८१/८२ को बजेटअनुसार नेपालमा ९८ प्रतिशत जनसंख्यामा विद्युत् सेवा पुगेको छ ।


सरकारले आव ०७२/७३ को बजेटमार्फत एक हजार दुई सय मेगावाटको बुढीगण्डकी आयोजनाको पूर्वाधार निर्माणका लागि भन्सार बिन्दुमै पेट्रोलियम पदार्थमा प्रतिलिटर पाँच रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरेको थियो । सरकारले आव ०७७/७८ को बजेटबाट पाँच रुपैयाँबाट डिजेल, पेट्रोलमा कर बढाएर १० रुपैयाँ पुर्‍याएको थियो । मन्त्रिपरिषद्को १४ असार, ०७९ को बैठकले बुढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानी र कम्पनी मोडेलमा निर्माण गर्ने निर्णय गरेको थियो । यसै आयोजनाका लागि सरकारले पेट्रोलियम पदार्थमा लगाउँदै आएको पूर्वाधार करबाट आठ वर्षमा एक खर्ब २५ अर्ब ३५ करोड संकलन भएको थियो ।

पेट्रोलियम खपतमा डिजेलको हिस्सा ५० प्रतिशत र पेट्रोलको हिस्सा २४ प्रतिशत छ । हवाई इन्धनको भने ६ प्रतिशत मात्रै भएकाले हवाई इन्धनमा भने पूर्वाधार कर लगाइएको छैन । १६ फेब्रुअरी सन् १९७४ मा भएको वाणिज्य सचिवस्तरीय सम्झौताअनुसार नेपालले भारतबाट ल्याउने पेट्रोलियम पदार्थमा भन्सार छुट पाउँदै आएको छ । अगाडिका दुई वर्षमा दुई खर्ब ८१ अर्बको पेट्रोलियम पदार्थ आयात गर्दा एक खर्ब १२ अर्ब ६३ करोड राजस्व संकलन भएको थियो । पेट्रोलियममा सरकारले अहिले भ्याटबाहेक भन्सार तथा प्रज्ञापन शुल्क, पूर्वाधार कर, सडक मर्मत शुल्क, प्रदूषण शुल्क, मूल्य स्थिरीकरण कोषलगायत शीर्षकमा कर उठाउने गरेको छ । प्रतिशतका आधारमा नभई 'फ्ल्याटमा करको दर तोकिएका कारण निगम सधैँ फाइदामा र उपभोक्ता सधैँ महँगीको मारमा परिरहेका छन् ।

आव ०७२/७३ मा आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको विद्युत् प्राधिकरण त्यसपछिका वर्षयता निरन्तर नाफामा छ । नाफामा रहनुको प्रमुख कारण विद्युत् पूर्वाधारमा गरिएको लगानीबाट उत्पादन क्षमता बढ्नु नै हो । गत आव ०८०/८१ मा प्राधिकरणले १४ अर्ब ४६ करोड रुपैयाँ नाफा आर्जन गरेको थियो । नेपाल र भारतबिचको सम्झौताअनुसार भारतबाट २४ करोड २० लाख युनिट विद्युत् आयात गरी एक अर्ब ६५ करोड रुपैयाँ भुक्तानी गरिएको छ । गत साउनदेखि पुससम्ममा एक अर्ब ७७ करोड १८ लाख युनिट विद्युत् भारततर्फ निर्यात गरी १३ अर्ब नौ करोड रुपैयाँ आम्दानी गरिएको छ । विद्युत्मा भारतसँग पनि नेपालले नाफाको व्यापार गरिरहेको छ । विद्युत् नियमन आयोग ऐन २०७४ तथा विद्युत् नियमन आयोग नियमावली २०७५ द्वारा निर्देशित प्रावधानबमोजिम २५ वैशाख, ०७६ मा स्थापित आयोगको आफ्नै स्रोतबाट सम्पूर्ण खर्च व्यहोरिएका सन्दर्भमा आयोग आर्थिक रूपले आत्मनिर्भर भएको छ र आव ०७७/७८ देखि आयोगका लागि नेपाल सरकारबाट बजेट विनियोजन गरिएको छैन ।

नेपालका जलविद्युत् आयोजनाहरू नेपालीले तिरेको कर, आन्तरिक वा वाह्य ऋण वा सहयोगमा राज्यबाट निर्माण गरिएका हुन् । उज्यालो नेपालका लागि उत्पादित विद्युत् क्षमताको उच्च व्यवस्थापन गरी नेपाललाई लोडसेडिङमुक्त गराउने कार्यमा प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङ र उनको टिमको योगदान उच्च छ । नेपाल र नेपालीबाट उनको उच्च कार्यको सम्मान पनि गरिएको छ । तैपनि, उनी नेपाल सरकारबाट नियुक्त भएकाले उनको कार्यसम्पादन सम्झौता सरकारसँग हुन्छ । यसै कार्यसम्पादनका लागि नेपाल सरकारको कानुनबमोजिम तलब, भत्ता, सेवा, सुविधा र सुरक्षासमेत प्रदान गरिन्छ । सरकार दलसँग होइन, राज्यसँग जोडिन्छ । कुलमानले गरेका कार्य कुनै राजनीतिक दलको नभई सरकारको नाममा हुने भएकाले नेपाल सरकारसित उनको कार्यसम्पादन मूल्यांकन गर्ने कानुनी अधिकार हुन्छ । लगानी राज्यको र व्यवस्थापन कर्मचारीको दायित्व हुने हुँदा कुलमान पनि सफल र सक्षम व्यवस्थापक हुन्, तर उनले पनि कार्यसम्पादनका क्रममा संविधान तथा यसअन्तर्गत बनेका कानुनी प्रावधानमा उल्लिखित कर्तव्य पालना गर्नुपर्छ । राज्यको कर्मचारी कहिल्यै संविधान र संवैधानिक प्रावधानअनुसार बनेको सरकारभन्दा माथि हुँदैन ।

विगतका राजनीतिक परिवर्तन र वर्तमान जनआक्रोशलाई विश्लेषण गर्दा कमजोर कानुनी व्यवस्था नै त्यसका लागि जिम्मेवार देखिन्छ । कानुनी प्रक्रियामा जनताको सहज पहुँच, क्षमता विकास र सान्दर्भिकता पूर्वसर्त हुनुपर्छ । कमजोर कानुनी व्यवस्थाबाटै झैझगडा, द्वन्द्व र हिंसाजस्ता अमानवीय कार्यले प्रश्रय पाउने हुँदा सरकार र जनताबाट कानुनी व्यवस्था कहिल्यै उल्लंघन नगरिने दरिलो नीतिगत प्रावधानको व्यवस्था गरिनुपर्छ ।



सडकमा जिन्दावाद र मुर्दावादको नारा लाग्नु, सामाजिक सञ्जालमा असभ्य र कुसंस्कारयुक्त अभिव्यक्ति पाइनु र राजनीतिक दलहरूमा पनि आलोचनात्मक टिप्पणीको संस्कार हुनु स्वाभाविक हो । मानिसले न्याय पाउन र विरोध जनाउन खुला सडकको उपयोग गरिरहेका छन् । यी र यस्तै क्रियाकलापबाट हाम्रो न्यायप्रणालीप्रतिको जनविश्वासका अवस्था विश्लेषण गर्न सकिन्छ । राष्ट्रिय गरिमा र राष्ट्रिय पहिचान राष्ट्रप्रमुखसँग जोडिने हुँदा नागरिकले यस्ता राष्ट्रसँग जोडिएका संवेदनशील विषयमा सामाजिक सञ्जालमा समेत सन्तुलित धारणा सम्प्रेषण गर्नुपर्छ ।

सकारात्मक वा नकारात्मक विरोध राजनीतिको धर्म बन्दा सत्तापक्षका सबै कार्यको सधैँ विरोध मात्र गर्ने समर्थन नगर्ने कार्यले समाजभित्र विरोध र द्वन्द्वको बीजारोपण हुँदै गयो । राज्यका सम्पूर्ण संरचना राजनीतिक प्रणालीसँग आबद्ध हुने हुँदा राजनीतिक संस्कारअनुसार नै प्रशासनिक वा सामाजिक संरचनाको विकास भएको पाइन्छ । विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको पक्ष र विपक्षमा बहस हुनु, जुलुस निकालिनु र प्रतिनिधिसभामा समेत प्रश्न उठाइनुजस्ता कार्यले जनमानसमा पुनः १८ घण्टा लोडसेडिङ हुने त होइन भन्ने आशंका जन्माएको छ ।

नेपाल विद्युत् प्राधिकरणलाई प्राविधिक, वित्तीय र संस्थागत रूपमा स्वतन्त्र र सक्षम, आन्तरिक रूपमा पारदर्शी र जवाफदेही सार्वजनिक संस्थान मानिन्छ । उपभोक्ता केन्द्रीकृत गरी तिनको दीर्घकालीन हितलाई मध्यनजर गर्दै महसुल निर्धारणजस्ता कार्यबाट संस्थालाई सक्षम एवं प्रभावकारी नियामक निकायका रूपमा विकास गरिएको छ । विद्युत् क्षेत्रलाई लगानीमैत्री बनाउनु र देशको आवश्यकताअनुरूप विद्युत् क्षेत्र सुधारका सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबीच छलफललाई प्रभावकारी बनाउन प्राधिकरणले नेतृत्वदायी भूमिका खेलेको पाइन्छ ।

> उज्यालो नेपालका लागि देशमा उत्पादित विद्युत् क्षमताको उच्च व्यवस्थापन गरी नेपाललाई लोडसेडिङमुक्त गराउने कार्यमा प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङ र उनको टिमको योगदान उच्च छ

विद्युत् प्राधिकरणको निर्देशक हुँदाजस्तो कुलमान घिसिङको पहिचान र प्रभाव सधैँ रहिरहन्छ भन्न सकिँदैन, तर जति दिन रहन्छ त्यो स्वयं उनी र हामी सबैका लागि पनि महत्त्वपूर्ण, प्रेरणादायी र अविस्मरणीय अनुभव बनेको छ । कुलमान राज्यका लागि सकारात्मक परिचय बनाएका सफल व्यक्ति भएकाले उनले समाज र राज्यको अहितका लागि काम गर्दैनन् भन्ने आमजनविश्वास छ । यसर्थ, उनी सफल प्रशासक र कुशल व्यवस्थापक पनि हुन् । राष्ट्रवादी पहिचान बनाइसकेका व्यक्ति संविधान र सरकारविरुद्ध जाँदैनन् । नेपाल सरकारले भविष्यमा उनको विज्ञता र विद्वत्ताको उपयोग गर्नुपर्छ । सडकमा देखिएको जनविरोध कुलमानप्रतिको विश्वासका कारण प्रकट भएको हो । सरकारले पनि जनतामा प्रदान गरिएका सार्वजनिक सेवाप्रवाहको अवस्थालाई गहन रूपमा अध्ययन गरी गुणस्तरीय सेवाप्रवाह गर्ने मार्ग पहिल्याउनुपर्ने देखिन्छ ।

जनताका असन्तुष्टिका कारण निम्न हुन सक्छन् :

- राजनीतिले राज्यको नीतिगत व्यवस्थालाई जनकेन्द्रित बनाउन नसक्दा कर्मचारीमैत्री बनेका नीतिले सामाजिक न्याय दिन सकेन ।
- देशलाई समृद्ध बनाएर सामाजिक न्याय खोजिनुपर्नेमा विभेदबाट समानता र समता खोजिँदा सामाजिक अन्यायलाई न्याय मान्नुपर्ने अवस्थाले असन्तुष्टि बढायो ।
- राज्यका पूर्वधारको निर्माण र विकास आर्थिक समृद्धिसँग भन्दा पनि राजनीतिक वा व्यक्तिगत लोकप्रियतासँग जोडिँदा विकास पनि व्यक्ति वा दलसँग जोडिन पुग्यो र जनविश्वास घट्दै गयो ।
- गरिखाने शिक्षा नहुँदा बेरोजगारी समस्याले आमनागरिकलाई आक्रोशित बनायो ।
- सन्तानको गुणस्तरीय शिक्षा र स्वास्थ्यका लागि महँगो शुल्क तिर्नुपर्दाको असन्तुष्टि पनि विरोधमा परिणत भए ।
- अवसर र कामको खोजीमा सन्तान र आफन्तसँग छुट्टिँदाको पीडा आक्रोशमा परिणत भयो ।
- संस्थागत हुँदै गएको भनी आरोप लाग्ने गरेको भ्रष्टाचार र भ्रष्टाचारीको कारण पनि आक्रोश बढ्यो ।

राज्यले लगानी गरेको हरेक सार्वजनिक क्षेत्रमा सेवा, सुविधा र अधिकार प्राप्त कर्मचारीले लगानीअनुसारको प्रतिफल दिनु उसको दायित्व नै हो । प्रशासन र व्यवस्थापनको सर्वमान्य सिद्धान्त पनि यही हो । सफल प्रशासक र व्यवस्थापकले लगानी, प्रक्रिया र उत्पादनको उत्कृष्ट संयोजनबाट लगानीअनुसारको प्रतिफल सुनिश्चित गर्छ । तर, यहाँ व्यक्ति र दलले लगानी गरेजस्तो गरेर व्यक्ति या दलको प्रशंसा हुँदा व्यक्ति ठुलो हुन्छ वा राज्य ? सार्वजनिक क्षेत्रको विकास व्यक्तिले गरेको हो कि राज्यले ? दिगो विकासको मान्यता कसरी पूरा होला ? यो देश नीति-नियम सिद्धान्तबाट चलेको छ कि व्यक्तिगत निर्णयले ? यति धेरै हाइड्रोपावर व्यक्तिले बनायो कि राज्यले ? हामीले पेट्रोल र डिजेलमा हाइड्रोपावरका लागि तिरेको कर राज्यलाई कि व्यक्तिलाई ? सार्वजनिक पदधारण गरेको मानिसले यस किसिमका प्रश्न वा आरोपलाई सकारात्मक चिन्तनका रूपमा लिएर सुशासन कार्यान्वयनमा प्रतिबद्ध हुनुपर्छ । कुनै व्यक्ति आउनु वा जानुभन्दा पनि उसले सुरु गरेका राम्रा कामले निरन्तरता पाउँछन् कि पाउँदैनन्, त्यो ठुलो हो । संविधानप्रदत्त शक्ति सन्तुलन र पृथकीकरणको सिद्धान्त सबैले मान्नुपर्छ । हाम्रा कमजोर कानुनलाई प्रणालीगत रूपमा प्रभावकारी बनाउन सके मात्र राज्यले जित्छ र अनि मात्र सबैको जित हुन्छ । सरकारले गरेको निर्णय सही वा गलत, सडकको जय र विजयबाट फैसला नहुने हुँदा प्रचलित कानुनी व्यवस्थालाई स्विकार्नुको विकल्प छैन ।

---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति **प्राडा. तीर्थ खनियाँलाई**



त्रिविका उपकुलपतिले अचानक राजीनामा दिएको विषयलाई कसरी लिनुभएको छ ?

उहाँको राजीनामाको विषय अप्रत्यासित छ । मलाई त लाग्छ, उहाँले राजीनामा दिनुभएकै छैन । किनकि, त्रिविका उपकुलपतिले राजीनामा दिएको विषयबारे औपचारिक रूपमा शिक्षामन्त्रीलाई समेत थाहा छैन । रेक्टर र रजिस्ट्रारलाई पत्तो छैन । कम्तीमा उहाँले राजीनामा दिने नै भए त्यस अवस्थामा आइपुग्नुको कारण बताएर दिएको भए उत्तम हुन्थ्यो । उहाँले राजीनामा दिनुको विषय उहाँको आंकाक्षा र उद्देश्यसँग पनि निहित हुन सक्छ । उहाँ के अपेक्षा राखेर भिसी भएर आउनुभयो ? परिणाम के भयो ? काम गर्ने वातावरण कस्तो थियो ? पछिल्लो समय केके घटना भए ? यस्ता प्रश्नको उत्तर समय क्रममा खोजिनुपर्छ । त्रिवि उहाँले सोचेको, बुझेको र जानेको भन्दा फरक भएर पनि राजीनामा दिनुभएको हुन सक्छ । वा कुनै दबाब पनि हुन सक्छ ।

त्रिविजस्तो प्राज्ञिक क्षेत्रमा यसको असर कस्तो पर्न सक्छ ?

त्रिविको इतिहास हेर्दा आजसम्मका भिसीमध्ये धेरैजसोले बीचमै राजीनामा दिएको रेकर्ड छ । चारवर्षे पुरा कार्यकाल बसेको भिसी कमै हुनुहुन्छ । त्यसले पनि के देखाउँछ भने त्रिविमा भिसी टिक्ने वातावरण छैन । पूरा कार्यकालभरि काम गर्न कठिन छ । प्राडा. बरालले पनि आश्चर्य पार्नेगरी राजनीनामा दिनुभएको छ । पाँच लाख विद्यार्थी र १५ हजार कर्मचारी तथा प्राध्यापक भएको विश्वविद्यालयमा भिसीले यसरी सुटुक्क राजीनामा दिनु राम्रो होइन ।

त्रिविमा भिसी टिक्न नसक्नुको कारण के हो ?

राजनीतिक गोलचक्करका कारण त्रिविले क्षति व्यहोर्नु राम्रो होइन । भिसीलाई पूरा कार्यकाल काम गर्ने वातावरण दिनुपर्छ । भिसीमा स्वयंमा पनि जे परे पनि व्यहोर्न सक्छु भन्ने दृढता चाहिन्छ ।

प्रेरक प्रसंग

मित्रताको आगो

सन्तोषलाई पैसाको निकै खाँचो थियो । उनले आफ्ना मालिकसित सहयोग मागे । मालिक पैसा दिन तयार पनि भए । तर, उनले एक सर्त राखे । सन्तोषले हिउँले ढाकिएको पहाडको माथिल्लो भागमा आगो नबालीकन र बाक्लो कपडा नलगाईकन एक रात बिताउनुपर्ने सर्त थियो । सन्तोषले त्यस्तो गर्न सकेको खण्डमा उनले मागेको रकम फिर्ता गर्नु नपर्ने गरी पुरस्कारका रूपमा पाउने थिए । त्यो सर्त पूरा गर्न नसकेमा उनले थप ६ महिना सित्तैमा मालिकको काम गर्नुपर्ने थियो । अर्को दिन सर्त पूरा गर्ने सहमतिसाथ साँझ सन्तोष पसलबाट घरतिर फर्किए । चिसो निकै बढिसकेको थियो । आफूले सर्त स्विकारेर गलत गरेको उनलाई महसुस हुन थाल्यो । बाटामा उनले आफ्ना प्रिय मित्र मनोजलाई भेटे । उनले आफ्नो समस्या मनोजलाई बताए ।

सन्तोषको समस्या बुझिसकेपछि मनोजले भने- तिमी चिन्ता नगर । म तिम्रो मद्दत गर्छु । भोलिको रात जब तिमी पहाडको माथिल्लो भागमा हुनेछौ, ठिक अगाडिको पहाडमा हेर्नू, म तिम्रा लागि त्यहाँ पूरै रात आगो बालेर जागराम बस्नेछु । तिमी आगो हेर्दै हाम्रो मित्रता, बाल्यकाल र अहिलेको संघर्षमय दिनबारे सोचिरहनू, त्यसले तिमीलाई अवश्यै न्यानो दिनेछ । जब तिमीले आफ्नो सर्त पूरा गर्नेछौ, त्यसपछि म तिमीसित केही माग्नेछु । भोलिपल्टको रात सन्तोष पहाडको माथिल्लो भागमा पुगे । उनको ठिक अगाडि रहेको अर्को पहाडको माथिल्लो भागमा आगो बालेर मनोज बसेका थिए । आफ्ना मित्रको हिम्मत र साथले सन्तोषले जसोतसो रात कटाए । मालिकले उनलाई इनामका रूपमा सर्तअनुसारको रकम दिए ।

इनाम हात पर्नासाथ सन्तोष मनोजको घर पुगे । उनले भने- मनोज, तिमीले मैले इनाम जितेपछि केही माग्छु भनेका थियौ । अब भन, तिमीलाई म कति पैसा दिऊँ ? मनोजले भने- हो, मैले तिमीसित केही माग्छु भनेको थिएँ, तर यो पैसा माग्छु भनेको थिइनँ । म तिमीबाट एक वचन चाहन्छु । मेरो जीवनमा पनि यसैगरी चिसो हिउँमिश्रित सिरेटो चल्यो भने तिमी पनि मेरा लागि मित्रताको आगो बाल्न तयार हुनेछौ । सन्तोषले तत्काल मनोजलाई अंकमाल गरे र जीवनभर अटुट मित्रता कायम राख्ने वाचा गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कुरा होइन, काम गरेर देखाऊ

लोकतन्त्र र गणतन्त्र ल्याउनका लागि नेपाली जनताको संघर्ष र बलिदानबाट ल्याएको हुँदा नेपाली जनतामा ठुलो आशा र आकांक्षा हुनु स्वाभाविक नै हो । राज्यसत्ताको सञ्चालन गर्ने राजनीतिक दलहरूले नै नेतृत्व गरी सञ्चालन गर्ने भएको हुँदा नेतृत्वमा रहेका दलहरूले जनतालाई प्राथमिकतासाथ न्यूनतम आवश्यकता निःशुल्क शिक्षा, स्वास्थ्य र रोजगारी उपलब्ध गराउनुपर्ने हो । तर, तिनै आवश्यकता महँगा हुँदै जानु र जनताले रोजगारी नपाउनु, युवा जनशक्तिले रोजगारी नपाएर ज्यालामजदुरीकै लागि विदेश जानु सत्ता सञ्चालकहरूको कमजोरी हो । युवा जनशक्तिले स्वदेशमा काम नपाएर आफ्ना आमाबुबालाई छोडेर जानुपर्दाको पीडा पर्नेलाई मात्र बोध हुन्छ । दुःखलाई कसले समाधान गर्ने हो ? त्यस्ता समस्यालाई सम्बन्धित निकायमा रहेका उच्च पदस्थ तथा विज्ञ योजनाकारहरूले समाधानको बाटो देखाउनुपर्ने हो । यस्ता समस्याको सूचीकरण गरी जनतालाई लोकतान्त्रिक गणतन्त्रको महसुस गराउनुपर्ने होइन र ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

प्राज्ञिक संस्थामा हस्तक्षेप नगर

त्रिविका कुलपति तथा प्रधानमन्त्री केपी ओलीको चर्को दबाब झेल्न नसकेर त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालले राजीनामा गरेको समाचार पढियो । विश्वविद्यालयजस्तो स्वायत्त संस्थामा समेत यसरी राजनीतिक हस्तक्षेप हुन थाल्यो भने यो देशका सार्वजनिक संस्था कसरी प्रभावकारी बन्लान् ? त्रिविमा राजनीतिक दबाबका भरमा करारमा राखिएका शिक्षकलाई स्वतः स्थायी गराउन प्रधानमन्त्रीले दबाब दिनु भनेको त्यहाँको प्राज्ञिक मर्यादालाई धूलीसात् गराउनु हो । यस्तो हस्तक्षेप तत्काल बन्द गर ।

● **अमन्दा महर्जन**
कीर्तिपुर- ४, काठमाडौं

कुइकाबाट सबैले सिकौँ

अछामको पञ्चदेवल विनायक नगरपालिका-१ मा पर्ने कुइकामा जातीय विभेद, छाउपडी र बालविवाहजस्ता सामाजिक कुसंस्कारमा व्यापक सुधार आएको समाचार पढ्दा खुसी लाग्यो । छाउपडी र बालविवाह यस क्षेत्रमा फैलिएको एउटा सामाजिक महारोग नै हो । तर, कुइकामा बालविवाह र छाउपडी प्रथा लगभग अन्त्य भएको समाचारबाट अन्यत्रका बासिन्दाले पनि सिक्न जरुरी छ । किनकि, यस्ता विभेद हामी नागरिक स्वयं सचेत नभएसम्म हट्न असम्भव छ । त्यसैले, सचेत बनौँ ।

● **बिन्दा खाती**
स्वयम्भू, काठमाडौं

अस्थिरता र अराजकताका कारक

नेपालको राजनीतिक परिदृश्य पुनः अस्थिरताको भुमरीमा फसेको छ । राजनीतिक हस्तक्षेपका कारण संस्थागत स्वायत्तता धरापमा पर्दै गएका घटना नयाँ होइनन् । हालसालै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बराललाई प्रधानमन्त्री केपी ओलीले दिएको दबाबका कारण राजीनामा दिन बाध्य पारिनु गम्भीर संकेत हो । यसअघि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको घटनाले जनस्तरमा असन्तुष्टि चुलिएको थियो, अब त्यसको पुनरावृत्ति विश्वविद्यालयमा पनि देखिएको छ ।

प्रधानमन्त्री ओलीले अदालतको आदेशको अवज्ञा गर्दै करारका प्राध्यापक र कर्मचारीलाई स्थायी गर्न दबाब दिनु त्रिवि प्रशासनमाथिको हस्तक्षेप मात्र होइन, सत्ताको आडमा मच्चाइएको दादागिरी पनि हो । बरालले नियमविपरीतको निर्णय गर्न अस्वीकार गरेपछि उनीमाथि चौतर्फी दबाब सिर्जना गरियो । त्रिविको नीति तथा कार्यक्रम पारित गर्न अवरोध पुर्‍याउनेदेखि विद्यार्थी संगठनको घेराबन्दीमार्फत त्रास फैलाउनेसम्मका रणनीति अपनाइयो । ओलीको सत्ताकाल निरन्तर अस्थिरता, अराजकता र संस्थागत स्वायत्ततामाथि प्रहारको पर्याय बन्दै गएको छ । कुलमान, बरालजस्ता सक्षम व्यक्तिलाई पेल्दै जाने यो प्रवृत्ति लोकतान्त्रिक संस्थालाई दलको अखडामा परिणत गर्ने गम्भीर षड्यन्त्रको संकेत हो ।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान

लेखकका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकाजत्तिकै आप्रवासीद्वेषी बन्दै युरोपियन युनियन

युरोपियन युनियन र अमेरिकाको नेतृत्वमा पश्चिमा राष्ट्रले आप्रवासीलाई सैन्यीकृत सीमामा नियन्त्रण गर्नुलाई जायज बनाइरहेका छन्





देश/विदेश

निदजारा अहमतसेविच एमिना बुजिनकिच

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले आप्रवासीमाथिको दमन तीव्र पार्दै कागजातविहीन आप्रवासीको अमानवीय निर्वासनलाई सञ्चारमाध्यममा देखाएर डर सिर्जना गर्ने प्रयास गरिरहेको छ । होमल्यान्ड सेक्युरिटी विभाग (डिएचएस) र इमिग्रेसन एन्ड कस्टम्स इन्फोर्समेन्ट (आइस)ले निर्वासन प्रचार गरिरहेका छन् । हालै वैध हैसियत भएका विदेशी नागरिक, जसमा प्राज्ञिक व्यक्तित्व पनि छन्, ती निसानामा परेका छन् । ट्रम्पले एक करोड १० लाख मानिसलाई निर्वासन गर्ने वाचा गरेका छन्, जुन अघिल्लो प्रशासनभन्दा अत्यधिक हो ।

युरोपियन युनियनले पनि आप्रवासनमा कठोर नीति अपनाएको छ, तर कम प्रचार भएकाले धेरैलाई यसको जानकारी छैन । २०२४ को पहिलो नौ महिनामा, इयू सदस्य राष्ट्रहरूले तीन लाख २७ हजार आठ सय ८० जनालाई निष्कासन आदेश दिए, जसमा २७ हजार सात सय ४० जनालाई बलपूर्वक हटाइयो । जुन २०२४ मा लागू भएको 'प्याक्ट अन माइग्रेसन एन्ड एसाइलम' कार्यान्वयनपछि निर्वासन तीव्र भएका छन् । यस सन्धिले निष्कासन छिटो पार्ने, हिरासत केन्द्र विस्तार गर्ने र तेस्रो देशसँगको सहकार्य बलियो बनाउने उद्देश्य राख्छ ।

युरोपियन युनियन सदस्यता चाहने बाल्कन राष्ट्रलाई सीमाक्षेत्रका रूपमा प्रयोग गरिँदै छ । युरोपियन युनियन सदस्य राष्ट्रलाई झैँ यी आकांक्षी राष्ट्रलाई सन्धि निर्माणमा सहभागिता दिइएन तर तिनलाई यसको कार्यान्वयन गर्न बाध्य पारिएको छ । गत डिसेम्बरको युरोपियन युनियन पश्चिम बाल्कन शिखर सम्मेलनमा युनियनले आप्रवासन नियन्त्रण साझेदारीलाई बलियो बनाउनु आवश्यक रहेको बताएको थियो अर्थात् जिम्मेवारी यी तेस्रो देशमा स्थानान्तरण हुनेछ । यो रणनीतिको एउटा प्रमुख अंश भनेको 'रिटर्न हब'को सिर्जना हो, जहाँ बाल्कन, टर्की र उत्तर अफ्रिकामा अनावश्यक मानिएका आप्रवासीलाई राख्न सकिनेछ । फ्रन्टेक्स, युरोपियन युनियनको सीमा एजेन्सी र अन्तर्राष्ट्रिय आप्रवासन संगठनले निष्कासन लागू गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

बोस्निया एन्ड हर्जगोभिना र सर्बियासँग सीमा साझा गर्ने क्रोएसिया युरोपियन युनियनको सीमा नियन्त्रणको केन्द्रबिन्दु बनेको छ । यसले बलपूर्वक गरिने प्रत्यावर्तनलाई सामान्य बनाएको छ, जसले धेरै मृत्युका घटना र मानव अधिकार उल्लंघन निम्त्याएको छ । युरोपियन युनियनले यसको जिम्मेवारी लिनुको सट्टा क्रोएसिया, बुल्गेरिया र रोमानियालाई सेन्जेन सदस्यता प्रदान गरेर पुरस्कृत गर्‍यो । पुनर्स्वीकार सम्झौता सुदृढ गरिएका छन्, जसले युरोपियन युनियन राष्ट्रलाई बाल्कन क्षेत्रका मुलुकबाट आप्रवासीलाई ट्रान्जिट वा तिनका मूल देशमा फिर्ता पठाउन अनुमति दिन्छ । नतिजा, बाल्कन क्षेत्र युरोपियन युनियनका लागि 'डम्पिङ ग्राउन्ड' बनेको छ ।

क्रोएसियाली अधिकारीले सन् २०२० पछि आप्रवासन नियन्त्रणसम्बन्धी प्रतिवेदन सार्वजनिक गरेका छैनन्, तर गृहमन्त्री डाभोर बोझिनोभिकले सन् २०२४ मा ७१ हजार 'अवैध प्रवेश' रोकिएको दाबी गरेका थिए । सन् २०२३ मा क्रोएसियाली अधिकारीले चार हजार दुई सय ६५ जनालाई बोस्निया लखेटे जसले युरोपियन युनियनको आर्थिक सहयोगमा आठ सय ९३ जनालाई मूल देशमा फिर्ता पठायो ।

हाल क्रोएसियामा चार हिरासत तथा फिर्ती केन्द्र छन्, जेझेभो, टोभार्निक, दुगी डोल, र ट्रिल्ज । गैरसरकारी संस्था र पत्रकारले यी केन्द्रको अमानवीय अवस्था, अनिश्चित हिरासत र मानव अधिकार उल्लंघनबारे रिपोर्ट गरेका छन् । यी केन्द्रका अधिकारीले आप्रवासीलाई केही दिन हिरासतमा राखेर सर्बिया वा बोस्नियाको सीमामा धकेल्ने गरेका छन् । केटाकेटी र



तस्बिर : मार्को ज्युरिका/रोयटर्स

एकल महिलालाई समेत भिडभाडयुक्त पुरुष हिरासत केन्द्रमा रहन बाध्य बनाइएको छ । सन् २०२४ को सुरुदेखि नै क्रोएसियाली प्रहरीले सीमा निगरानी कडा पारेका छन् जसमा स्लोभेनिया र इटलीका प्रहरी पनि संलग्न छन् । बढ्दो निगरानी क्यामेरा र प्रहरी गस्तीले सीमामा नियन्त्रण अझै बलियो बनेको छ । हालै युरोपियन युनियन मन्त्रीस्तरीय बैठकमा क्रोएसियाका गृहमन्त्री बोझिनोभिकले निर्वासन अब युरोपियन युनियनमा 'त्याज्य' विषय नरहेको घोषणा गरेका थिए । क्रोएसियाको गैरयुरोपियन युनियन सीमा आप्रवासनका क्रममा मृत्यु भएका व्यक्तिको सद्गति नपाएको सामूहिक चिहान बनेको छ । नयाँ सन्धिले क्रोएसियाका साथै बोस्निया, सर्बिया, अल्बानिया र उत्तर म्यासेडोनियामा शरणार्थी सामना गर्ने गरी क्रूरता बढाउनेछ । लाखौँ युरोपेली प्रविधि तथा नीतिमा लगानी गरिँदै छ जसले आप्रवासीको अमानवीकरणलाई प्रोत्साहन गर्नेछ । अवैध ढंगले शरणार्थीलाई मूल देशमा पुर्‍याउने र मानव अधिकार उल्लंघनमा संलग्न भएको आरोप खेप्दै आएको फ्रन्टेक्सलाई थप शक्तिशाली बनाइँदै छ ।

युरोपियन युनियनमा चिन्ता र तनावका संकेत देख्न सकिन्छ । जर्मनीमा विभिन्न ऐक्यबद्धता समूहले प्यालेस्टिनी निर्वासन रोक्न प्रयास गरिरहेका छन् । इटलीले आप्रवासीलाई अल्बानियामा निर्माण गरिएका केन्द्रमा पठाउने योजना बनाइरहेको छ । अष्ट्रियाले शरणार्थीका लागि पारिवारिक पुनर्मिलनलाई अस्थायी रूपमा रोकेको छ । फ्रान्सले कडा आप्रवासन नीति लागू गर्दै छ, जसले अल्जेरियासँगको सम्बन्धलाई बिगारिरहेको छ ।

पश्चिमा राष्ट्र युरोपियन युनियन र अमेरिका नेतृत्वमा आप्रवासीलाई सैन्यीकृत सीमामा नियन्त्रण गर्नुलाई जायज बनाइरहेका छन् । युरोपियन युनियनले इजरायलसँग मिलेर प्रविधि तथा एआईमा आधारित निगरानी प्रणालीहरू विकास गरिरहेको छ जसलाई पहिले प्यालेस्टिनमा परीक्षण गरिनेछ र पछि युरोपेली सीमामा प्रयोग गरिनेछ । यदि प्रतिरोध गरिएन भने यी नीति थप कठोर बन्नेछन् र थप मानिस चपेटामा पर्नेछन् । यसको एक मात्र समाधान भनेको अन्तर्राष्ट्रिय ऐक्यबद्धता सञ्जाल निर्माण गर्नु हो जसले यी अन्यायविरुद्ध लड्न, प्रणालीगत कमजोरी उजागर गर्न, र सत्तालाई जिम्मेवार बनाउन सकोस् । यदि प्रतिरोध नगरी मौनता मात्रै अपनाउने हो भने भविष्यमा कोही पनि सुरक्षित रहनेछैन ।

(लेखकद्वय अभियन्ता एवं पत्रकार हुन्)
अल जजिराबाट

अमेरिकाका लागि किन महत्त्वपूर्ण छ ग्रिनल्यान्ड ?

ग्रिनल्यान्ड कब्जामा लिन खोज्ने ट्रम्प पहिलो राष्ट्रपति होइनन्, अमेरिकाले लामो समयदेखि ग्रिनल्यान्डमा चासो राख्दै आएको छ

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले डेनमार्कको अर्धस्वायत्त क्षेत्र ग्रिनल्यान्डको भ्रमण गर्नुअघि राष्ट्रपति डोनाल्ड ट्रम्पले सो भूमि जसरी पनि प्राप्त गर्ने आफ्नो महत्त्वाकांक्षा दोहोऱ्याए । 'हामीलाई अन्तर्राष्ट्रिय सुरक्षा र प्रतिरक्षाका लागि ग्रिनल्यान्ड चाहिन्छ, हामीले यसलाई लिनैपर्छ,' ट्रम्पले बुधबार एक अन्तर्वार्तामा भने । पछि ह्वाइट हाउसमा पत्रकारहरूलाई सम्बोधन गर्ने क्रममा उनले भने, 'ग्रिनल्यान्ड हामीलाई चाहिन्छ । डेनमार्कसहित ग्रिनल्यान्ड हाम्रो हुँदा विश्वलाई पनि भलाइ हुनेछ ।' ट्रम्पले यो भूमि हासिल गर्न अमेरिका जुनसुकै हदसम्म जाने बताए । ट्रम्पको यस टिप्पणीले ग्रिनल्यान्डलाई भने आक्रोशित बनाएको छ । लामो समयदेखि डेनमार्कबाट पूर्ण स्वतन्त्रताका लागि आह्वान गरिरहेका ग्रिनल्यान्डवासी, जो सम्पूर्ण आर्कटिक क्षेत्रको जनसंख्याको ८५ प्रतिशत हुन आउँछन्, पुन अर्को देशको शासनअन्तर्गत रहन चाहँदैनन् ।

ग्रिनल्यान्डप्रतिको ट्रम्पको महत्त्वाकांक्षाप्रति अन्य देशले समेत प्रतिक्रिया दिन थालेका छन् । बिहीबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले ट्रम्पको ग्रिनल्यान्ड लिने विषयमा प्रतिक्रिया जनाए । पुटिनले ग्रिनल्यान्डप्रति ट्रम्पको रुचि नयाँ र अनौठो नभएर इतिहाससँग जोडिएको बताए । पुटिनका अनुसार अमेरिकाले लामो समयदेखि खनिजले धनी यस आर्कटिक भूमिमा आँखा लगाउँदै आएको छ ।



यो टापु अमेरिकाको कब्जामा आए अमेरिकी सेना र यसको ब्यालिस्टिक मिसाइल पूर्वचेतावनी प्रणालीलाई धेरै लाभ पुग्नेछ । यो क्षेत्र रुसी र चिनियाँ जहाजको प्रवेशद्वार हो र अमेरिका त्यसलाई ट्रयाक गर्न चाहन्छ । ग्रिनल्यान्ड प्राकृतिक स्रोतमा पनि धनी छ । त्यहाँ प्रविधि निर्माणका लागि प्रयोग हुने दुर्लभ खनिज छन् । सन् २०२३ को एक सर्वेक्षणअनुसार युरोपेली आयोगले 'महत्त्वपूर्ण कच्चा पदार्थ' मानेका ३४ मध्ये २५ खनिज ग्रिनल्यान्डमा पाउन सकिन्छ ।

अमेरिकी अडानप्रति रुस कति चिन्तित ?

आर्कटिक वृत्तभित्रको सबैभन्दा ठुलो सहर मानिने रुसी सहर मुर्मन्स्कमा हालै 'अन्तर्राष्ट्रिय आर्कटिक फोरम'को बैठक सम्पन्न भयो । बैठकमा पुटिनले पनि सम्बोधन गरेका थिए । सम्बोधनमा उनले ट्रम्प ग्रिनल्यान्ड लिने विषयमा गम्भीर रहेको बताए । अमेरिकाले आर्कटिक क्षेत्रमा आफ्नो भूरणनीतिक, सैन्य-राजनीतिक र आर्थिक हितलाई व्यवस्थित रूपमा अगाडि बढाउने पुटिनले दाबी गरे । पुटिनले मञ्चमा सम्बोधन गर्ने क्रममा आफ्ना दुई छिमेकी फिनल्यान्ड र स्विडेन नेटोमा सहभागी भएकोमा चिन्ता व्यक्त गरे । फिनल्यान्ड सन् २०२३ मा नेटोमा सामेल भएको थियो भने स्विडेन गत वर्ष मात्र सो समूहमा जोडियो ।

आफ्नो उत्तरी भेग जोडिएको आर्कटिकलाई रुसले आफ्नो प्रभाव क्षेत्र मान्छ । यस भेगनजिकको भूमिमा अमेरिकाको चासोलाई उसले नजिकबाट हेरिरहेको छ । 'रुसले आर्कटिक क्षेत्रमा कहिल्यै कसैलाई धम्की दिएको छैन । तर, हामी त्यस भेगमा भएको विकासक्रमलाई नजिकबाट पछ्याउनेछौं । हाम्रो सैन्य क्षमतामा वृद्धि र र सैन्य पूर्वाधारलाई आधुनिकीकरण गरेर उपयुक्त प्रतिक्रिया दिनेछौं,' पुटिनले भने । उनले रुस आर्कटिक क्षेत्रमा विदेशी साझेदारसँग सहकार्य गर्न 'तयार' रहेको पनि बताए । 'हामी आफ्नो स्थिति जति बलियो बनाउँछौं, परिणाम त्यति नै उल्लेखनीय हुनेछ । हामीसँग आर्कटिक क्षेत्रमा अन्तर्राष्ट्रिय परियोजना सुरु गर्ने फराकिलो अवसर हुनेछ । यसमा हामी मित्रवत् देश र सम्भवतः संयुक्त काममा रुचि देखाउने पश्चिमी देशको सहकार्य गर्नेछौं,' पुटिनले थपे ।

भान्सको भ्रमणप्रति डेनमार्क र ग्रिनल्यान्ड असन्तुष्ट

अमेरिकी उपराष्ट्रपति जेडी भान्स र उनकी श्रीमती उषा भान्स शुक्रबार ग्रिनल्यान्ड पुगेका थिए । उनीहरूसँगै ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र अमेरिकी ऊर्जामन्त्री क्रिस राइट थिए । उनीहरू ग्रिनल्यान्डको उत्तरपश्चिम भागमा अमेरिकाको स्वामित्वमा रहेको 'पिटुफिक अन्तरिक्ष बेस'मा उत्रिए । आर्कटिक सुरक्षा मुद्दाबारे जानकारी प्राप्त गर्न र त्यहाँ तैनाथ अमेरिकी सैन्य दलका सदस्यसँग भेट्न भान्स नेतृत्वको टोली गएको भान्सको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

भान्सको भ्रमणलाई लिएर डेनमार्क र ग्रिनल्यान्ड असन्तुष्ट छन् । ग्रिनल्यान्डका कार्यवाहक सरकार प्रमुख म्युट एगेडले सोमबार एक पोस्टमा भान्सलाई ग्रिनल्यान्ड भ्रमणको कुनै आधिकारिक वा निजी निम्तो नदिइएको बताए । 'वर्तमान सरकार निर्वाचनपछि नयाँ सत्ता गठबन्धनको गठन नभइन्जेलको कामचलाउ सरकार मात्र हो । हामीले सबै देशलाई यो प्रक्रियाको सम्मान गर्न अनुरोध गरेका छौं,' म्युटले लेखेका छन् । विरोधबिच भान्स दम्पतीको यात्रा कार्यक्रम केही परिवर्तन गरिएको थियो । उषा भान्स सुरुमा सिसिमियटमा हुने एक कुकुर दौडमा सहभागी हुने भनिएको थियो । तर, पछि यो जोडीको भ्रमण अमेरिकी सैन्य आधारमा मात्र सीमित भयो ।

भ्रमण तालिकामा भएको यस सामान्य परिवर्तनलाई डेनिस विदेशमन्त्री लार्स लोक रास्मुसेनले स्वागत गरेकी थिइन् । डेनिस सरकारी रेडियो डिआरसँग बोल्ने क्रममा रास्मुसेनले भनिन्, 'अमेरिकी पदाधिकारीले ग्रिनल्यान्डिक समाजको भ्रमण रद्द गर्नु सकारात्मक कुरा हो । उनीहरूले आफ्नै आधार मात्र भ्रमण गर्नेछन् । हामीलाई त्यसप्रति त्यति गुनासो छैन ।' तर, भान्सको यात्राअघि ट्रम्पको जसरी पनि ग्रिनल्यान्ड लिइछाड्ने टिप्पणीले डेनमार्क र ग्रिनल्यान्ड दुवैलाई चिढ्यायो । डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरेक्सनले मंगलबार डेनिस टिभीसँग बोल्ने क्रममा ग्रिनल्यान्ड र डेनमार्कमाथि दबाब दिइनु अस्वीकार्य भएको बताइन् । यस दबाबलाई प्रतिरोध गर्ने उनले जनाइन् ।

अमेरिकाका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण

जनवरी २० मा दोस्रो कार्यकालका लागि शपथ लिएपछि ट्रम्पले बारम्बार ग्रिनल्यान्ड लिइछाड्ने बताउँदै आएका छन् । सो टापु अमेरिकी राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण रहेको ट्रम्पको जोड छ । ग्रिनल्यान्ड आर्कटिक महासागर र उत्तरी आन्द्र महासागरको बिचमा अवस्थित अर्ध-स्वायत्त डेनिस क्षेत्र हो । विगतमा डेनमार्कको उपनिवेश यो भूमिले १७ वर्षअघि स्वशासनको अधिकार पाएको हो ।

उत्तर अमेरिकाबाट युरोपसम्मको सबैभन्दा छोटो मार्ग यसै टापुनाजिक पर्ने भएकाले यो अमेरिकाका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण मानिन्छ । यो टापु अमेरिकाको कब्जामा आए अमेरिकी सेना र यसको ब्यालिस्टिक मिसाइल पूर्वचेतावनी प्रणालीलाई धेरै लाभ पुग्नेछ । अमेरिका ग्रिनल्यान्ड, आइसल्यान्ड र बेलायतबिचको समुद्रमा 'राडार' राख्न पनि इच्छुक छ । यो क्षेत्र रुसी र चिनियाँ जहाजको प्रवेशद्वार हो । अमेरिका तिनलाई ट्रयाक गर्न चाहन्छ । ग्रिनल्यान्ड प्राकृतिक स्रोतमा पनि धनी छ । त्यहाँ प्रविधि निर्माणका लागि प्रयोग हुने दुर्लभ खनिज छन् । सन् २०२३ को एक सर्वेक्षणअनुसार युरोपेली आयोगले 'महत्त्वपूर्ण कच्चा पदार्थ' मानेका ३४ मध्ये २५ खनिज ग्रिनल्यान्डमा पाउन सकिन्छ ।

तथापि, आदिवासीको बाहुल्यता र ५६ हजार जनसंख्या रहेको यो टापुका मानिसले तेल र ग्यासको खानी उत्खननको विरोध गर्दै आएका छन् । ट्रम्प ग्रिनल्यान्ड कब्जामा लिन खोज्ने पहिलो अमेरिकी नेता होइनन् । अमेरिकाले लामो समयदेखि ग्रिनल्यान्डमा चासो व्यक्त गर्दै आएको छ । सन् १८६७ मा अमेरिकाका तत्कालीन विदेशमन्त्री विलियम एच सेवार्डले रुसबाट अलास्का किनेपछि ग्रिनल्यान्ड किन्ने प्रयास गरेका थिए । तथापि, यो प्रयास सफल भएन । ग्रिनल्यान्ड डेनमार्कको उपनिवेश रहँदा सन् १९४६ मा अमेरिकी राष्ट्रपति ह्यारी एस. ट्रुमनले फेरि टापु किन्न प्रस्ताव गरेका थिए । त्यति बेला पनि डेनमार्कले प्रस्ताव अस्वीकार गऱ्यो ।

आर्कटिक क्षेत्र नियन्त्रणको प्रयासको हिस्सा

जलवायु परिवर्तनका कारण पृथ्वी न्यानो हुँदै जाँदा आर्कटिकको हालसम्म प्रयोग नभएका विशाल स्रोतमाथि पहुँच बढ्दै गइरहेको छ । यी स्रोतमाथि अमेरिका, क्यानडा, चीन र रुसजस्ता देशको नजर छ । डिसेम्बर २०२४ मा क्यानडाले आर्कटिक क्षेत्रमा आफ्नो सैन्य र कूटनीतिक उपस्थिति बढाउने नीतिगत दस्तावेज नै जारी गऱ्यो । उता रुसले यस क्षेत्रमा सैन्य प्रतिष्ठान र ऊर्जा संयन्त्र निर्माण गरिरहेको छ । यसैबिच, बरफ पग्लिन थालेसँगै रुस र चीनले संयुक्त रूपमा आर्कटिक क्षेत्रबाट ढुवानी मार्ग विकासमा काम गरिरहेका छन् । यो भार्ग मस्को र बेइजिङ ढुवैका लागि फाइदाजनक छ । पश्चिमी प्रतिबन्धका कारण रुसले यसै मार्गबाट चीनलाई थप तेल र ग्यास पुऱ्याउन खोजिरहेको छ । त्यस्तै, मलाक्का जलडमरुमाथिको आफ्नो निर्भरता कम गर्न बेइजिङ यसलाई अन्य विभिन्न वैकल्पिक ढुवानी मार्गमध्ये एक मान्छ ।

नर्दन सी रुट (एनएसआर) आर्कटिक महासागरमा रहेको समुद्री मार्ग हो । पहिले बरफले ढाकिने यो क्षेत्र अहिले यात्राका लागि सहज बन्दै गइरहेको छ । एनएसआरले समुद्री ढुवानी समयलाई उल्लेखनीय रूपमा घटाउन सक्छ । पश्चिमी प्रतिबन्धका कारण रुसले युरोपसँग गर्दै आएको व्यापारलाई एसियातर्फ मोड्नका लागि यही मार्ग उपयोगी हुने आशा गरिरहेको छ । गत वर्ष नर्दन सी रुटमार्फत रुसबाट चीनमा तेल ढुवानीको संख्या एकचौथाइले बढेको थियो । चीनले यस क्षेत्रको अनुसन्धानको काम पनि बढाएको छ । उसले आर्कटिकमा १० वैज्ञानिक अभियान पठाएको छ र रुसको उत्तरमा रहेको बरफिलो भागमा सर्वेक्षण गर्ने अनुसन्धान जहाज चलाइरहेको छ ।

- अल जजिराबाट

इतिहासमा आज



सन् १८८९ : इफेल टावर खुला । फ्रान्सेली इन्जिनियर अलेक्जेन्डर गुस्ताभ एफिलले टावरको माथिबाट फ्रान्सेली झन्डा फहराएर टावरको उद्घाटन गरेका थिए । यो टावर पेरिसको सबैभन्दा प्रतिष्ठित स्थल बनेको छ ।

सन् १९२१ : कोइला खानीमा काम गर्ने हजारौं व्यक्तिको आन्दोलनपछि बेलायतमा आपत् काल घोषणा ।

सन् १९६४ : ब्राजिलमा कुमार्फत सैन्य शासन सुरु । हमबर्टो कास्टेलो ब्रान्कोको शासनकालमा वामपन्थी विपक्षीमाथि चरम दमन हुँदा सन् १९६८ मा व्यापक सामाजिक अशान्ति र हडताल भएको थियो ।

सन् १९६६ : करिब दुई लाख युद्धविरोधी प्रदर्शनकारीले न्युयोर्क सहरमा प्रदर्शन गरे ।

सन् १९८० : अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरले बैंकिङ उद्योगलाई उदारीकरण गरे ।

भूकम्पमा ज्यान गुमाउनेको संख्या १७ सय नाघ्यो



यांगुन/ म्यानमारको सागिङ सहरमा केन्द्रविन्दु भई म्यानमार र थाइल्यान्डमा शुक्रबार गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या १७ सयभन्दा बढी पुगेको छ । भूकम्प प्रभावित क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी छ । मध्य म्यानमारको सागिङ सहरको उत्तर-पश्चिममा शुक्रबार ७.७ म्याग्निच्युडको भूकम्प गएको र त्यसको केही मिनेटपछि ६.७ म्याग्निच्युडको परकम्प आएको थियो । भूकम्पले भवन, पुल र सडकका साथै १७ लाखभन्दा बढी मानिसको घरमा क्षति पुगेको थियो ।

म्यानमारमा कम्तीमा एक हजार ७०० जनाको मृत्यु भएको र करिब दुई हजार ४०० जना घाइते भएको म्यानमार सरकारले विज्ञप्तिमा जनाएको छ । भूकम्पका कारण सञ्चार प्रणाली अवरुद्ध छ । मृतकको संख्या अझै बढ्ने आशंका गरिएको छ । विमानस्थल तथा सडक बन्द रहेकाले राहत तथा उद्धार सामग्री पुऱ्याउने काममा समेत समस्या भइरहेको जनाइएको छ । मध्य म्यान्मारको मान्डलेमा विनाशकारी भूकम्पका कारण ध्वस्त भएको एक अपार्टमेन्ट ब्लकमा भग्नावशेषभित्र ९० जनाभन्दा बढी मानिस फसेको हुन सक्ने रेडक्रसका एक अधिकारीले बताए ।

शुक्रबार गएको ७.७ म्याग्निच्युडको भूकम्पबाट सबैभन्दा बढी प्रभावित मान्डलेका भवनमध्ये 'स्काई भिल्ला कन्डोमिनियम डेभलपमेन्ट' पनि एक हो । भवनको भग्नावशेषबाट नौजनाको मृत शरीर र ४४ जनालाई जीवितै निकालिएको घटनास्थलमा रहेका रेडक्रसका एक प्रतिनिधिले बताए । उनले भने, '९० जनाभन्दा बढी मानिसभित्र हुन सक्छन् । हामी अझै पनि तथ्यांक संकलन गरिरहेका छौं । हराएका परिवारका सदस्यको खोजी भइरहेको छ ।' शुक्रबारको भूकम्प दशकौंपछिको देशको सबैभन्दा ठुलो हो । भूकम्पका कारण १७ लाखभन्दा बढी जनसंख्या भएको दोस्रो ठुलो सहर मान्डले नराम्ररी प्रभावित भएको छ ।

महामारी र संक्रामक रोगविरुद्धको लडाइँमा एकजुट हुनुपर्छ विश्व

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विदेशी सहायतामाथि खर्च रोकेको निर्णयले अन्तर्राष्ट्रिय विकास समुदायका लागि एउटा महत्त्वपूर्ण चुनौती खडा गरेको छ । उनको कदमले रोग बढ्ने चेतावनी विज्ञले दिएका छन् । विश्वको सबैभन्दा ठुलो दाताको भविष्यको भूमिकाबारे अनिश्चितता बढिरहेका बेला विश्वव्यापी कोष (ग्लोबल फन्ड) आशाको किरणको रूपमा देखिएको छ । यस सहस्राब्दीको सुरुवातदेखि जेनेभास्थित बहुपक्षीय यस संस्था मानवताको सबैभन्दा पुरानो महामारी, संक्रामक रोगहरू, विशेषगरी मलेरिया, एचआइभी र क्षयरोगसँग लडिरहेको छ । लक्षित कोष र नवीन रणनीतिमार्फत विश्वव्यापी कोषले मलेरिया र एचआइभी उपचारमा महत्त्वपूर्ण सफलता हासिल गरेको छ । ग्लोबल फन्डले क्षयरोगमा आफ्नो ध्यान केन्द्रित गर्ने समय भइसकेको छ ।



● आरोन मोत्सोआलेदी


मोत्सोआलेदी दक्षिण अफ्रिकाका स्वास्थ्यमन्त्री हुन् ।

ग्लोबल फन्डको २०२३ देखि २०२५ को बजेटको लगभग एकतिहाइ (जम्मा ४४.१७ बिलियन डलर) औलोविरुद्धको लडाइँमा छुट्याइएको छ । यी अनुदानले कीटनाशक औषधि प्रयोग भएको झुलको वितरण र द्रुत निदान परीक्षणका कार्यक्रमलाई सहयोग गरेका छन्, जसका कारण संक्रमण फैलावटमा उल्लेखनीय कमी आएको छ । फलस्वरूप रुवान्डा र जाम्बियाजस्ता देशमा औलोका केस र मृत्युमा उल्लेखनीय गिरावट आएको छ ।

एचआइभी उपचाराका लागि ग्लोबल फन्डले ४६.४८ अर्ब डलर खर्च गरिरहेको छ, जुन यसको विनियोजनको लगभग आधा हो । विगत एक दशकमा कोषले लाखौं मानिसका लागि एन्टिरेट्रोभाइरल थेरापीको पहुँचलाई सहज बनाएको छ, जसले एचआइभीलाई घातक रोगबाट व्यवस्थापनयोग्य दीर्घकालीन अवस्थामा रूपान्तरण गर्न मद्दत गरेको छ । विशेषगरी कमजोर समुदायमा शिक्षा र रोकथामलाई प्रवर्द्धन गरेर, कोषले मानिसहरूलाई आफ्नो स्वास्थ्यबारे सचेत बनाएको छ । साथै, यी प्रयासले अनगिन्ती जीवन बचाएका छन् र विश्वव्यापी स्वास्थ्य सुरक्षालाई सशक्त बनाएका छन् । तर, अब यसको कोष विनियोजनको पुनः मूल्यांकन गर्ने समय आएको छ । क्षयरोग रोकथाम र नियन्त्रणलाई २.४ अर्ब डलर वा ग्लोबल फन्डको बजेटको १८ प्रतिशत मात्र छुट्याइएको छ र ग्लोबल फन्ड स्थापना भएदेखि हरेक वर्ष एचआइभी वा मलेरिया उपचारका लागि भन्दा कम रकम छुट्याइएको छ ।

तर, आज क्षयरोगले एचआइभी र मलेरियाको संयुक्त मृत्युभन्दा धेरै मानिसको ज्यान गएको छ । यो विश्वको सबैभन्दा ठुलो घातक संक्रामक रोग हो । क्षयरोगले भन्दा मलेरिया र एचआइभीले ग्लोबल फन्डबाट धेरै स्रोतसाधन मात्र पाउँदैनन्, तिनीहरूले धेरै विश्वव्यापी प्रचार र मिडिया कभरेज पनि पाउँछन् । तुलनात्मक रूपमा क्षयरोग एक उपेक्षित, प्रायः बेवास्ता गरिएको र बिर्सिएको महामारी हो ।

किन यस्तो भयो भनेर बुझ्नका लागि हामीले क्षयरोगको इतिहास हेर्नु आवश्यक छ । आज धनी संसारका मानिसका लागि यो रोगले बितेको युगको धमिलो सम्झनाभन्दा अलि बढी अर्थ राख्छ । तर, एक समय थियो, जतिबेला क्षयरोग डरलाग्दो थियो । सन् १८०० को दशकमा क्षयरोगले मृत्युको सुनामी निम्त्यायो, युरोप र संयुक्त राज्य अमेरिकाभर प्रत्येक चारजनामा एकजनाको मृत्यु भयो । सन् १८०० को दशकको धेरैजसो समयका लागि न्युयोर्क सहरको क्षयरोगको मृत्युदर मात्र अहिलेकोभन्दा बढी थियो । त्यस बेला क्षयरोग कोभिड -१९ महामारीभन्दा घातक थियो । विगत दुई शताब्दीमा क्षयरोगले एक अर्ब मानिसको ज्यान लिएको हुन सक्छ । तैपनि, एन्टिबायोटिक र बाल्यकालमा दिइने खोप, सुधारिएको जीवनस्तर, प्राथमिक जनस्वास्थ्य उपाय र त्यसपछिको उपचार सफलताले धनी देशमा यो रोग धेरै हदसम्म उन्मूलन भएको छ । फलस्वरूप, क्षयरोगले प्रायः धनी संसारको ध्यान



> एन्टिबायोटिक, बाल्यकालमा दिइने खोप, सुधारिएको जीवनस्तर, प्राथमिक जनस्वास्थ्य र त्यसपछिको सफलतापूर्वक उपचारको संयोजनले धनी देशमा क्षयरोग धेरै हदसम्म उन्मूलन भएको छ ।

गुमाएको छ । विश्वको गरिब आधा जनसंख्याका लागि त्यस्तो होइन, जहाँ क्षयरोगले अझै पनि प्रत्येक वर्ष लगभग १३ लाखको ज्यान लिन्छ । त्यो संख्या एचआइभी/एड्स (६ लाख ३० हजार) र मलेरिया (६ लाख १९ हजार) को संयुक्त मृत्युदर भन्दा बढी छ ।

आधा शताब्दीभन्दा बढी समयदेखि हामीलाई क्षयरोगको उपचार कसरी गर्ने भन्ने थाहा छ । तैपनि, यो विश्वका गरिब क्षेत्रमा कीर्तिमानी संख्यामा मानिसको मृत्युको कारक बनेको छ । जसका कारण मानिसहरूको वयस्क अवस्थामा मृत्यु हुने गर्छ । यो त्यतिबेला फैलिन्छ, जब मानिसहरू संक्रमितको नजिकै बस्छन् । यो आधारभूत स्वास्थ्य सेवा र कल्याणकारी सेवाबाट वञ्चित जनसंख्यामा बढी देखिने गर्छ ।

रोगलाई कसरी पराजित गर्ने भनेर हामीलाई राम्रै थाहा छ । त्यसो गर्न आश्चर्यजनक रूपमा थोरै स्रोतसाधन लाग्नेछ । कोपनहेगन कन्सेन्सस थिंक ट्यांकको अनुसन्धानले देखाउँछ कि वार्षिक ६.२ अर्ब डलरको अतिरिक्त खर्चले आगामी दशकमा प्रतिवर्ष लगभग १० लाख जीवन बचाउन सक्छ । रोग नियन्त्रणविरुद्धको अतिरिक्त लगानीले यसलाई सबैभन्दा राम्रो सम्भावित विकास नीतिमध्ये एक बनाउँछ ।

यो खर्चले थप संक्रमण रोक्न व्यापक निदानलाई सक्षम बनाउनेछ र धेरैजसो क्षयरोगका बिरामीलाई औषधि सेवन गरिरहन सुनिश्चित गर्नेछ, जसले गर्दा २०३० सम्ममा मृत्युदर ९० प्रतिशतले घट्नेछ । मृत्यु र क्षयरोगका बिरामीको संख्यामा आएको गिरावटसहितका फाइदा स्वास्थ्य सेवा र समय लागतभन्दा बढी छन् । विश्व उदार हुनु आवश्यक छ, किनभने ग्लोबल फन्डले विश्वव्यापी कल्याण प्रदान गर्ने यो सबैभन्दा राम्रो तरिकामध्ये एक हो भनेर देखाएको छ ।

सहायता कटौतीले सवा करोडको स्वास्थ्य जोखिममा

न्युयोर्क/ आर्थिक सहायता कटौतीले झन्डै एक करोड ३० लाख विस्थापितको स्वास्थ्य जोखिममा परेको संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय युएनएचसिआरले जनाएको छ । जनवरीमा आफ्नो पुनरागमनपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शरणार्थी र आप्रवासीको हितविपरीत कटौतीका एजेन्डा पेस गरेका छन् । अधिकांश अमेरिकी वैदेशिक सहायता कोष तत्काल रोक्का गरेपछि विश्वभरका मानवीय संस्था प्रभावित भएका छन् । अमेरिका परम्परागत रूपमा युएनएचसिआरको शीर्ष दाता हो र उसले कुल योगदानको ४० प्रतिशतभन्दा बढी हिस्सा व्यहोर्ने गरेको थियो । युएनएचसिआरका जनस्वास्थ्य प्रमुख एलेन मैनाले भने, 'सन् २०२५ सम्ममा पर्याप्त स्रोत-साधनको अभावमा अनुमानित ६३ लाख बालबालिकासहित एक करोड २८ लाख विस्थापित व्यक्ति जीवनरक्षक स्वास्थ्य हस्तक्षेपबाट वञ्चित हुन सक्छन् ।'

'स्वास्थ्य खर्चमा आएको गिरावटका कारण बढेको वर्तमान मानवीय अनुदान संकटले शरणार्थीको सार्वजनिक स्वास्थ्य र पोषण कार्यक्रमको दायरा र गुणस्तरलाई असर गरिरहेको, आवश्यक सेवाको पहुँचमा बाधा पुऱ्याएको, रोगको प्रकोप र कुपोषणमा वृद्धि भएको र मानसिक स्वास्थ्य समस्याको जोखिम बढाइरहेको छ । कटौतीको उदाहरण दिँदै मैनाले बंगलादेशमा रहेका करिब १० लाख रोहिंग्या शरणार्थीले गम्भीर स्वास्थ्य संकटको सामना गरिरहेको र आर्थिक सहायता रोकिँदा स्वास्थ्य सेवाको पहुँचमा खतरा आएको छ । बुरुन्डीका विभिन्न शिविरमा पोषण कार्यक्रम स्थगन हुनुको अर्थ पाँच वर्षमुनिका हजारौं शरणार्थी बालबालिकाले कुपोषणको पर्याप्त उपचार पाउन सकेका छैनन् । प्रजातान्त्रिक गणतन्त्र कंगोमा युएनएचसिआरको सन् २०२५ को स्वास्थ्य बजेट सन् २०२४ को तुलनामा ८७ प्रतिशतले कटौती गरिएको छ ।

कंगोमा कोष कटौतीको स्वास्थ्य परिणाम विनाशकारी हुने अपेक्षा गरिएको छ । यसले पाँच लाख २० हजारभन्दा बढी शरणार्थीलाई संक्रामक रोग र मृत्युको उच्च जोखिममा पारेको छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १८ चैत ०८१

भैरहवामा अन्तर्राष्ट्रिय उडान फेरि ठप्प

कात्तिकदेखि नियमित उडान गर्दै आइरहेका फ्लाई दुबई, थाई एयर एसिया र जजिरा एयरवेजले रोके भैरहवा उडान



भैरहवामा **दीपेश पछाई**

भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए)मा फेरि अन्तर्राष्ट्रिय उडान ठप्प भएको छ। १ अप्रिलदेखि सुरु हुने समर सिजनमा कुनै पनि वायुसेवा कम्पनीले भैरहवा उडानको सेड्युल पेस नगरेपछि तत्काललाई अन्तर्राष्ट्रिय उडान ठप्प हुने भएको हो।

भैरहवामा जजिरा एयरवेज, थाई एयर एसिया र फ्लाई दुबईले नियमित उडान गर्दै आइरहेका थिए। तर आइतबार (३० मार्च)देखि नै भैरहवामा तीनवटै वायुसेवाले आफ्नो उडान हटाएका हुन्। सम्बन्धित वायुसेवा कम्पनीका प्रतिनिधिसँग छलफल चलिरहेको र छिट्टै टुंगो लगाएर नियमित उडानको प्रयास भइरहेको गौतम बुद्ध विमानस्थलका महाप्रबन्धक प्रताप तिवारीले बताए। तत्काललाई भने नियमित अन्तर्राष्ट्रिय उडान रोकिएको उनको भनाइ छ।

भैरहवामा अन्तर्राष्ट्रिय उडान गरिरहेका जजिरा एयरवेज र फ्लाई दुबईले शनिबार अन्तिम उडान गरेका थिए। थाई एयर एसियाले ११ चैतसम्म उडान गरेको थियो। नेपाल वायुसेवा निगम (नेवानि)ले काठमाडौं-भैरहवा-दुबई उडान गरे पनि भैरहवामा 'टच डाउन' मात्र गर्ने गरेको छ। निगमको जहाज भैरहवा अवतरण गरे पनि ढोका नै खोलिँदैन। कतार एयरवेजले केही समय उडान गरेर पुसमै सेवा बन्द गरिसकेको छ। सबै वायुसेवा भैरहवा उडानका लागि तयार नभएपछि गौतम बुद्ध विमानस्थलको अन्तर्राष्ट्रिय कक्ष फेरि सुनसान हुने भएको हो। शनिबार कुवेतबाट भैरहवा आएको (अन्तिम उडान) जजिरा एयरवेजले एक सय ५६ यात्रु ल्याएको थियो भने भैरहवाबाट एक सय ६६ यात्रु कुवेत प्रस्थान गरेका थिए। जजिराले अन्तिम उडान फुल अकुपेन्सीमा गरेको थियो। दुबई-भैरहवा-काठमाडौं उडान गर्दै आएको फ्लाइ दुबईले शनिबार ४२ यात्रु भैरहवा झारेको थियो भने ३७ यात्रु भैरहवाबाटै दुबईका लागि प्रस्थान गरेका थिए। जहाजमा कुवेतबाट कुल एक सय सात यात्रु आएका थिए, अरू यात्रु काठमाडौं ओर्लिएका थिए। वायुसेवा कम्पनीले यात्रु अभावकै कारण उडान रोक्नुपर्ने स्थिति नरहेको बताइन्छ।

प्राधिकरणले २३ कात्तिकदेखि दैनिक १० घण्टा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरेर स्तरोन्नतिको काम सुरु गरेपछि उडान कटौती भएका थिए। त्यसपछि नेपाल वायुसेवा निगम, फ्लाई दुबई, कतार एयरवेजलगायतले भैरहवा उडान सुरु गरेका थिए। त्रिभुवन विमानस्थलको धावनमार्गबाट ७५ मिटरभित्र पर्ने जोखिमपूर्ण क्षेत्रको काम सम्पन्न गरेर १९ चैतदेखि विमानस्थल दैनिक १८ घण्टा सञ्चालनमा आउने भएपछि वायुसेवा कम्पनीले भैरहवा उडानका लागि चासो नराखेको बताइन्छ। भैरहवामा सीधा उडान गर्ने जजिरा (कुवेत-भैरहवा-कुवेत) र थाई एयर एसिया (बैंकक-भैरहवा-बैंकक)ले पनि उडान नियमित गर्न चासो देखाएका छैनन्। विन्टर सिजनमा थाई एयर एसियाले सातामा दुई, जजिराले सातामा तीन फ्लाई दुबईले दैनिक एउटा उडान गर्दै आएका थिए। तर, १ अप्रिलदेखि अक्टोबरसम्म कायम हुने समर सिजनको सेड्युलका लागि अनुमति नलिएको क्यानले जनाएको छ।

उत्कृष्ट व्यवसायीलाई सम्मान गरिँदै

नयाँ पत्रिका

सरकारले उद्योग-व्यवसायमार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने विभिन्न क्षेत्रका उत्कृष्ट व्यवसायी तथा व्यावसायिक प्रतिष्ठानलाई सम्मान गर्ने भएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आइतबार 'महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (सिआइपी)' सम्मान प्रदान गर्नका लागि सम्भावित व्यवसायी र प्रतिष्ठानहरूको नामावली सार्वजनिक गरेको छ।


आर्थिक वर्ष ०७९/८० र ०८०/८१ को कारोबार विवरण (भन्सार विभाग, राष्ट्र बैंकलगायतको तथ्यांकका आधारमा) सहित सम्भावित व्यवसायी तथा सम्बन्धित संस्थाहरूको सूची सार्वजनिक गरिएको हो। तेस्रो मुलुकतर्फ सबैभन्दा बढी वस्तु निर्यात गर्ने पाँच कम्पनीमा थर्ड आई इन्टरनेसनल (ऊनी गलैँचा), एभरेस्ट पस्मिना निटिङ एन्ड वेभिङ (तयारी पोसाक), नेसनल एक्सपोर्टस् प्रालि (ऊनी फेल्टका सामान), मनराम हिमालय ह्यान्डिक्राफ्ट (छुर्पी) र तारा ओरियन्टल (पस्मिना सल) सिआइपी सम्मानको सूचीमा अटाएका छन्। यी कम्पनीहरूले क्रमशः २२५.५४ करोड, ११९.२१ करोड, १४३.६८ करोड, २८०.६३ करोड र ६०.०९ करोड मूल्यबराबरको वस्तु निर्यात गरेको बताइएको छ।

भारततर्फ रकमका आधारमा सबैभन्दा धेरै निर्यात गर्ने शीर्ष तीन निर्यातकर्ता-उद्योगीमा डाबर नेपाल, आरती स्ट्रिप्स र रिलायन्स स्पिनिङ मिल्स पर्ने छन्। बहुराष्ट्रिय कम्पनी डाबर नेपालले १९ अर्ब ४७ करोड रुपैयाँबराबरको वस्तु भारत निर्यात गरेर अग्रस्थानमा छ।

चीनतर्फ रकमका आधारमा सबैभन्दा धेरै वस्तु निर्यात गर्ने शीर्ष तीन निर्यातकर्तामा छोमेन ट्रेडर्स (५०.४० करोड), फिन्जो सोनाम इन्टरप्राइजेज (३९.४५ करोड) र अष्टमंगल (३०.७० करोड)को नाम सिआइपी सूचीमा परेको छ। यस्तै, कृषिजन्य वस्तु सबैभन्दा बढी रकमको निर्यात गर्ने निर्यातकर्तामा नेपाल एभरेस्ट कार्डमम प्रडक्सन (२९१.४० करोड) र जडीबुटी क्षेत्रका वस्तुहरू सबैभन्दा बढी रकमको निर्यात गर्ने निर्यातकर्तामा दार्चुलाको एबी हर्बल ट्रेडर्स एन्ड सप्लायर्स (३७.२५ करोड) सिआइपी सम्मानको सूचीमा छन्। नेपालको मौलिक सीप, कला र संस्कृति झल्किने हस्तकलाका वस्तुहरूको निर्यातबाट सबैभन्दा धेरै रकम भित्र्याउने निर्यातकर्तामा गिफ्टलेन्ड इन्टरप्राइजेज (१४.५५ करोड) सूचीमा परेको छ। बढी रकमको निर्यात गर्ने महिला निर्यातकर्तामा जनकपुर रिफाइनरिजकी रइसा टिबडेवाला परेकी छिन्। सबैभन्दा बढी विदेशी मुद्रा भित्र्याउने विप्रेषण कम्पनीतर्फ आइएमई लिमिटेडले २९२.८१ मिलियन अमेरिकी डलर भित्र्याएको मन्त्रालयले जनाएको छ। पर्यटन क्षेत्रबाट विदेशी मुद्रा भित्र्याउन उच्च योगदान गर्ने एभरेस्ट हस्पिटालिटीले १.२ मिलियन अमेरिकी डलर भित्र्याएको छ। युवा उद्यमी-व्यवसायीमध्ये निर्यात व्यापार क्षेत्रमा उच्च योगदान पुऱ्याउनेमा रिलायन्स स्पिनिङ मिल्सका सञ्चालक ३६ वर्षीय अक्षय गोल्यान सूचीमा अटाएका छन्।

०८०/८१ मा सवा २३ अर्बको शंकास्पद वित्तीय कारोबार

वाणिज्य बैंकहरूबाट २१ अर्ब पाँच करोडबराबरको शंकास्पद कारोबारको सूचना



मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८०/८१ मा २३ अर्ब २६ करोड २२ लाख रुपैयाँबराबरको सात हजार तीन सय ३८ वटा वित्तीय कारोबार शंकास्पद भएको भन्दै नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइमा उजुरी परेको छ। आइतबार इकाइले सार्वजनिक गरेको गत आवको वार्षिक प्रतिवेदनले यस्तो देखाएको हो।

बैंक तथा वित्तीय संस्था, रेमिट कम्पनी, स्टक ब्रोकर, बिमा कम्पनीलगायतका संस्थाहरूले गत आवमा सो रकमबराबरको कारोबार शंकास्पद देखिएको भन्दै इकाइलाई जानकारी दिएका हुन्। वित्तीय कारोबार तथा गतिविधि गर्ने कम्पनीले आफ्नो संस्थामा भएको कुनै पनि कारोबार शंकास्पद लागेमा इकाइमा जानकारी गराउनुपर्छ। त्यसपछि इकाइले नै यसबारे अनुसन्धान गरेर थप कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनेछ।

रकमका आधारमा गत आवमा शंकास्पद कारोबार घटेको देखिन्छ। अघिल्लो आव ०७९/८० मा ३६ अर्ब ३६ करोड २१ लाख रुपैयाँबराबरको शंकास्पद कारोबार भएको भन्दै इकाइमा जानकारी आएको थियो। गत आव ०८०/८१ मा भने त्यो ३६ प्रतिशतले घटेर २३ अर्ब २६ करोड २२ लाख रुपैयाँमा सीमित भएको छ।

संख्याका आधारमा भने यस्तो शंकास्पद देखिएको कारोबार २४ प्रतिशतले बढेको देखिन्छ। अघिल्लो आव ०७९/८० मा पाँच हजार नौ सय ३५ वटा शंकास्पद कारोबार भएको भन्दै इकाइमा जानकारी आएको थियो। गत आव ०८०/८१ मा भने त्योभन्दा बढी अर्थात् सात हजार तीन सय ३८ वटा शंकास्पद कारोबारको जानकारी इकाइमा आएको छ।

यसअघि आव ०७६/७७ मा एक हजार ९०, आव ०७७/७८ मा एक हजार पाँच सय ३३ र आव ०७८/७९ मा दुई हजार सात सय ८० वटा शंकास्पद कारोबार भएको भन्दै इकाइमा जानकारी आएको थियो।

यो तथ्यांकले नेपालमा शंकास्पद कारोबार बढ्दै गएको संकेत गरेको छ। सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी मापदण्ड तय गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई दुई वर्षका लागि 'ग्रे' सूचीमा राखेको छ। यसअघि सन् २००८ देखि ०१४ सम्म पनि नेपाल ग्रे सूचीमा थियो। अहिले नेपालमा राष्ट्र बैंकको यो रिपोर्टले पनि नेपालमा सम्पत्ति शुद्धीकरणको जोखिम उच्च देखाउँछ।

साथै, बैंक तथा वित्तीय संस्थालगायतका कम्पनीहरूको शंकास्पद कारोबार पहिचान गर्ने क्षमता बढ्दा पनि यस्तो रिपोर्ट आएको राष्ट्र बैंकका अधिकारी बताउँछन्। सन् २००८ देखि राष्ट्र बैंकमा वित्तीय जानकारी इकाइ छ। तर, त्यसभन्दा पहिला पनि नेपालमा शंकास्पद कारोबार हुने गरेको थियो। तर, त्यसको पहिचान गर्ने र कानुनी कारबाहीका लागि जानकारी गराउन सक्ने अवस्था थिएन। साथै, इकाइ स्थापना भए पनि लामो समयसम्म यसका लागि आवश्यक पूर्वाधार बनेका थिएनन्। त्यसले गर्दा बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी, स्टक ब्रोकरलगायतका संस्थाहरू शंकास्पद कारोबारको पहिचान गरेर इकाइमा जानकारी दिन सक्ने अवस्थामा थिएनन्। तर, अहिले उनीहरूमा त्यस्तो कारोबारको पहिचान गरी जानकारी दिन सक्ने क्षमता विकास भएको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्। यद्यपि, शंकास्पद कारोबार बढेको पनि हुन सक्ने उनीहरूको भनाइ छ।

राष्ट्र बैंकका सूचना अधिकारी सुमन न्यौपानेले पनि यो तोकिएको मार्गदर्शनअनुसार प्राप्त भएको जानकारी मात्रै भएको बताए। 'यो आशंका मात्रै हो। यी सबै खराब नै हुन् भन्ने पनि होइन। प्राप्त सूचनामा वित्तीय जानकारी इकाइले आवश्यक अध्ययन-अनुसन्धान गर्छ,' उनले भने, 'खराब नै देखिएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्छौं।'

यसरी बैंकलगायतका संस्थाबाट प्राप्त जानकारीका आधारमा इकाइले आशंका गरिएको कारोबारको विश्लेषण गर्छ। त्यस क्रममा कारोबार शंकास्पद पुष्टि भएमा कानुनी कारबाही अगाडि बढाउन सम्बन्धित निकायमा पठाइनेछ।

राजस्व छलीसम्बन्धी कारोबार भएमा राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरणसम्बन्धी भएमा सम्पत्ति शुद्धीकरण निवारण विभागलाई मुद्दा चलाउन सिफारिस गरिन्छ। यसैगरी, कारोबारको प्रकृतिअनुसार नेपाल प्रहरीलगायतका निकायमा पनि यस्तो मुद्दा पठाइनेछ। त्यसपछि सोही निकायहरूले यसमा आवश्यक कारबाही अघि बढाउनेछन्।



कहाँबाट कति आए शंकास्पद कारोबारका सूचना ?

प्रतिवेदनअनुसार रकमका आधारमा गत आवमा वाणिज्य बैंकहरूबाट सबैभन्दा धेरै शंकास्पद कारोबारको सूचना आएको देखिन्छ। गत आवमा वाणिज्य बैंकबाट इकाइमा २१ अर्ब पाँच करोड चार लाख रुपैयाँबराबरको ६ हजार एक सय ८१ वटा शंकास्पद कारोबारको सूचना प्राप्त भएको देखिन्छ। दोस्रो नम्बरमा विकास बैंक देखिएका छन्। त्यहाँबाट ६८ करोड १७ लाख रुपैयाँबराबरको चार सय ९१ वटा शंकास्पद कारोबारको सूचना प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ। यस्तै, भुक्तानी सेवाप्रदायक र सञ्चालकबाट ६३ करोड १७ लाख रुपैयाँबराबरको एक सय ८१ वटा शंकास्पद कारोबार भएको भन्दै इकाइमा सूचना आएको देखिन्छ।

यसैगरी, वित्त कम्पनीबाट ४१ करोड ९५ लाख रुपैयाँबराबरको दुई सय १७ वटा, धितोपत्र व्यवसायी कम्पनीबाट ३० करोड रुपैयाँबराबरको ५२ वटा, रेमिट कम्पनीबाट आठ करोड ३९ लाख रुपैयाँबराबरको एक सय २६ वटा, बिमा कम्पनीबाट पाँच करोड २३ लाख रुपैयाँबराबरको ६२ वटा, सहकारीबाट तीन करोड ३४ लाख रुपैयाँबराबरको आठवटा, क्यासिनोबाट ५५ लाख रुपैयाँबराबरको आठवटा र माइक्रो फाइनान्सबाट ३३ लाख रुपैयाँबराबरको १२ वटा शंकास्पद कारोबारको सूचना प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ।

१६ सय ३५ सूचनामा विश्लेषण, आठ सय ८९ वटामा कारबाही अघि बढाइयो

गत आवमा प्राप्त शंकास्पद कारोबार तथा गतिविधिको सूचनामध्ये १६ सय ३५ वटा विश्लेषण गरिएको छ। त्यसमा आठ सय ८९ वटा सूचनामा आवश्यक अनुसन्धान गरी कारबाही गर्न सम्बन्धित निकायमा पठाइएको छ। सात सय ४६ वटा उजुरीलाई भने थप सूचना आएमा पुनः अध्ययन गर्ने गरी अभिलेखमा राखिएको छ। इकाइले गत आवमा १२ सय १६ वटा सूचनाको विश्लेषण गरिएको थियो। त्यसमा पाँच सय पाँचवटामा थप अध्ययन गरी कारबाही अघि बढाउन सम्बन्धित निकायलाई सिफारिस गरिएको थियो। सात सय ११ वटा सूचनामा भने थप जानकारी आएमा पुनः अध्ययन गर्ने गरी अभिलेखमा राखिएको थियो।

शंकास्पद कारोबार केका लागि धेरै ?

इकाइले गत आवमा १६ सय ३५ वटा सूचनाको विश्लेषण गरेको थियो। त्यसमा आठ सय ८९ वटा सूचनामा आवश्यक अनुसन्धान गरी कारबाही अघि बढाउन सम्बन्धित निकायलाई सिफारिस गरेको छ। त्यसमा ६ सय ३३ वटा कारोबार बैंकिङ, विदेशी मुद्रा खरिद-बिक्री, बिमा, सहकारीसँग सम्बन्धित छन्। यसैगरी अनलाइन गेम तथा लट्टीमा ७९, सम्पत्ति शुद्धीकरणमा ५७, कर छलीमा ४७, गुठीमा ३२, भ्रष्टाचारमा १२, हत्यामा १०, तस्करमा आठ, मानव तस्करमा पाँच, नागरिकता तथा अध्यागमनमा दुई, आतंकवादमा वित्तीय लगानीमा दुई र जालसाजीमा एक र आतंकवादसम्बन्धी संस्थामा एक यस्ता कारोबार भएको देखिएको छ। त्यसमा आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गरिएको छ।

थ्रेसहोल्ड कटाएर १७ लाखवटा कारोबार

समीक्षा अवधिमा थ्रेसहोल्डभन्दा बढी रकममा भएको कारोबार संख्या १६ लाख ९७ हजार सात सय १२ देखिएको छ। यो अघिल्लो आवको भन्दा आंशिक कम हो। गत आव ०७९/८० मा १६ लाख ९८ हजार तीन सय ९८ वटा यस्तो कारोबार भएको थियो। यसैगरी, ०७६/७७ मा २४ लाख ८५ हजार तीन सय ६१, आव ०७७/७८ मा १९ लाख ९९ हजार ४६ र आव ०७८/७९ मा २४ लाख एक हजार सात सय १४ वटा कारोबार थ्रेसहोल्डभन्दा माथि थिए। थ्रेसहोल्ड कटाएर गरिने कारोबार भने घट्दै गएको देखिन्छ।

सम्पत्ति शुद्धीकरणमा सात सय ८९ वटा उजुरी

गत आवमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा भने सम्पत्ति शुद्धीकरणको छानबिनका लागि सात सय ८९ वटा उजुरी परेका छन्। त्यसमध्ये पाँच सय ९६ वटाको प्रारम्भिक जाँचबुझ गरी १२ वटामा मुद्दा दायर गरिएको छ। विभागले ३९ जनालाई प्रतिवादी बनाएर एक अर्ब ४७ करोड रुपैयाँ बिगो दाबी गरेको छ। ती मुद्दाहरू विशेष गरी राजस्व चुहावट, विदेशी विनिमय, बैंकिङ कसुर, ठगी, मानव बेचबिखन, लागुऔषधको कारोबार, इन्साइडर ट्रेडिङजस्ता सम्बद्ध कसुरसँग सम्बन्धित रहेको विभागले जनाएको छ।

Tarakeshwor Municipality
Office of The Municipal Executive
Dharmasthali, Kathmandu
Bagmati Province, Nepal

Invitation for Bids

(Date of First Publication: 2081/12/18 (31st March, 2025))

1. **Tarakeshwor Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the procurement of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

Contract no./ID	*Description of Works*	*Total Estimated Amt (With VAT) Nrs.*	*Bid Security Amt (Nrs.)*	*Bid validity / bid security/ period*	*Bid Document Fee (Nrs.)*
TARA/44/GOODS/ NCB/081-082	Procurement of Sanitary Pad	30,64,424.40	80,000	90/120 days	3,000

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.

Information of bank account

i. Name of the Bank: NIC Asia Bank Manamaiju, Kathmandu
ii. Name of Office: Tarakeshwor Nagarpalika Office
iii. Rajaswa Khata No : 0172050029446002
iv. Dharauti Khata no: 17CA501509524006

3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before ***2082/01/17 (30th April, 2025)*** 12:00 hours.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2082/01/17 (30th April, 2025)*** 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at **9851263111, 9841423004**.

Chief Administrative Officer

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/१२/१८ (March 31 2025)

यस कार्यालयको बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय खरिदको माध्यम मार्फत रीतपूर्वक दर्ता भएका र प्राविधिक प्रस्तावमा सफल बोलपत्रहरुमध्ये देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. स.	बोलपत्रको विवरण	बोलपत्रदाताको नाम	कबोल अंक (VAT र PS बाहेक)
१.	Ward-3,6,8,11 hudai bagne Bishnumati nadi niyantran tatha karidor Nirman karya" ठेक्का नं.: 18/NCB/TM/W/2081-82.	Shahi Nirman Sewa, Kanchanpur	रु. १,२७,२२,१७०/०४

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

यस कार्यालयको तपशिल बमोजिमको कार्य विद्युतीय दरभाउपत्र (E–Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यवसायीहरुबाट रितपूर्वक दरभाउपत्र आव्हान गरिएको छ। वृस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाईट www.tokhamun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

ठेक्का नं.	खरिद सम्बन्धी बिवरण	फाराम दस्तुर (रु.)	जमानत रकम (रु.)	जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय
28/SQ/TM/G/2081-82.	Digital Led Board for Citizen Charter	१०००	५०,०००	७५ दिन	बैशाख २, २०८२; मध्यान्ह १२ बजे	बैशाख २, २०८२; दिनको १ बजे

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाटको चौपता अस्पताललाई ६ वटा डायलाइसिस मेसिन हस्तान्तरण

काठमाडौं/ पश्चिम नवलपरासीको बर्दघाट- १४ स्थित सहिद स्मृति सामुदायिक अस्पताल (चौपता अस्पताल)लाई ६ वटा हेमोडायलाइसिस मेसिन हस्तान्तरण गरिएको छ। काभ्रेको धुलिखेलमा एक कार्यक्रमबिच प्रतिनिधिसभा सदस्य विनोद चौधरीको उपस्थितिमा मेसिन बर्दघाट नगरपालिकाका मेयर शम्भुलाल श्रेष्ठलाई हस्तान्तरण गरियो। रोटरी क्लब अफ धुलिखेलको समन्वयमा जर्मन रोटरी भोलिन्टियर डाक्टरका तर्फबाट डाक्टर जोबस्ट इस्बरीले उक्त मेसिन उपलब्ध गराएको हो।

सांसद चौधरीले डायलाइसिस मेसिन उपलब्ध भएपछि पश्चिम नवलपरासीसहित नजिकका बिरामीले लाभ लिन सक्ने बताए। उनले भने, 'आज जर्मन रोटरी भोलिन्टियर डाक्टर र रोटरी क्लब अफ धुलिखेलको सहकार्यमा चौपता अस्पताल, बर्दघाटलाई ६ वटा हेमोडायलाइसिस मेसिन हस्तान्तरण गरिएको



छ। यसबाट पश्चिम नवलपरासीका मिर्गौला रोगीहरूको उपचारमा महत्त्वपूर्ण योगदान पुग्नेछ।' सांसद चौधरीले अस्पतालका लागि डायलासिस मेसिन र त्यसका लागि आवश्यक जनशक्तिको व्यवस्था गरिदिन स्वास्थ तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई आग्रह गर्दै आएका थिए। स्वास्थ्यमन्त्री पौडेलले हेमोडायलाइसिस मेसिन सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति तयार गर्न पनि सहयोग गर्ने जनाइसकेका छन्।

धुलिखेल नगरपालिकाका मेयर अशोक ब्यन्जूले मोफसलका सामुदायिक अस्पतालमा महत्त्वपूर्ण स्वास्थ्य सामग्री उपलब्ध हुँदा यसबाट नागरिकलाई लाभ हुने विश्वास व्यक्त गरे। यसअघि रोटरी क्लब अफ धुलिखेलले पश्चिम नवलपरासीमा ह्विल चियर प्रदान गर्नुका साथै बर्दघाटको रेयुकाई भवनमा आँखा क्लिनिक पनि सञ्चालनमा सहयोग गरेको थियो। डायलाइसिस मेसिन हस्तान्तरण कार्यक्रममा नगरप्रमुख शम्भुलाल श्रेष्ठ, चौपता अस्पतालका अध्यक्ष डिबी रानासहितका पदाधिकारी पनि उपस्थित थिए।

स्वास्थ्य शिविरलाई सानिमा बैंकको आर्थिक सहयोग

काठमाडौं/ सानिमा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत दुईदिने स्वास्थ्य शिविरका लागि आर्थिक सहयोग गरेको छ। बैंकले शक्तिचोक, गोरखास्थित नेपाली सेना रिपुमर्दन गण र सहिद लखन थापा गाउँपालिकाद्वारा संयुक्त रूपमा आयोजित शिविरमा आर्थिक सहयोग गरेको छ। सहिद लखन थापा गाउँपालिका- ६, घैरुङ स्वास्थ्यचौकीमा सञ्चालित उक्त शिविरबाट पाँच सय २५ जना लाभान्वित भएका छन्। उक्त शिविरमा महिलाको पाठेघरको मुखमा हुने क्यान्सर, हाडजोर्नी, स्त्रीरोग, चर्मरोग, मधुमेह, जनरल ओपिडीका साथै विविध रोगको परीक्षण गरी आवश्यकताअनुसार निःशुल्क औषधि वितरण गरिएको बैंकले जनाएको छ।

दुसित थानी र क्रिस्टलबिच एसबिआई बैंकको सम्झौता



काठमाडौं/ नेपाल एसबिआई बैंक र दुसित थानी हिमालयन रिसोर्ट, धुलिखेलबिच छुट सम्झौता भएको छ। सम्झौताअनुसार बैंकका डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताले दुसित थानीमा खाद्य तथा पेयपदार्थ र अन्य सुविधा लिँदा १५ प्रतिशतसम्म छुट पाउने भएका छन्।

उक्त सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत राजेशकुमार पंडा र दुसित थानीकी सहनिर्देशक सितुश्रेष्ठले हस्ताक्षर गरेका हुन्। त्यसैगरी, बैंकले ग्राहकलाई छुट दिन होटेल क्रिस्टल पशुपतिसँग पनि सम्झौता गरेको छ। उक्त होटेलमा ग्राहकले २० प्रतिशतसम्म छुट पाउनेछन्।


कर्पोरेट पेमा २० हजारभन्दा बढी संस्था आबद्ध

काठमाडौं/ व्यावसायिक भुक्तानी प्रणाली, कर्पोरेट पेमा २० हजारभन्दा बढी संस्था आबद्ध भइसकेका छन्। नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)अन्तर्गतको कर्पोरेट पेले चालू आर्थिक वर्षको आठ महिनासम्ममा कर्पोरेट पेमार्फत सात खर्ब १४ अर्बभन्दा बढीको भुक्तानी कारोबार फर्स्योट भइसकेको जनाएको छ। गत आवमा आठ खर्बको कारोबार भएको थियो। यस उपलब्धिले साना तथा मझौला व्यावसायिक र विभिन्न संस्थाले डिजिटल भुक्तानीका लागि कर्पोरेट पे प्रयोग गर्ने प्रवृत्ति बढिरहेको कम्पनीले जनाएको छ। कर्पोरेट पेको 'मल्टी बैंकिङ डिजिटल पेमेन्ट तथा फाइनान्सियल सर्भिसेस्'ले गर्दा प्रयोगकर्ता उल्लेखनीय रूपमा वृद्धि भइरहेको कम्पनीको दाबी छ।

यस प्रणालीबाट फन्ड ट्रान्सफर, तलब भुक्तानी, भेन्डर पेमेन्ट, नेपाल सरकारको राजस्व भुक्तानी, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष, बल्क युटिलिटी भुक्तानी, क्रेडिटर सेटलमेन्टलगायतका विभिन्न भुक्तानी गर्न सकिन्छ। कर्पोरेट पेमा एकभन्दा बढी बैंक खाता लिंक गरी भुक्तानी तथा प्राप्ति गर्न सकिन्छ। साथै, रियल टाइममा एउटै बैंकमा प्रतिकारोबार एक करोड तथा अन्तरबैंकमा २० लाखसम्म कारोबार सीमा रहेको छ।

ज्योति विकासले दियो अस्पताललाई बेबी वार्मर

काठमाडौं/ ज्योति विकास बैंकले सुदूरपश्चिमका विभिन्न अस्पताललाई बेबी वार्मर प्रदान गरेको छ। बैंकले जिल्लाका अस्पताल तथा बर्थिङ सेन्टरहरूमा नवजात शिशुको शारीरिक तापक्रमलाई उचित राख्न र हाइपोथर्मिया (अल्पताप)को जोखिमबाट जोगाउन उक्त प्रदेशका चार स्थानमा बेबी वार्मर (न्यानो नानी) मेसिन जडान गरेको जनाएको छ।



बैंकको पहलमा बैतडीको दोगडाकेदार गाउँपालिकास्थित श्रीकोट हेल्थपोस्टमा बेबी वार्मर जडान गरिएको छ। त्यस्तै, दार्चुलाको लेकम नगरपालिका- २, स्थित सर्मौली हेल्थपोस्ट, अपि हिमाल गाउँपालिका- ५, सौगन्नास्थित सौगन्ना आधारभूत स्वास्थ्य केन्द्र र बाजुराको बुढीगंगा नगरपालिका- २ स्थित ब्रह्मटोल हेल्थपोस्टमा पनि बेबी वार्मर जडान गरेको छ। सोही अवसरमा अस्पतालका डाक्टर, नर्सलगायत सम्बन्धित कर्मचारीहरूलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत यी चारवटा अस्पताल तथा बर्थिङ सेन्टरसहित हालसम्म देशभर ५९ वटा बेबी वार्मर मेसिन प्रदान गरिसकेको जनाएको छ। यी उपकरणमार्फत हरेक वर्ष करिब दुई हजार ६५ भन्दा बढी नेपाली शिशुलाई यो सुविधा उपलब्ध गराई अमूल्य जीवन रक्षा गर्न सफल भएको बैंकको दाबी छ। हालसम्मको योगदानले करिब १० हजार तीन सय २५ भन्दा बढी शिशु प्रत्यक्ष रूपमा यस सेवाबाट लाभान्वित भएको बताइएको छ।

अस्पताल बनाउन सिटिजन लाइफको पाँच लाख सहयोग

काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्सले काठमाडौं बाल अस्पताल निर्माणका लागि पाँच लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। गत वर्ष पनि कम्पनीले अस्पताललाई आर्थिक सहयोग प्रदान गरेको थियो। कम्पनीका अध्यक्ष प्रदीपजंग पाण्डे र प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थका अध्यक्ष डा. भगवान कोइरालालाई पाँच लाखको चेक हस्तान्तरण गरेका छन्। यो सहयोगले अस्पताल निर्माणमा थप मद्दत हुने अपेक्षा राखेको छ।

कम्पनीले विभिन्न पहल गर्दै समुदायमा सकारात्मक परिवर्तन ल्याउन शैक्षिक, स्वास्थ्य र पर्यावरणीय कार्यक्रम आयोजना गर्दै आएको जनाएको छ।

हुलदंगाको क्षति बिमा दाबी फर्स्योट गर्न निर्देशन

काठमाडौं/ नेपाल बिमा प्राधिकरणले १५ चैतमा काठमाडौंको विभिन्न स्थानमा भएका हुलदंगाका कारण भएको क्षतिबाट पर्न सक्ने बिमा दाबीलाई यथाशक्य छिटो फर्स्योट गर्न सबै निर्जीवन बिमा कम्पनीलाई निर्देशन दिएको छ। प्राधिकरणले हुलदंगाका कारण बिमितको धनसम्पत्तिमा भएको क्षतिको बिमा दाबीलाई यथाशक्य छिटो फर्स्योट गर्न आइतबार प्राधिकरणले निर्देशन दिएको हो।

यसैगरी, हुलदंगाका कारणले भएका क्षतिको विवरण एक्सेल स्प्रिडसिट ढाँचामा प्राधिकरणले दिएको गुगल फर्मको लिंकमार्फत साप्ताहिक रूपमा प्राधिकरणमा पेस गर्न पनि सबै निर्जीवन बिमा कम्पनी र निर्जीवन लघुबिमा कम्पनीलाई निर्देशन दिइएको छ।

बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१८

यस **कत्ले सा.व.उ.स. दुधौली न.पा. ७, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादनभई घाटगद्दि गरी राखिएको विभिन्न **लटको साल तथा असना** जातको गोलिया थान १६८ को ३२५९.**०२** क्यू.फिट गोलिया काठ र दाउरा ३ चट्टा व्यापारिक प्रयोजनको लागि बिक्रीवितरण गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/१२/१८

यस बैंकका निक्षेपकर्ता श्री बाबुराम बस्नेतकी छोरी, काठमाण्डौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.४ बस्ने वर्ष ७९ की श्रीमती सावीत्री बुढाथोकीको ना.प्र.प.नं. २६४, जारी मिति २०४१/०३/२३ जि.प्र.का. काठमाण्डौं) को मिति २०८१/०७/१५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु तथा बैकमा रहेको लकर समेत उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमान हर्ष बाहादुर बुढाथोकीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरु तथा लकरका सामानहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमान हर्ष बाहादुर बुढाथोकीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म: २०१३/७/१४
स्वर्गारोहण: २०८१/१२/१६

स्व. छोर्तेन गुरूङ्ग

यस संस्थाका संस्थापक शेयर सदस्य **स्व. छोर्तेन गुरूङ्ग**ज्यू को अल्पआयु उमेरमा असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। यस दुखद घडीमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान होस भनि हार्दिक समवेदना प्रकट गर्दछौं साथै निज स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

दिनेश गुरूङ्ग
प्रवन्ध निर्देशक

तिलिचो बचत तथा ऋण सहकारी संस्था लि.
Tilicho Saving & Credit Co-operative Ltd.
का.म.न.पा.-२६, ठमेल, काठमाडौं

Tarakeshwor Municipality
Office of The Municipal Executive
Dharmasthali, Kathmandu
Bagmati Province, Nepal

Re-Invitation for Bids

(Date of Second Publication: 2081/12/18 (31st March, 2025)

1. **Tarakeshwor Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the procurement of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

Contract Identification No.	Name of project	Cost of Bidding document	Minimum AACT of the best 3 years within the last 10 years- NRs. Excluding VAT.	Work experience of similar size and nature Bid-NRs.	Bid Security (NRs.) 150 days from last date of bid submission
TARA/37/ NCB/ 2081-82	Tarakeshwor Nagarpalikama Raheko Muhan Bata Pani Sankalan Garna Brihat Tyanki Nirman Ra Prasodhan Yojana Ward 7	5000.00	3,13,00,000/-	84,00,000/-	6,00,000.00

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.
   Information of bank account
   i. Name of the Bank: NIC Asia Bank Manamaiju, Kathmandu
   ii. Name of Office: Tarakeshwor Nagarpalika Office
   iii. Rajaswa Khata No : 0172050029446002
   iv. Dharauti Khata no: 17CA501509524006
3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before ***2081/01/02 (15th April, 2025)*** 12:00 hours.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2081/01/02 (15th April, 2025)*** 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at **9851263111, 9841423004**.

Chief Administrative Officer

Government of Gandaki Province
Ministry of Energy, Water Resources and Water Supply
Water Resources and Irrigation Development Division Office, Kaski
Pokhara, Nepal

Invitation for Bids (E-bid only)

First date of publication: 2025-03-31 (2081-12-18 BS)

1. Water Resources and Irrigation Development Division Office, Kaski invites the following electronic bids (NCB) for the eligible national bidders for the contracts given below.

S. N.	Contract I.D.	Description and Location of Work	Estimated Amount (Exclusive of VAT & Contingencies) (NRs)	Fee for bid document (NRs)	Bid Security amount in (NRs)	Date of Bid Opening
1	WRIDDOK/ NCB/03/ FIP/2081/2082	Construction and Maintenance of Canal and Canal related works at Fewa System, Pokhara-17, Kaski	**2852906.56**	**3000.00**	**85000.00**	Apr 30, 2025 2082-01-17 2:00 pm
2	WRIDDOK/ NCB/04/BRD-BC4/2081/2082	Construction of RCC Lining at Boksiko Raha dekhi BC-4 Prasakha samma ISP, Pokhara-32, Kaski	**4249245.72**	**3000.00**	**120000.00**	
Last Date of Bid Submission: Apr 30, 2025 (2082-01-17), 12:00 pm						

2. For further Details Bidders are requested to visit the WRIDD Office, Kaski, Telephone 061-583267, email: wriddo.kaski@gmail.com or may visit PPMO's website https://bolpatra.gov.np/egp.

Division Chief

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुलदेवमाडौं, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

खुला बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१८

1. Budhiganga Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the procurement of following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Budhiganga Municipality, Office of The Municipal Executive, Kuldevmandu, Bajura, phone no. 9858483993 or, email: ito.budhigangamun7@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall not be held.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.

Details of Works

Contract No.	Description of Work	Cost of Bid Documents	Estimated Amount (NRS.) [Excluding VAT]	Minimum Bid Security Amount	Bid Security Validity Period	Last Date of	
						Bid Submission	Bid Opening
BM/NCB/W/ 05/2081-082	Construction of Dumping Site	3,000.00	80,51,236.32	2,30,000.00	Validity up to 120 days from the last date of bid submission	2082/01/17 12:00 hrs	2082/01/17 13:00 hrs

Information to deposit the cost of bidding document & Bid Security (Cash) in Bank:

Cash Deposite for Purchase of Bid Document		Cash Deposite for Bid Security	
Name of the Bank		Siddhartha Bank Limited, Falasain Branch, Bajura	
Name of the Office/Account Name		Budhiganga Municipality, Bajura	
Office Code no:		801076903	
Rajaswa Account no:	03115263439	Dharauti Account No.	03115110332
Rajaswa (revenue) Shirshak no:	03115263439		

5. The Budhiganga Municipality, Office of the Municipal Executive, Kuldevmandu, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

नयाँ पत्रिका

■ तेस्रो नेपाल सुपर लिग

बुटवल र झापाले अंक बाँडे



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

बुटवल लुम्बिनी र झापा एफसीले तेस्रो नेपाल सुपर लिग (एनएसएल)को दोस्रो खेलमा गोलरहित बराबरी खेलेका छन् । दशरथ रंगशालामा आइतबार दुवै टोलीले १४ सय दर्शकसामु निराश खेल खेल्दै अंक बाँडेका हुन् । प्रतिस्पर्धामा दर्शकले खुसियाली मनाउने मौका नै पाएनन् ।

> बुटवल लुम्बिनी र झापाले गोलरहित बराबरी खेल्दै १४ सय दर्शकलाई निराश पारे

झापाले केही आकर्षक गोलका अवसर सिर्जना गरे पनि बुटवल लुम्बिनीले एक अवसर मात्र बनाएको थियो । खेल प्रतिस्पर्धात्मक बनाउन दुवै टोलीले समान पाँच विदेशी खेलाडी उतारेका थिए । तर, उनीहरूले क्षमताअनुसार आफ्नो कौशल देखाउन सकेनन् ।

खेलको ७०औँ मिनेटमा बुटवलका कप्तान एरिक विष्टले रातो कार्ड पाए । त्यसपछि बुटवलले दश खेलाडीमा प्रतिस्पर्धा गरेको थियो । विपक्षीको एक खेलाडी कम भएको फाइदा झापाले उठाउन सकेन । झापाले अस्ट्रेलिया गएका ऋतिक खड्कालाई कमब्याक गरायो । एनएसएल अक्सनमा 'ए' श्रेणीका एक खेलाडी कम खरिद गरेपछि झापा विदेशमा रहेका नेपाली खेलाडी ल्याउन बाध्य भएको हो ।

कप्तानले रातो कार्ड पाउँदा गाह्रो भयो

● **पुष्पलाल शर्मा**, प्रशिक्षक, बुटवल लुम्बिनी



विदेशी सेन्टर ब्याक सुरुमै घाइते हुँदा समस्या भयो । उनलाई परिवर्तन गर्दा चार विदेशी खेलाडी मात्रै खेलायौं । कप्तान विष्टले रातो कार्ड पाउँदा झनै गाह्रो भयो । एनएसएलको खेलतालिका गाह्रो छ । यसपछि बलियो धनगढीसँग खेल्नुपर्नेछ । यद्यपि, धनगढीसँगको खेल सहज हुन सक्छ । एनएसएलमा नेपाली गोलरक्षकलाई प्राथमिकतामा राखिएको पाइएन ।

१ अंकमा खुसी छैन

● **प्रवेश कटवाल**, प्रशिक्षक, झापा एफसी



बुटवल लुम्बिनीविरुद्ध बराबरी खेल्दै १ अंक जोडेका छौं । यो प्रदर्शनबाट खुसी छैन । हामी यहाँ जित्नका लागि आएका थियौं । प्रतिस्पर्धामा अवसर पायौं, तर विपक्षी गोलरक्षकले राम्रो खेले । दोस्रो हाफमा पनि सोचेजस्तो प्रदर्शन गर्न सकेनौं । प्रतियोगितामा सबै टिम उस्तै छन् । बुटवल १० खेलाडीमा हुँदा राम्रो खेल्न भनेको थियौं । खेलाडीले आत्तिएर राम्रो खेलेनन् । ऋतिक खड्कालाई अस्ट्रेलियामा राम्रो खेलेपछि टिममा बोलाइएको हो ।

■ भुटानी प्रशिक्षक शर्माले सम्हाले नेपाली क्लब



बुटवलका प्रशिक्षक पुष्पलाल शर्माले नेपाली फुटबलमा व्यक्तिगत रेकर्ड बनाएका छन् । भुटानका नागरिक शर्माले पहिलोपटक नेपाली क्लबलाई सम्हालेका हुन् । प्रो लाइसेन्स प्राप्त शर्मालाई बुटवलले एनएसएलका लागि अनुबन्ध गरेको हो । नेपालको फुटबल इतिहासमा यसअघि कुनै पनि भुटानी प्रशिक्षकले क्लब हेरेका छैनन् । गत साउनमा उनकै प्रशिक्षणमा एफसी पारोले दशरथ रंगशालामा प्रतिस्पर्धा गरेको थियो ।

प्रशिक्षक शर्माले पहिलो खेल सोचेजस्तो नभएको बताए । 'मेरा लागि नेपालमा पहिलो खेल थियो, खासै उत्साही भइनँ,' उनले भने, 'समग्र दक्षिण एसियाको फुटबल उस्तै छ, तर पहिलो खेलमा ३ अंक बटुल्ने योजना पूरा भएन ।' नेपाली प्रशिक्षकसँग प्रो लाइसेन्स छैन । दक्षिण एसियामा भुटानको फुटबल संरचना कमजोर मानिन्छ । शर्माले गोलरक्षक दीपले उत्कृष्ट खेलेको बताए । 'समग्रमा आजको खेलमा गोलरक्षक दीपले राम्रो प्रदर्शन गरे,' उनले भने, '१ अंक प्राप्त गर्न गर्न उनको योगदान महत्त्वपूर्ण रह्यो ।' तेस्रो संस्करणको सुपर लिगमा सातमध्ये बुटवलले मात्रै नेपाली गोलरक्षकलाई पहिलो रोजाइमा राखेको छ । बाँकी ६ टोलीले पहिलो रोजाइमा विदेशी गोलरक्षकलाई प्राथमिकतामा राखेका छन् ।

> साबिक चारपटकको इंग्लिस प्रिमियर लिग विजेता म्यानचेस्टर सिटी चालू सिजनमा ४८ अंकका साथ पाँचौं स्थानमा छ, नौ खेल बाँकी रहँदा शीर्ष स्थानको लिभरपुलसँग २२ अंकले पछाडि

बुटवलले पहिलो रोजाइका गोलरक्षक दीप कार्कीलाई प्लेइङ ११ मै समावेश गरेको थियो । दीपले खेल अवधिभरि नै उत्कृष्ट प्रदर्शन गरे । उनले झापाका राम्रो अवसरलाई विफल पारे । यसै प्रदर्शनका कारण उनी खेलकै प्लेअर अफ दी म्याच भए । झापाका प्रशिक्षक प्रवेश कटवालले १ अंकमा सन्तुष्टि हुन नसकेको बताए । '३ अंक आउने खेलमा गोल नै भएन, १ अंकले खुसी छैन,' कटवालले भने, 'यहाँ जित्नका लागि आएका थियौं, अवसर पनि पाएका थियौं ।' उनका अनुसार बुटवलका गोलरक्षकले उत्कृष्ट प्रदर्शन गरेका थिए । 'विपक्षी दश खेलाडीमा सीमित हुँदाको फाइदा लिनुपर्ने थियो । हामी दोस्रो हाफमा चुक्यौं,' उनले भने । सोमबार एफसी चितवनले पोखराको सामना गर्नेछ ।

क्यानले बोलायो बन्द प्रशिक्षणमा पुरुष र महिला खेलाडी

आइसिसी विश्वकप लिग-२ र महिला विश्वकप एसियन छनोटका लागि प्रारम्भिक खेलाडी छनोट

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली राष्ट्रिय पुरुष र महिला टोलीका खेलाडीलाई एकैपटक प्रमुख अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि बन्द प्रशिक्षणमा बोलाएको छ । पुरुष टोलीले आइसिसी विश्वकप लिग-२ तथा महिलाले विश्वकप छनोट खेल खेल्दै छन् । गत शुक्रबार क्यानले नेपाली पुरुष टोलीको प्रमुख प्रशिक्षकमा अस्ट्रेलियन स्टुवार्ट ललाई नियुक्त गरेको थियो । जिम्मेवारी पाएको तेस्रो दिनमै स्टुवार्टले आगामी जुनमा स्कटल्यान्डमा आयोजना हुने विश्वकप लिग-२ शृंखलाका लागि बन्द प्रशिक्षण राखेका छन् ।

क्यानको खेलाडी छनोटले प्रारम्भिक रूपमा ४८ खेलाडी समावेश गरेको छ । विश्वकप लिग-२ मा राम्रो नतिजा निकाल्न छनोट भएका खेलाडीलाई चार समूहमा विभाजित गरिएको छ । खेलाडीलाई नेपाल रातो, नेपाल नीलो, नेपाल पहेँलो र नेपाल हरियो बनाइएको क्यानका प्रवक्ता छुम्बी लामाले बताए । लामाका अनुसार प्रमुख प्रशिक्षक स्टुवार्टको प्रत्यक्ष निगरानीमा बन्द प्रशिक्षणमा छनोट भएका खेलाडीले अभ्यास खेल खेल्नेछन् ।

चार समूहबिच हुने अभ्यास खेलबाटै नेपाली टोली घोषणा गर्ने क्यानको तयारी छ । शनिबार मात्र आठौं प्रधानमन्त्री कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगिता सम्पन्न भएको थियो । यसै प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका युवा तथा उदीयमानी खेलाडीलाई प्रारम्भिक टोलीमा समावेश गरिएको छ । चोटका कारण लेगस्पिनर सन्दीप लामिछानेले प्रतिस्पर्धा गरेका थिएनन् । तर, क्यानले उनलाई पनि बन्द प्रशिक्षणमा बोलाएको छ । प्रारम्भिक टोलीमा कप्तान रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, सोमपाल कामी, आसिफ शेख, कुशल भुर्तेल, करण केसीजस्ता अनुभवी खेलाडी छन् ।

प्रतिभाशाली खेलाडीमा साहब आलम, आकाश चन्द, विवेककुमार यादव, सूर्य तामाङ, देव खनाल, बसिर अहमद, प्रतिस जिसी, अर्जुन घर्ती रहेका छन् । त्रिभुवन आर्मीका साहब प्रधानमन्त्री कपमा सय विकेट पूरा गर्ने दोस्रो बलर बनेका थिए । विश्वकप लिग-२ मा नेपालले अहिलेसम्म तीन शृंखला खेलेको छ । नेपाल अहिले आठमध्ये सातौं स्थानमा छ । नेपालले शृंखलामा दुई जित मात्र हात पारेको छ ।

महिलातर्फ २८ खेलाडी

नेपाली महिला टोलीले आगामी मेमा थाइल्यान्डले आयोजना गर्ने आइसिसी महिला टी-२० विश्वकपअन्तर्गत एसिया छनोट खेल्नेछ । क्यानले आइतबार २८ जनाको प्रारम्भिक टोली घोषणा गरेको छ । क्यानले महिला टोलीको कन्सल्ट्यान्ट प्रशिक्षकका रूपमा भारतका मनीष झालाई जिम्मेवारी दिएको छ । थाइल्यान्डमा हुने एसिया छनोटका शीर्ष दुई टोली विश्वकपका लागि छानिनेछन् । विश्वकप छनोटमा १० टोलीबिच प्रतिस्पर्धा हुनेछ । क्यानको प्रारम्भिक खेलाडीमा सिनियर खेलाडीकै बाहुल्य छ । दुई साताअघि युगान्डामा भएको चारदेशीय टी-२० आई खेलेका सबै खेलाडीले प्रारम्भिक चरणमा स्थान बनाएका छन् ।

४८ पुरुष खेलाडी

रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, सोमपाल कामी, आसिफ शेख, कुशल भुर्तेल, गुल्सनकुमार झा, करण केसी, ललितनारायण राजवंशी, अनिलकुमार साह, सन्दीप जोरा, आरिफ शेख, भीम सार्की, कुशल मल्ल, सागर ढकाल, लोकेश बम, साहब आलम, आकाश चन्द, विवेककुमार यादव, सूर्य तामाङ, रिजन ढकाल, देव खनाल, बसिर अहमद, प्रतिस जिसी, अविनाश बोहरा, मयन यादव, अर्जुन घर्ती, हेमन्त धामी, दीपेशप्रसाद कँडेल, रुपेशकुमार सिंह, अर्जुन कुमाल, शुभ कंसाकार, किरण ठगुन्ना, इशान पाण्डे, शेर मल्ल, प्रज्वल थापा, तृतराज दास, दीपेन्द्र रावत, नन्दन यादव, सुजन थपलिया, दिलीप नाथ, आकाश त्रिपाठी, विशाल पटेल, शाकिब हक, विनोद भण्डारी, पवन सर्राफ, रासिद खान, अर्जुन साउद ।

२८ महिला खेलाडी

इन्दु बर्मा (कप्तान), रुविना क्षेत्री, विन्दु रावल, एलिसाकुमारी यादव, साना प्रवीण, राजमती ऐरी, रोमा थापा, कविता कुँवर, ईश्वरी विष्ट, पूजा महतो, कविता जोशी, मनीषाकुमारी उपाध्याय, सबनम राई, सिमाना केसी, रचनाकुमारी चौधरी, सम्झनाकुमारी खड्का, रिया शर्मा, रुवी पोद्दार, सीता रानामगर, यशोदा विष्ट, अनु कडायत, मनीषा बोहरा, लक्ष्मी साउद, हेलिसा गुरुङ, काजल श्रेष्ठ, सोमु विष्ट, संगीता राई, एलिसा खडिया ।

'बी' डिभिजनमा आरसिटीको पहिलो जित



नयाँ पत्रिका

रानीपोखरी कर्नर टिम (आरसिटी)ले सहिद स्मारक 'बी' डिभिजन लिग फुटबल प्रतियोगितामा पहिलो जित निकालेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतबार भएको लिगको तेस्रो खेलमा आरसिटीले स्पष्ट ३ अंक बटुलेको हो । आरसिटीले नयाँ बस्तीलाई २-१ ले हराएको हो । आरसिटीले तीन खेलबाट ३ अंक बटुलेको छ । आरसिटी लिगको ११औं स्थानमा छ । शीर्ष डिभिजन उक्लने लक्ष्य राखेको आरसिटीले यसअघि लगातार दुई खेल गुमाएको थियो ।

नयाँ बस्तीविरुद्ध आरसिटीले खेलको १०औं मिनेटमा अग्रता लियो । आरसिटीका लागि प्रज्वल गुरुङले अग्रता दिलाएका थिए । उनले डिबक्सभित्र पहिलो बारमा गोल गरेका थिए । नयाँ बस्तीका लागि खेलको २१औं मिनेटमा पूर्णबहादुर गुरुङले १-१ का लागि गोल गरे । पोस्टभन्दा २० यार्ड टाढाबाट उनले उत्कृष्ट बराबरी गोल फर्काएका थिए । पहिलो हाफमा दुवै टोलीबाट थप गोल हुन सकेन । मध्यान्तरपछि आरसिटी आक्रामक रूपमा प्रस्तुत भयो । खेलको ६४औं मिनेटमा निखिल तामाङले आरसिटीलाई २-१ को अग्रता दिलाए । उनले नयाँ बस्तीका डिफेन्डरलाई सहज कटाएर गोल गरेका थिए । तीन खेलबाट नयाँ बस्तीको १ अंक छ । नयाँ बस्तीले दुई खेल गुमाएको छ ।

'बी' डिभिजन लिगअन्तर्गत टुसाल क्लबले तीन खेलमा अपराजित रहने क्रममा सरस्वती युथ क्लबलाई १-० ले हरायो । टुसालको जितमा एक मात्र गोल कमल विश्वकर्माले गरेका थिए । उनले सरस्वतीका गोलरक्षकलाई छक्याएर सहजै गोल गरे । ५ अंकका साथ टुसाल लिगको छैटौं स्थानमा छ । लिगमा पहिलो हार सामना गरेको पूर्व 'ए' डिभिजन क्लब सरस्वती ६ अंकका साथ तेस्रो स्थानमा रह्यो । श्री भगवतीले दुई जित र एक बराबरी खेली दोस्रो स्थान रक्षा गरेको छ । प्रतियोगितामा प्लानिङ ब्वाइज ९ अंकका साथ शीर्ष स्थानमा छ ।

■ आइपिएल-२०२५

राजस्थानसँग चेन्नई ६ रनले पराजित

एजेन्सी

राजस्थान रोयल्सले इन्डियन प्रिमियर लिग (आइपिएल)मा पहिलो जित निकालेको छ । गुवाहाटीमा आइतबार भएको खेलमा राजस्थानले चेन्नईलाई ६ रनले हराएको हो । पहिलो ब्याटिङ गरेको राजस्थानले नौ विकेट गुमाएर १८२ रन बनाएको थियो । प्रत्युत्तरमा चेन्नईले २० ओभरमा ६ विकेटको नोक्सानीमा १७६ रन जोड्यो । चालू आइपिएलमा राजस्थानले तीन खेलमा दुई हार र एक जितका साथ २ अंक बनाएको छ ।

जिते पनि राजस्थानले स्थान सुधार्न सकेन । राजस्थान पुछारबाट दोस्रो स्थानमा छ । पुछारको मुम्बई अंकविहीन छ । चेन्नईले लगातार दुई खेल गुमायो । यसअघि रोयल्स च्यालेन्जर्स बेंग्लोरबाट पराजित भएको थियो । अन्तिम ओभरमा चेन्नईलाई २० रन आवश्यक थियो । चेन्नईले केवल १३ रन मात्र बनाएको थियो । चेन्नईका लागि कप्तान ऋतुराज गैकवाडले सर्वाधिक ६३ रनको योगदान दिए ।

उनले ४४ बलमा सात चौका र एक छक्का प्रहार गरेका थिए । रवीन्द्र जडेजाले २२ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३२ रन बटुले । पूर्वकप्तान महेन्द्रसिंह धोनीले ११ बलमा समान एक चौका र छक्का प्रहार गरी १६ रन बनाए । राजस्थानका लागि बलिङमा वानिन्दु हसरंगाले ३५ रन खर्चेर चार विकेट हात पारे । यसअघिको ब्याटिङमा राजस्थानका नीतीश रानाले ३६ बलमा १० चौका र पाँच छक्का प्रहार गरी सर्वाधिक ८१ रनको योगदान दिएका थिए । कप्तान रियान परागले २८ बलमा ३७ रन जोडे ।

दिल्ली सात विकेटले विजयी

आइपिएलअन्तर्गत आइतबारै भएको पहिलो खेलमा दिल्ली क्यापिटल्सले लगातार दोस्रो खेलमा जित निकालेको छ । दिल्लीले सनराइजर्स हैदराबादलाई सात विकेटले हरायो । पहिलो ब्याटिङ गरेको हैदराबादले १८.४ ओभरमा सबै विकेट गुमाएर १६३ रन बनाएको थियो । प्रत्युत्तरमा दिल्लीले १६ ओभरमा तीन विकेटको क्षतिमा १६६ रन जोड्यो । दिल्लीको जितमा फाफ डु प्लेसिसले २७ बलमा ५० रन बनाए । अभिषेक पोरेलले १८ बलमा ३४ तथा फ्रेसर म्याकगर्कले ३२ बलमा ३८ रन बटुले । दिल्लीका मिचल स्टार्कले ३५ रन खर्चेर पाँच विकेट लिएका थिए । हैदराबादको ब्याटिङमा अंकित बर्माले ४१ बलमा ७४ रन जोडेका थिए । हेन्रिक क्लासेनले १९ बलमा ३२ रनको योगदान दिएका थिए ।



खेल संक्षेप

धनकुटालाई हराउँदै नमोबुद्ध सेमिफाइनलमा

धनकुटा/ १७औं सहिद भीमनारायण गोल्डकप फुटबल प्रतियोगितामा सप्तरीको नमोबुद्ध युथ क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । आइतबार भएको उद्घाटन खेलमा नमोबुद्धले धनकुटालाई ३-१ ले हराएको हो । नमोबुद्धको जितमा निर्मल घिसिङ, मेक्सम दास र मोहित गुरुङले समान एक गोल गरेका थिए । धनकुटाबाट दीपेन शाक्यले एक गोल फर्काए । आयोजक सहिद भीमनारायण स्मृति प्रतिष्ठानले विजेतालाई पाँच लाख र उपविजेतालाई दुई लाख ५० हजार रुपैयाँ प्रदान गर्ने जनाएको छ । सोमबार हुने दोस्रो क्वार्टरफाइनल खेलमा इटहरीको ब्वाइज फुटबल क्लब सुनसरीले गाईघाट फुटबल क्लब उदयपुरको सामना गर्नेछ । सहिद भीमनारायण श्रेष्ठको स्मृतिमा तल्लो टुँडिखेलमा गोल्डकप प्रतियोगिता सञ्चालन हुँदै आएको छ ।

अन्तर्राष्ट्रिय रनिङ कन्फ्रेन्स नेपालमा

काठमाडौं/ काठमाडौंमा पहिलोपटक अन्तर्राष्ट्रियस्तरको दौड सम्मेलन हुने भएको छ । आगामी २३ जेठमा विश्व म्याराथनको साझा संस्था एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)सँगको सहकार्यमा दौडसम्बन्धी अन्तर्राष्ट्रिय कन्फ्रेन्स हुन लागेको हो । नेपालमा एसियाली देशबाट रनिङ समुदायलाई एकै थलोमा जमघट गराई अनुभव आदानप्रदान गर्ने, केही सिक्ने र केही सिकाउने मञ्चका रूपमा कन्फ्रेन्सको थालनी गर्न लागिएको नेपालगन्ज म्याराथनका संस्थापक टिएस ठकुरीले बताए । दक्षिण एसियामा पहिलोपटक नेपालमा यस वर्षदेखि कन्फ्रेन्स हुन लागेको ठकुरीले बताए । कन्फ्रेन्समा शिक्षा, खेलकुद र पर्यटनसँग सम्बन्धित चारवटा सेसन रहनेछन् ।

हाप्किडोको साधारणसभा सम्पन्न

काठमाडौं/ नेपाल हाप्किडो संघको दोस्रो साधारणसभा पोखरामा सम्पन्न भएको छ । साधारणसभामा संघको वार्षिक प्रतिवेदन, आर्थिक विवरण, भावी योजना र महत्त्वपूर्ण प्रस्तावमाथि छलफल भएको थियो । संघका अध्यक्ष कालीबहादुर घर्तीमगरले नेपालका ६६ जिल्लामा हाप्किडो सक्रिय रहेको बताए । उनले हाप्किडो खेलको व्यवस्थित विकासका लागि वार्षिक योजना आएको जनाए । नेपाल हाप्किडो संघले नेपालका विभिन्न स्थानमा हाप्किडो खेललाई प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलाडी उत्पादन र खेल पूर्वाधार संरचनाको विकास गर्ने लक्ष्य राखेको जनाएको छ ।

भेट्रान पदक विजेता सम्मानित

काठमाडौं/ नेपाल मास्टर्स एथलिट संघले खुला अन्तर्राष्ट्रिय एथलेटिक्स प्रतियोगिताको विभिन्न उमेर समूहका पदक विजेता भेट्रान खेलाडीलाई आइतबार सम्मान गरेको छ । थाइल्यान्डको च्याङराईमा १३ देखि १६ फेब्रुअरीसम्म भएको प्रतियोगितामा नेपालले एक रजत र दुई कांस्य पदक जितेको थियो । कृष्णप्रसाद सिग्देलले पुरुष ५५-६० वर्षको लङजम्पमा रजत जितेका थिए । पुरुष ८०-८५ वर्षको १५ सय मिटर दौडमा गिर्वाणविक्रम शाह तथा ५५-६० वर्षको पाँच हजार मिटर दौडमा सुनील शाक्यले कांस्य जितेका थिए । पदक विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ र नेपाल मास्टर्स एथलिट संघका अध्यक्ष जिएन दाइ शर्माले सम्मानित गरेका हुन् ।

प्रशिक्षक पेपले स्विकारे सिटीको कमजोर प्रदर्शन



एजेन्सी

म्यानचेस्टर सिटी इंग्लिस प्रिमियर लिगको लगातार चारपटकको विजेता हो । प्रशिक्षक पेप ग्वार्डिओलाले पाँचौंपटक पनि सिटीलाई लिग च्याम्पियन बनाउने लक्ष्य राखेका थिए । तर, २०२४/०२५ को सिजनमा पेपको योजना भताभुंग भएको छ । लिग सकिन नौ खेल मात्र बाँकी छ । सिटी ४८ अंकका साथ पाँचौं स्थानमा छ । यस अवस्थाबाट सिटीलाई च्याम्पियन बनाउनु असम्भव छ । शीर्ष स्थानको लिभरपुलसँग सिटी २२ अंकले पछाडि छ । सन् २०१६ यता सिटीले शीर्ष स्थानमै रही लिग सकाएको छ । इस सिजनमा सिटीको प्रदर्शन नसोचेझैं रह्यो । युरोपियन च्याम्पियन्स लिगमा छनोट हुन कम्तीमा शीर्ष चारभित्र रहनुपर्छ । चौथो स्थानमा रहेको चेल्सीको ४९ अंक छ । तेस्रो स्थानमा रहेको नटिघंम फरेस्टको ५४ र दोस्रो स्थानको आर्सनलले ५८ अंक जोडेको छ । पेपले व्यावसायिक क्लबस्तरीय प्रशिक्षक सम्हालदेखि यो नै कमजोर प्रदर्शन हो । करिअरमा उनले कहिल्यै अफूले सम्हालेको क्लबलाई तेस्रो स्थानभन्दा तल झर्न दिएका थिएनन् । उनी प्रिमियर लिगमा कमजोर प्रदर्शन भएको स्विकार्छन् । 'यो सिजन करिअरकै सबैभन्दा झुरु प्रशिक्षण हो,' बिबिसीसँग कुराकानी गर्दै पेपले भने, 'प्रिमियर लिगमा यसपटक विपक्षीले फर्कने मौका नै दिएनन्, मेरो जिम्मेवारी सिटीलाई च्याम्पियन बनाउनु थियो, जसमा असफल भएँ ।'

लक्ष्य च्याम्पियन्स लिग

नयाँ सिजनका लागि अहिलेदेखि नै योजना बनाउन उनले व्यवस्थापक र खेलाडीलाई सुझाव दिएका छन् । '२०२४/०२५ को सिजनमा प्रदर्शन कमजोर रह्यो, अर्कोपटक उत्कृष्ट ढंगले अगाडि बढ्नुपर्छ,' उनले भने, 'यसमा सबै सम्बन्धित पक्षले विचार गर्नुपर्छ ।' यसपटक सिटीको उपाधि जित्ने सम्भावना एफए कप मात्र हो । पेपले सिटीलाई लगातार सातौंपटक एफए कपको क्वार्टरफाइनल पुऱ्याएका छन् ।

सिटीले सेमिफाइनल प्रवेशको खेलमा बर्नमाउथविरुद्ध खेल्नेछ । यद्यपि, सिटीलाई च्याम्पियन्स लिगमा छनोट गराउन एफए कपको विजेताभन्दा पनि प्रिमियर लिगको शीर्ष चार स्थान सहज हुने उनको भनाइ छ । 'एफए कप विजेताले च्याम्पियन्स लिग खेल्न पाउँछ, तर हामीलाई प्रिमियर लिगको शीर्ष चार स्थानमा रही छनोट हुने बाटो सहज देखिन्छ,' उनले भने, 'च्याम्पियन्स लिगमा छनोट हुने दुवै बाटो खुला छ ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com